चैत – २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क २४	२०७३, चैत १६–३१	पूर्णाङ्क ५९४

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा, सर्वोच्च अदालत	**- सदस्य**
नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ठगिन्द्र कट्टेल

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

वृहद पूर्ण इजलास	१
पूर्ण इजलास	२
संयुक्त इजलास	५
इजलास नं. १	४
इजलास नं. २	६
इजलास नं. ३	५
इजलास नं. ४	३
इजलास नं. ५	३
इजलास नं. ६	४
इजलास नं. ७	३
इजलास नं. ८	१
इजलास नं. ९	२
जम्मा	३९

इजलास नं. १०	८
इजलास नं. ११	२
इजलास नं. १२	४
इजलास नं. १३	३
इजलास नं. १४	३
इजलास नं. १५	३
इजलास नं. १६	१
इजलास नं. १७	२
इजलास नं. १८	२
एकल इजलास	१
जम्मा	२९

कूल जम्मा ३९ + २९ = ६८

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, चैत – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
वृहद पूर्ण इजलास			**१ - ५**
१.	उत्प्रेषण / परमादेश	नवराज सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	
पूर्ण इजलास			**५ - १५**
२.	अंश चलनसमेत	नाबालक रित्सु मिश्रको हकमा र आफ्नो हकमा समेत लक्ष्मिकुमारी मिश्र (श्रेष्ठ) वि. मखमली मिश्रसमेत	
३.	उत्प्रेषण / परमादेश	अधिवक्ता ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत	
संयुक्त इजलास			**१५ - २१**
४.	उत्प्रेषण / परमादेश	इन्दिरा चौधरीसमेत वि. नेपाल सरकार शिक्षा मन्त्रालयसमेत	
५.	सर्वेक्षण अनुमति खारेजी	हरिराम कोइराला वि. चन्द्रमणी बास्कोटा	
६.	खिचोला हक कायम	नेपालसिंह बस्नेत वि. मैया महर्जनसमेत	
७.	कर्तव्य ज्यान	बिन्दी सदा मुसहरसमेत वि. नेपाल सरकार	
इजलास नं.१			**२१ - २५**
८.	जबरजस्ती करणी	नेपाल सरकार वि. राजु यादव	
९.	लागु औषध नाइट्रोजन समेत	नेपाल सरकार वि. मोहन गुरूङसमेत	
१०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सूर्यबहादुर तामाङ	
११.	कर्तव्य ज्यान	देवीलाल वि.क. वि. नेपाल सरकार	
इजलास नं. २			**२५ - ३०**
१२.	लिखत बदर	राजेन्द्र साह सोनार वि. देवधारी बैठा	
१३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. शसि पुन	
१४.	कर्तव्य ज्यान	महेशप्रसाद जैसी वि. नेपाल सरकार	
१५.	सवारी ज्यान	नेपाल सरकार वि. रामबहादुर थापा	
१६.	गोदाम घरमा आगो लगाएको	नेपाल सरकार वि. विधानचन्द्र साहसमेत	
१७.	वैदेशिक रोजगार ठगी	विष्णुमाया राई वि. नेपाल सरकार	

इजलास नं. ३		**३० - ३४**
१८.	कर्तव्य ज्यान	भाइसिंह बराइलीसमेत वि. नेपाल सरकार
१९.	कर्तव्य ज्यान	सम्झना लिम्बू वि. नेपाल सरकार
२०.	कर्तव्य ज्यान	भिख्खु चौधरी वि. नेपाल सरकार
२१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. चतुरमान तामाङ
२२.	उत्प्रेषण	दलबहादुर श्रेष्ठ (छिमे) वि. पुनरावेदन अदालत, पाटनसमेत
इजलास नं. ४		**३४ - ३७**
२३.	मानव बेचबिखन तथा ओसारपसार	कमलबहादुर तामाङ वि. नेपाल सरकार
२४.	परमादेश	विभुतिनाथ मिश्रसमेत वि. विष्णुमाया श्रेष्ठ
२५.	उत्प्रेषण / परमादेश	प्रेमकुमार साह वि. राजदेव साह
इजलास नं. ५		**३७ - ३९**
२६.	उत्प्रेषण / परमादेश	चेतनारायण राय थारू वि. पुनरावेदन अदालत, बुटवलसमेत
२७.	बन्दी प्रत्यक्षीकरण	परशुराम कँडेल वि. पुनरावेदन अदालत, हेटौंडासमेत
२८.	कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग	सन्तबहादुर तामाङ वि. नेपाल सरकार
इजलास नं. ६		**३९ - ४४**
२९.	बन्दी प्रत्यक्षीकरण	प्रल्हाद राई वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत
३०.	कर्तव्य ज्यान	उषादेवी झा वि. नेपाल सरकार
३१.	कर्तव्य ज्यान	दीपक विश्वकर्मा वि. नेपाल सरकार
३२.	परमादेश	मदनकुमार राना वि. जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौंडासमेत
इजलास नं.७		**४४ - ४७**
३३.	वैदेशिक रोजगार	नेपाल सरकार वि. शान्ति आचार्य
३४.	कर्तव्य ज्यान	गोवर्धन सार्की वि. नेपाल सरकार
३५.	लागु औषध खैरो हेरोइन तथा नाइट्रेभेट ट्याब्लेट	रवि पौडेल वि. नेपाल सरकार

इजलास नं.८		**४७ - ४८**
३६.	उत्प्रेषण	रोशनकुमार झासमेत वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत
इजलास नं.९		**४८ - ५०**
३७.	उत्प्रेषण / परमादेश	विपीन बिहारी मिश्र भन्ने बच्चा मिश्र वि. मालपोत कार्यालय, बारा कलैयासमेत
३८.	अंश नामसारी	गाभा भन्ने खेदु वेलदारसमेत वि. तुफानी केवट
इजलास नं.१०		**५० - ५३**
३९.	किर्ते	बिस्ना ओझा वि. चन्द्रिका चन्दसमेत
४०.	उत्प्रेषण	वोच्पेयी मिश्र वि. अर्थ मन्त्रालयसमेत
४१.	लागु औषध हेरोइन	जितबहादुर तामाङ वि. नेपाल सरकार
४२.	उत्प्रेषण	देवबहादुर चन्द वि. महानगरीय सशस्त्र प्रहरी गण, नं. २ महाराजगन्ज, काठमाडौंसमेत
इजलास नं.११		**५३ - ५५**
४३.	मानव बेचबिखन तथा ओसार पसार	राजेन्द्र परियार वि. नेपाल सरकार
४४.	उत्प्रेषण / परमादेश	ईश्वरी सुवेदीसमेत वि. नेपाल सरकार
इजलास नं.१२		**५५ - ५८**
४५.	निषेधाज्ञा	देवी रेग्मी वि. जि.प्र.का. कलैया, बारासमेत
४६.	परमादेश	पुष्करमणि घिमिरे वि. नन्दलाल राय
४७.	उत्प्रेषण / परमादेश	दानबहादुर प्रजापति वि. क्रिएशन बचत तथा ऋण सहकारी संस्था लिमिटेड गोठाटारसमेत
४८.	कर्तव्य ज्यान	विक्कीप्रसाद साह कानु वि. नेपाल सरकार
इजलास नं.१३		**५८ - ६१**
४९.	कर्तव्य ज्यान	सुमित्रा कोइराला भण्डारी वि. नेपाल सरकार
५०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सद्दन शाही
५१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सुमित्रा विष्टसमेत
इजलास नं. १४		**६१ - ६२**
५२.	निर्णय दर्ता बदर दर्ता कायम	मालपोत कार्यालय, चैनपुर, संखुवासभा वि. झकबहादुर लिम्बू

इजलास नं. १५		**६२ - ६४**
५३.	मोही लगत कायम	सत्यदेवी विष्टसमेत वि. राधिकादेवी सापकोटा
५४.	लागु औषध खैरो हेरोइन	विनोद शाह कलवार वि. नेपाल सरकार
५५.	निषेधाज्ञा	रामप्रसाद महासेठसमेत वि. राकेशकुमार साह
इजलास नं. १६		**६४ - ६५**
५६.	उत्प्रेषण	हरिमान श्रेष्ठसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत
इजलास नं. १७		**६५ - ६७**
५७.	उत्प्रेषण / परमादेश	दिनेशकुमार महतो वि. सीता खत्रीसमेत
५८.	उत्प्रेषण / परमादेश	लक्ष्मण भण्डारी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत
इजलास नं. १८		**६७ - ६८**
५९.	उत्प्रेषण	सुनिल भट्टराई वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, रामशाहपथ, काठमाडौंसमेत
६०.	अंश	सक्टुराम धोबी वि. बाबादिन धोबी
एकल इजलास		**६८**
६१.	बन्दी प्रत्यक्षीकरण	दीपेस गमाल वि. महानगरीय प्रहरी वृत्त, तीनकुने, बानेश्वर, काठमाडौंसमेत

वृहद पूर्ण इजलास

स.प्र.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७३-WF-००२२, ००२१, ०७३-FN-७४६१, उत्प्रेषण / परमादेश, नवराज सिलवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, *अधिवक्ता कपिलदेव ढकाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, कपिलदेव ढकाल वि. मन्त्रिपरिषद् सचिवालयसमेत*

प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी अतिरिक्त महानिरीक्षकहरूमध्येबाट गर्नुपर्ने र प्रहरी अतिरिक्त महानिरीक्षकहरू नभएको अवस्थामा प्रहरी नायब महानिरीक्षकहरूमध्येबाट प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न सकिने देखियो । त्यसरी नियुक्ति गर्दाः (क) जेष्ठता (ख) कार्यकुशलता (ग) कार्यक्षमता (घ) उत्तरदायित्व बहन गर्नसक्ने क्षमता (ङ) नेतृत्व प्रदान गर्नसक्ने कुशलता, तथा (च) आफूभन्दा मुनीको प्रहरीलाई प्रोत्साहन र परिचालन गर्नसक्ने सामर्थ्य भएका व्यक्तिलाई नियुक्त गर्नुपर्ने गरी योग्यता निर्धारण गरिएको पाइयो । प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा कानूनद्वारा निर्धारित उल्लिखित छवटा योग्यताको वस्तुगत आधारमा परीक्षण गरिनु अनिवार्य देखिन्छ । उल्लिखित योग्यतामध्ये कुनै कुरालाई नहेर्न वा अनदेखा गर्न मिल्दैन । नियममा उल्लेख भएअनुसारका योग्यतासम्बन्धी समग्र पक्षमा विचार गरी वस्तुगत आधारमा निर्णय गरिएको छ भन्ने कुरा निर्णयसम्बन्धी अभिलेखबाट अभिव्यक्तरूपमा देखिनु पनि पर्दछ । यो केवल निर्णयकर्ताको आत्मगत सन्तुष्टि (Subjective Satisfaction) वा सामूहिक विवेक (Collective Wisdom) को विषय मात्र नहुने ।

प्रहरी महानिरीक्षक पदमा ***"नेपाल सरकारले उपयुक्त देखेको उम्मेदवारलाई"*** बढुवा गरिने कुरा प्रहरी नियमावली, २०७१ को नियम ४१ मा प्रस्ट र किटानीरूपमा उल्लेख भएको छ । शक्ति पृथकीकरणको सिद्धान्त र मान्यताअनुसार पनि सुरक्षा निकायका प्रमुखलगायतका पदाधिकारीहरूको नियुक्ति गर्ने कार्य सरकारको (कार्यकारिणीको) क्षेत्राधिकारभित्र पर्ने विषय देखिन्छ । यस कुरामा तर्कवितर्क गर्नुपर्ने वा द्विविधा हुनुपर्ने कुनै कारण देखिँदैन । निसन्देह: प्रहरी महानिरीक्षक पदमा नियुक्ति (बढुवा) गर्ने अधिकार नेपाल सरकारको हो । तर यो अधिकार प्रयोगका सीमाहरू छन् । सरकारलाई प्राप्त यो अधिकारको प्रयोग स्वेच्छाचारी र निरङ्कुश तवरबाट गर्न मिल्दैन । सरकारले आफ्नो अधिकारको प्रयोग गर्दा वस्तुगत आधारमा, न्यायोचितरूपमा, स्वच्छ र निष्पक्ष तवरबाट गर्नुपर्दछ । कुनै तथ्यगत विवरण नखुलाई अथवा कारणका लागि कारण खुलाई "उपयुक्त देखेको" भन्ने कुराको आडमा मनोवाञ्छित वा स्वेच्छाचारी तवरबाट निर्णय गर्न मिल्दैन । "उपयुक्त देखेको" भन्नुको तात्पर्य वस्तुगत आधार र कारणबाट "उपयुक्त देखेको" भन्ने हो । कुनै उचित, पर्याप्त आधार र कारण नखुलाई "उपयुक्त देखेको" भनी हचुवा, गोश्वारा र मनोगत एवम् मनोमानी तवरबाट निर्णय गरिएको कुराले मान्यता पाउन नसक्ने ।

बढुवाको कुरा सम्भावित उम्मेदवारहरूको हक र वैध अपेक्षा (Legitimate Expectation) को विषय पनि हो । यसका अतिरिक्त नियुक्तिको विषयलाई सुशासन (Good Governance), कानूनको शासन (Rule of Law), उत्तरदायी र सीमित सरकार (Accountable and Limited Government)

सम्बन्धी अवधारणाको सापेक्षतामा पनि हेरिनु पर्दछ । सरकारका प्रशासनिक निर्णयउपर न्यायिक परीक्षण गर्नमा निरङ्कुश र अधिनायकवादी शासन व्यवस्थामा मात्र बन्देज लगाइएको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा त्यस प्रकारको बन्देजको अवस्था कल्पना गर्न पनि सकिँदैन । यस्ता विषयहरू समेत सम्बोधन होस् भन्ने अभिप्रायले प्रहरी नियमावली, २०७१ को नियम ४१ मा नियुक्तिका आधारहरू उल्लेख भएका हुन् । प्रहरी संगठनमा "योग्य" मात्र नभएर "योग्यतम्" व्यक्तिबाट नेतृत्व प्रदान हुन सकोस् भन्ने उद्देश्य उक्त नियमावलीमा अन्तरनिहित रहेको छ । नियुक्ति गर्न पाउने सरकारको अधिकार कुनै सीमाबन्देजरहित पूर्ण-अधिकार (Absolute right) वा कुनै प्रश्न नै उठाउन नपाउने पूर्ण-उन्मुक्ति (Absolute privilege वा immunity) को विषय होइन । निर्णयले कानूनी मान्यता प्राप्त गर्नका लागि विधि र प्रक्रियाको पालना गरिएको तथा न्यायोचित परिणाम सुनिश्चित गरिएको देखिनु वाञ्छनीय हुन्छ । यस प्रकारका विधिसम्मत मान्यता र सम्बन्धित उम्मेदवारको वैध अपेक्षाका कुराहरूलाई नजरअन्दाज गरेर भएको निर्णयले वैधता प्राप्त गर्न नसक्ने ।

कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया प्रतिकूल भएका सरकारका निर्णय स्वभावत: न्यायिक परीक्षण र निरूपणको विषय बन्दछन् । विधि र प्रक्रियाका दृष्टिले त्रुटिपूर्ण देखिएका सरकारका काम-कारवाही तथा निर्णयउपर न्यायिक उपचार प्रदान गर्नु यस अदालतको नियमित तथा सामान्य कार्य प्रणालीअन्तर्गतको विषय हो । यसलाई अदालतको अधिकारको विषय मात्र नभएर संवैधानिक जिम्मेवारी र कर्तव्यको रूपमा समेत हेरिनु पर्दछ । अच्युतकृष्ण खरेलको रिट निवेदनका सन्दर्भमा यस अदालतबाट "प्रहरी महानिरीक्षकको पदमा नियुक्तिको निर्णय गर्दा हचुवा, मनोमानी र राजनीतिक उद्देश्य पूर्तिको लागि गरिन्छ भने त्यो निर्णय बद्नियतपूर्ण र कानूनी राज्यको अवधारणा प्रतिकूल हुन्छ" भनी सिद्धान्तसमेत कायम भएको छ । खासगरी यस प्रकारका निर्णयहरूको न्यायिक परीक्षण "illegality, irrationality, proportionality and procedural impropriety" का आधारमा गर्न सकिन्छ भन्ने विधिशास्त्रीहरूको मत रही आएको छ । तसर्थ नियुक्तिको निर्णय गर्न अधिकार पाएको निकाय (नेपाल सरकार, मन्त्रिपरिषद्) ले प्रयोग गरेको स्वविवेक वा बुद्धिमत्ता र निर्णयको अन्त्यमा प्रवेश गरी अदालतबाट योग्यताको परीक्षण गर्नु हुँदैन, त्यसो गर्दा सरकारको कार्यक्षेत्रमा हस्तक्षेप हुन जान्छ भनी विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको तर्क र बहस जिकिर मनासिब देखिन आएन ।

अब नियुक्तिका लागि तोकिएको योग्यता सम्बन्धमा विचार गर्दा प्रहरी नियमावली, २०७१ को नियम ४१ मा जेष्ठतालाई पहिलो सर्तको रूपमा उल्लेख गरिएको देखिन आउँदछ । यो "जेष्ठता" भन्ने शब्दलाई "वरिष्ठता" भन्ने अर्थमा पनि बुझ्नु पर्ने हुन्छ । उपलब्ध सम्भाव्य उम्मेदवारहरूमध्ये को जेष्ठ वा वरिष्ठ हो भन्ने कुरा अभिलेखबाट सहजरूपमा यकिन गर्न सकिने कुरा हो । स्थापित तथ्यबाट नै प्रस्ट देखिने वरिष्ठताको निरूपण गर्न अन्य आधार, कारण वा तर्कको सहारा लिई रहनु पर्ने आवश्यकता रहँदैन । प्रहरी महानिरीक्षक पदमा नियुक्तिका लागि जेष्ठता वा वरिष्ठताको खास महत्त्व रहन्छ । पदीय सोपानको सिद्धान्त (Doctrine of Hierarchy), नियन्त्रण प्रणाली (Chain of Command) जस्ता कुराको युक्तियुक्त व्यवस्थापनको लागि पनि सुरक्षा निकायहरूको उच्च पदमा नियुक्ति गर्दा जेष्ठता (वरिष्ठता) लाई प्राथमिकताका साथ महत्त्व दिनु पर्ने हुन्छ । जेष्ठता वा वरिष्ठतालाई कुनै उचित, पर्याप्त र मनासिब कारणको अभावमा अवमुल्यन गरियो भने

परिणामतः स्वेच्छाचारिता (Arbitrariness) ले प्रश्रय पाउने र सुरक्षा निकायको जनशक्ति व्यवस्थापनमा अनपेक्षित र अवाञ्छित प्रभाव बढ्ने सम्भावना रहन्छ । वरिष्ठतालाई स्थान दिनु प्रहरी संगठनको Chain of Command कायम राख्न पनि आवश्यक हुन्छ ।

मूल्याङ्कन गरिने तरिका वा आधार विविध प्रकारका हुन सक्दछन् । त्यसमध्ये प्रहरी नियमावली, २०७१ को नियम ३१ बमोजिम गरिएको कार्यसम्पादन मूल्याङ्कनलाई एक महत्त्वपूर्ण आधार (Indicator) को रूपमा लिइनु पर्दछ । प्रहरी नियमावली, २०७१ को नियम ४१ ले अन्य तहका प्रहरीको बढुवा गर्ने सम्बन्धमा तोकेका प्रक्रिया र मापदण्डभन्दा केही फरक पद्वति महानिरीक्षकको सम्बन्धमा निर्धारण गरेको देखिँदा अन्य तहमा बढुवा गर्दा विविध शीर्षकमा तोकिएबमोजिमको अङ्क-भार महानिरीक्षकको पदमा बढुवाका क्रममा गणना गरिनु पर्ने अवस्था नदेखिने ।

कानूनद्वारा निर्माण गरिएको संयन्त्रबाट भएको कार्यसम्पादन मूल्याङ्कनलाई एक महत्त्वपूर्ण आधारको रूपमा ग्रहण गर्नु कानूनको मर्यादा, प्रक्रियागत स्वच्छता र निर्णयमा निष्पक्षता कायम राख्ने दृष्टिले वाञ्छनीय देखिन्छ । यसलाई अनदेखा गरेर निर्णयकर्ताको आत्मगत सन्तुष्टिलाई मान्यता दिइयो भने स्वेच्छाचारिताले प्रश्रय पाउने अवस्था रहन्छ । स्वेच्छाचारिताको अवस्था न्यायिक दृष्टिले स्वीकार्य हुँदैन । त्यसैले प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा सम्भावित उम्मेदवारको जेष्ठता वा वरिष्ठता र कार्यसम्पादन मूल्याङ्कनको अवस्थातर्फ समुचित दृष्टि दिनु अनिवार्य देखिने ।

नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा सर्वोच्च अदालतले गरेका संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सबैले पालन गर्नुपर्नेछ भनी उल्लेख भएको छ । यस अदालतबाट विभिन्न विवादका सन्दर्भमा गरिएको व्याख्या र प्रतिपादित सिद्धान्तलाई बेवास्ता गरिएमा कानूनी राज्यको अवधारणालाई साकार पार्ने मान्यतालाई आत्मसात् गरी जारी भएको नेपालको संविधानको मुलभूत भावना, मान्यता र आदर्शप्रति कार्यान्वयनको प्रारम्भिक चरणमा नै अवमूल्यन र कुठाराघात गरेको हुन जान्छ । यसलाई वाञ्छित कुरा मान्न नसकिने ।

अन्य तहको बढुवा र महानिरीक्षक पदको बढुवा प्रक्रियामा केही भिन्नता अवश्य छन् । तर यसको तात्पर्य महानिरीक्षक पदमा बढुवा गर्दा कार्यसम्पादन मूल्याङ्कनको सान्दर्भिकता नै रहँदैन भन्ने पनि होइन । बढुवा, वृत्ति विकास वा अन्य यस्तै प्रयोजनका लागि कुनै सरोकार र प्रयोजन नै नरहने हो भने कार्यसम्पादन मूल्याङ्कन फाराम भरी रहनुपर्ने आवश्यकता पनि रहने थिएन । वार्षिकरूपमा गरिने कार्यसम्पादन मूल्याङ्कनबाहेक अन्य कुनै पनि माध्यमबाट प्रहरी अधिकृतहरूको कार्यसम्पादनको स्तर मूल्याङ्कन गर्ने गरिएको तथ्य मिसिल कागजातबाट देखिन आएन । यस अवस्थामा प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनलाई मुख्य निर्णायक आधार (Main Indicators) को रूपमा ग्रहण गर्नु आवश्यक र मनासिब देखिने ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३/११/१ मा भएको विवादित निर्णय हेर्दा सो निर्णयसम्बन्धी समस्त प्रक्रियामा कार्यसम्पादन मूल्याङ्कनका पक्षमा कुनै दृष्टि दिइएको पाइएन । जेष्ठता वा वरिष्ठता सम्बन्धमा पनि कुनै कुरा उल्लेख गरेको देखिएन । उल्लिखित दुवै पक्षमा सम्पूर्णरूपमा अन्देखा गरेको पाइयो । यसलाई कानूनअनुकूल र उचित मान्न नसकिने ।

कार्यसम्पादन मूल्याङ्कनमा पहिलो अर्थात् सबैभन्दा बढी अङ्क प्राप्त गरेका र वरिष्ठताको क्रममा समेत अग्रस्थानमा रहेका व्यक्तिलाई छाडेर वरिष्ठताको क्रममा तेस्रो र कार्यसम्पादन मूल्याङ्कनको आधारमा चौथो क्रममा रहेका व्यक्तिलाई बढुवा गर्नुबाट निर्णयकर्ताको स्वेच्छाचारिता प्रमाणित भएको देखिन्छ। यस अतिरिक्त शैक्षिक योग्यता, तालिमसमेत जयबहादुर चन्दको तुलनामा नवराज सिलवालकै माथिल्लो स्तरको अर्थात् बढी योग्यता देखिएको छ। प्राप्त पुरस्कार, विभूषण, प्रशंसा आदिका दृष्टिले समेत तुलनात्मकरूपमा नवराज सिलवालकै बढी रहेको कुरा पेस हुन आएको विवरणबाट देखिन आयो। यी कुराहरूलाई कार्यसम्पादनस्तर सूचक (Indicator) को रूपमा हेर्नुपर्ने।

निवेदक नवराज सिलवालमा प्रहरी नियमावली, २०७१ को नियम २९ अनुसारको बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने कुनै पनि अयोग्यता रहेको तथ्य कहीँ कतैबाट खुल्न आएको पाइएन। निजलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न नहुने कुनै पनि कारण यस अदालतमा पेस हुन आएका बढुवा / नियुक्तिसम्बन्धी फायलहरूमा उल्लेख भएको देखिँदैन। विपक्षीहरूबाट प्रस्तुत गरिएका लिखित जवाफहरूबाट समेत निज नवराज सिलवाललाई बढुवा गर्न नहुने वा गर्न नपर्ने कारण खुलाइएको पाइएन। यस अवस्थामा निज नवराज सिलवाललाई बढुवा नदिई प्रहरी नियमावली, २०७१ को नियम २१ बमोजिमको योग्यताक्रमसमेतका दृष्टिले पछिल्लो वरियताक्रममा रहेका तथा कार्यक्षमता मूल्याङ्कनसमेतका दृष्टिले पछिल्लो क्रममा रहेका व्यक्ति जयबहादुर चन्दलाई बढुवा गर्ने गरी भएको मन्त्रिपरिषद्को निर्णय त्रुटिपूर्ण र कानूनप्रतिकूल देखिन आउने।

सुरक्षा निकायका पदहरूमा बढुवा गर्दा, नियुक्ति गर्दा वा कुनै प्रकारको सुरक्षा जिम्मेवारी प्रदान गर्दा Chain of Command को स्थिति कायम रहने, यसमा कुनै प्रकारको गडबड पैदा नहुनेतर्फ सचेष्ट रहनु पर्ने मान्यता आमरूपमा प्रचलनमा रहेको पाइन्छ। यो Chain of Command कायम गर्ने एउटा महत्त्वपूर्ण प्रणालीको रूपमा वरिष्ठताको आधारमा अवसर दिने तथा जिम्मेवारी वा जवाफदेहिता बहन गराउने कुरालाई लिने गरिन्छ। यो स्थापित मान्यता प्रतिकूल सुरक्षा अधिकारीहरूको अन्यथा पजनी गरियो भने राज्यको सुरक्षा व्यवस्थापन खलबलिने सम्भावना रहन्छ, सुरक्षा व्यवस्थापन प्रभावकारी हुन सक्दैन। सुरक्षा व्यवस्थापन दुरूस्त र प्रभावकारी कायम राख्नु र त्यस प्रकारको अवस्था विद्यमान छ भन्ने विश्वास र भरोसा आम नागरिकमा दिलाउनु राज्यको कर्तव्य हो। प्रहरी संगठनको जनशक्ति व्यवस्थापन गर्दा अन्यथा कुनै उचित, पर्याप्त र मनासिब कारण विद्यमान नरहेको स्थितिमा वरिष्ठतालाई उपेक्षा गरियो भने यसबाट Chain of Command मा असर पर्न सक्दछ भन्ने पक्षमा पनि पर्याप्त दृष्टि दिनु वाञ्छनीय देखिने।

रिट निवेदकको वैध अपेक्षा (Legitimate expectation) अर्को महत्त्वपूर्ण पक्ष हो। लोकतान्त्रिक शासन व्यवस्थामा कानूनले तोकेका सर्त र मापदण्डको अधीनमा रही सार्वजनिक जवाफदेहिताको कुनै पनि पद प्राप्त गर्ने हक नागरिकमा रहेको हुन्छ। व्यक्तिको चाहना, क्षमता र योग्यताका आधारमा कुन पद कसले प्राप्त गर्दछ भन्ने कुराको निर्धारण हुने गर्दछ। खासगरी नियुक्ति वा बढुवाबाट पूर्ति हुने सार्वजनिक जवाफदेहिताको पद प्राप्त गर्ने कुरालाई कसैको कृपा, निगाह वा अनुकम्पाको विषयको रूपमा हेरिनु हुँदैन। यो सम्भावित उम्मेदवारको हक अधिकारको कुरा हो। मानिसले कुनै रोजगारी, पेसा वा व्यवसायको सुरूवात गर्दाको अवस्थामा नै भविष्यको लक्ष्य र गन्तव्यप्रति

पनि दृष्टि दिएको हुन्छ र तदनुसार आफ्नो यात्राको क्रम लक्ष्य वा गन्तव्यतर्फ अगाडि बढाएको हुन्छ । अनेक परिश्रम, त्याग, समर्पणबाट वैध तरिकाले एउटा चरणमा पुगेको व्यक्तिमा स्वभावतः केही वैध अपेक्षा पनि रहन्छन् । यस प्रकारका वैध अपेक्षालाई अकारण हठात्‌रूपमा अस्वीकार गर्नु उचित र विवेकसङ्गत ठहर्न नसक्ने ।

वरिष्ठता, अध्ययन, तालिम, पुरस्कार, विभूषण, जिम्मेवारी निर्वाह र कार्य सम्पादन मूल्याङ्कनसमेतका दृष्टिले हेर्दा निजलाई प्रहरी महानिरीक्षक पदको जिम्मेवारी दिन नहुने कुनै कारण देखिन आउँदैन । यस अवस्थामा निजले प्रहरी संगठनको महानिरीक्षक बन्ने अपेक्षा राख्नु स्वाभाविक छ । यसलाई निवेदकको "वैध अपेक्षा" मान्नु पर्दछ र सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्तिको यस प्रकारको वैध अपेक्षालाई न्यायोचितरूपमा सम्बोधन गर्नु सरकारको कर्तव्य बन्ने ।

अत: यसमा माथि उल्लेख गरिएका आधार र कारणसमेतबाट नेपाल प्रहरीको महानिरीक्षक पदमा श्री जयबहादुर चन्दलाई नियुक्त गर्ने गरी भएको नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।१ को निर्णय प्रहरी नियमावली, २०७१ को नियम ४१ तथा स्थापित न्यायिक मान्यताप्रतिकूल देखिएकाले उक्त मिति २०७३।११।१ को निर्णय तथा सोबमोजिम भए गरिएका कामकारवाही उत्प्रेषणको आदेशले बदर हुने ।

प्रहरी नियमावली, २०७१ को नियम २१ बमोजिम कायम गरिएको योग्यताक्रम, नियम २९ बमोजिमको अवस्था, नियम ३१ बमोजिम भएको कार्यसम्पादन मूल्याङ्कन, नियम ४१ मा तोकिएको योग्यता तथा ४१क. मा उल्लेख भएको प्रक्रियालगायतका प्रहरी नियमावलीमा रहेका समग्र प्रावधानहरूको समुचित परिपालना गरी न्यायका मान्य सिद्धान्त (Recognised Principles of Justice), सुरक्षा निकायको नियन्त्रण कडी (Chain of Command), रिट निवेदकको वैध अपेक्षा (Legitimate Expectation), सुशासनलगायत माथिका प्रकरणहरूमा उल्लेख भएका समग्र कुराहरू तर्फ न्यायोचितरूपमा दृष्टिगत गरी नेपाल प्रहरीका बहालवाला प्रहरी नायब महानिरीक्षकहरूमध्येका योग्यतम् तथा विगत चार आ.व. को कार्यसम्पादन मूल्याङ्कनमा प्रतिस्पर्धीहरूमध्ये औसत उच्चतम् अङ्कसमेत प्राप्त गरेका व्यक्तिलाई प्रहरी महानिरीक्षक पदमा तत्काल नियुक्त गर्नु गराउनु भनी विपक्षीमध्येका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयसमेतका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम् ।

पूर्ण इजलास

१

मा.न्या.श्री दीपकुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०६८-NF-०००९, अंश चलनसमेत, *नाबालक रित्सु मिश्रको हकमा र आफ्नो हकमा समेत लक्ष्मिकुमारी मिश्र (श्रेष्ठ) वि. मखमली मिश्रसमेत*

मतदाता परिचयपत्र, मतदाता नामावलीमा भएको पारिवारिक विवरण र सवारीचालक अनुमतिपत्रहरूबाट असर्फीलाल र रविशंकरबीचको नातासम्बन्ध रहेको देखिएको र एकआपसमा आफूहरूलाई बाबु छोराको रूपमा लामो समयदेखि आचरण र व्यवहारबाट स्वीकार गरेको देखिन्छ । ती

कागजातहरू सरकारी कार्यालयबाट जारी गरिएका वैधानिक कागजातहरू हुन् । यद्यपि तिनीहरूको प्रयोजन अलगअलग भए पनि ती कागजपत्रमा उल्लेख भएको नातासम्बन्ध देखिने विवरणहरू झुट्टा हुन् भन्ने आधार देखिन सकेको छैन । पेस भएका ती सबै कागजपत्रबाट प्रतिवादी रविशंकर मिश्र र असर्फीलाल भन्ने केदार मिश्र बाबु छोरा भनी उल्लेख हुनु संयोग मात्र हुन नसक्ने ।

निर्वाचन प्रयोजनका लागि खडा भएका कागजात मात्र नभई सवारी चालक अनुमतिपत्रमा पनि रविशंकरको बाबु असर्फीलाल भन्ने उल्लेख हुनु, निज रविशंकरले दिएको प्रतिउत्तर र बयानमा समेत बाबु केदार मिश्र भनी लेखिनु तथा विद्यालयको Exam Report Card मा Parents भनी स्वयम् असर्फीलालले सही गर्नु तथा DNA Profile को विवरण फाराम भर्दासमेत बाबुको नाम असर्फीलाल लेख्नुबाट मतदाता परिचयपत्र र मतदाता नामावली विवरणमा उल्लेख गरिएको व्यहोरा अन्य प्रमाणबाट पनि समर्थित भइरहेको अवस्था हुन जाने ।

प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (ग) मा कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नु पर्ने स्याहा, स्रेस्ता वा कागजपत्रमा उल्लिखित गरिएका कुराहरू सहीरूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त नातासम्बन्ध देखिने गरी सरकारी कार्यालयबाट आफ्नो कानूनबमोजिमको कार्य सम्पादन गर्ने क्रममा जारी भएका ती लिखत प्रमाणहरूलाई प्रतिवादी असर्फीलाल भन्ने केदार मिश्र र मखमली मिश्रले मौकामा वा हाल पनि चुनौती दिन सकेको वा बदर गराउन सकेको अवस्था छैन । यस्तो अवस्थामा उल्लिखित मतदाता परिचयपत्र, मतदाता नामावलीमा भएको पारिवारिक विवरण र सवारी चालक अनुमतिपत्रहरूमा उल्लिखित गरिएका कुराहरू सहीरूपमा उल्लेख गरिएका हुन् भनी अदालतले अनुमान गरी प्रमाणमा ग्रहण गर्नुपर्ने नै हुन आउने ।

प्रमाण ऐन, २०३१ को दफा ३४ को उपदफा १ मा कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बीचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन भन्ने कानूनी व्यवस्था रहेको छ । कसैले आफूसँग सम्बन्धित कुनै तथ्यलाई यस्तो हो, छ वा थियो भनी औपचारिकरूपमा कुनै अड्डा, अदालत वा सरकारी कार्यालयमा अभिलेख रहने गरी एकपटक व्यक्त गरी सोबाट फाइदा लिइसकेपछि आफूलाई नोक्सान वा बेफाइदा हुन्छ भन्ने मात्र आधारमा त्यस्तो व्यक्तिले पछि आफूले एकपटक व्यक्त गरिसकेको तथ्यबाट पछि हट्न नपाओस् वा त्यस्तो तथ्यलाई अस्वीकार गर्न नसकोस् र तथ्यमा स्थिरता कायम हुन सकोस् भनी प्रमाण कानूनमा विवन्धनको सिद्धान्त (Doctrine of estoppel) विकास भएको हो । यही सिद्धान्तलाई उक्त कानूनी व्यवस्थाले पनि स्वीकार गरेको मानिने ।

वादी र प्रतिवादी रविशंकर मिश्रबीच पति एवम् पिता नाता रहेको तथ्यमा विवाद नदेखिएको र प्रतिवादी रविशंकर मिश्रको बाबु आमा प्रतिवादीहरू असर्फीलाल भन्ने केदार मिश्र र मखमली मिश्र हुन् भन्ने पुष्टि भइरहेको अवस्थामा वादी र प्रतिवादी असर्फीलाल भन्ने केदार मिश्र एवम् मखमली मिश्रबीच बुहारी र सासू ससुराको नातासम्बन्ध रहेको मान्नुपर्ने नै हुन आयो ।

DNA परीक्षण सक्षम विशेषज्ञले गरी वास्तविक व्यक्तिको रगतको नमूना संकलन गरी कुनै प्रकारको

मिसावट (Contamination) नभएको रगतको नमूना निकालिएदेखि प्रयोगशालासम्म शङ्कारहित तवरले Chain of custody सुनिश्चित गरी वा प्राप्त गरी कुनै त्रुटि नगरी परीक्षण र निष्कर्ष निकालेमा यस्तो परीक्षणको निष्कर्ष विश्वसनीय र स्वीकार्य हुनेमा कुनै सन्देह गर्ने ठाउँ रहँदैन र यस्तो परीक्षणलाई अदालतले पनि प्रमाणको रूपमा ग्रहण गर्नु नै पर्ने।

DNA परीक्षणको वैज्ञानिक पद्धतिले विभिन्न मुद्दाको निराकरणको लागि ठूलो सहयोग गरेको अवस्था पनि छ र यो पद्धतिको उपयोग अदालतले गर्नु पनि पर्दछ तर DNA परीक्षणको आदेश गर्नुपूर्व अदालत अत्यन्त संवेदनशील हुनुपर्दछ । यदि मिसिल संलग्न अन्य ग्राह्य प्रमाणहरूले विवादित नाताको सन्देहरहित निष्कर्षमा पुग्न सकिने अवस्था छ वा प्रमाणमा पेस भएका अन्य मिसिलबाट प्रस्तुत मुद्दाको नातासम्बन्धी विवाद निराकरण भई अन्तिम भएर बसेको देखिन्छ वा नातामा विवाद उठाउने पक्ष आफ्नो विगतको कार्य वा आचरणले त्यस्तो विवाद उठाउन नपाउने गरी विवन्धित छ भने पक्षले DNA परीक्षणको माग गरेकै आधारमा DNA परीक्षण गर्ने आदेश गर्नु उपयुक्त हुँदैन । यस्तो अवस्थामा DNA परीक्षणको आदेश नदिँदा DNA को वैज्ञानिकतामा सन्देह गरेको मान्नुपर्ने भन्न पनि नमिल्ने।

मुद्दामा DNA को आदेश गर्नु पर्ने हो वा होइन भन्ने कुरा पक्षको अधिकारभन्दा पनि न्याय निरूपण गर्ने प्रयोजनका लागि अदालतको तजबिजी विषय हो। यस्तो अधिकारको प्रयोग गर्दा अदालतले समाजमा पर्न सक्ने सम्भावित असर र प्रभावलाई नजरअन्दाज गर्न नमिल्ने।

आफूले सानैदेखि पालनपोषण गरी हुर्काई बढाएको विवाद नपरेसम्म बीसौं वर्षदेखि आफ्नो सन्तानको रूपमा स्वीकार गरी आएको प्रतिवादीलाई अंशबाट वञ्चित गर्ने र आफूलाई फाइदा हुन्छ भन्ने उद्देश्यले सन्तानको रूपमा अस्वीकार गरेकै आधारमा अदालतले यथेष्ट औचित्य भएमा मात्र गर्नुपर्ने DNA परीक्षणको आदेश सहजै गरी दिने हो भने यसले लामो समयदेखि समाज र परिवारमा चली आएको स्वाभाविक, सामान्य र अपेक्षित व्यवहारमा उथलपुथल र विश्रृङ्खलता आई व्यक्तिको सामाजिक पहिचान नै गुम्न सक्ने स्थिति आउने पनि हुन सक्ने।

आफ्नो जैविक बाबु आमाको बारेमा जानकारीसम्म नहुने सानो उमेरदेखि आफूले छोरासरह पाली राखी, बढाएको / हुर्काएको मानिसलाई निज वयस्क भएपछि आफूले पनि सन्तानको रूपमा नस्वीकार्ने र कसको सन्तान हो भनी पहिचान पनि नगरी दिने हो भने यस्ता सन्तान पहिचानविहीन, सहाराविहीन र परित्यक्त पनि हुन जान सक्छन्। यस्तो अवस्थामा अदालत अग्रसर भई DNA परीक्षणको आदेश गर्न नमिल्ने।

वस्तुत: मिसिल संलग्न मतदाता परिचयपत्र, मतदाता नामावलीमा भएको पारिवारिक विवरण, सवारीचालक अनुमतिपत्र र विद्यालयको Examination Report Card लगायतका प्रमाणहरूको पृष्ठभूमिमा प्रतिवादी असर्फीलाल मिश्र प्रतिवादी रविशंकर मिश्रको पिता भएको देखिएकोमा सो कुरा होइन भनी जिकिर लिन निज प्रतिवादीहरू विवन्धित रहेको देखिएको छ । त्यसका अतिरिक्त निजहरूको बाबु छोराको जैविक सम्बन्ध पत्ता लगाउन DNA परीक्षणको माग प्रतिउत्तरपत्रमा नउठाई केवल पुनरावेदन तहमा मात्र माग दाबी लिइएको पाइन्छ । यस तथ्यगत अवस्थाको सेरोफेरोमा हेर्दा प्रतिवादीहरू वादीको अंश हक मेट्ने दुराशयले अभिप्रेरित भएको देखिन्छ भने सो मागबमोजिम DNA परीक्षणको आदेश गर्न आवश्यक नै नरहेको अवस्थामा DNA परीक्षणको

आदेश भएको देखिन्छ । यस अवस्थामा मिसिल संलग्न अन्य प्रमाणहरूको विपरीत निजहरूको बाबु छोराको जैविक सम्बन्ध नरहेको भन्ने प्रतिवेदनको आधारमा सुरू र पुनरावेदन तहबाट भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी रविशंकर मिश्रको नाममा सम्पत्ति देखिए निजबाट मात्र यी वादीले अंश पाउने र पुनरावेदक प्रतिवादी असर्फीलाल मिश्र भन्ने केदार मिश्र र मखमली मिश्रको सम्पत्तिबाट अंश पाउने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६७।१।२९ को फैसला मिलेको नदेखिँदा उक्त फैसलासँग सो हदसम्म सहमत हुनसक्ने अवस्था नहुने।

अत: उल्लिखित विवेचित आधार र प्रमाणबाट प्रतिवादी रविशंकर मिश्र प्रतिवादीहरू असर्फीलाल मिश्र भन्ने केदार मिश्र र मखमली मिश्रको अंशियार छोरा देखिएकाले यी वादीले प्रतिवादी रविशंकर मिश्र र प्रतिवादीहरू असर्फीलाल मिश्र भन्ने केदार मिश्र एवम् प्रतिवादी मखमली मिश्रबाट आफ्नो भागको अंश पाउने देखिएकाले प्रतिवादी रविशंकर मिश्रबाट मात्र अंश पाउने ठहर्‍याएको यस अदालत, संयुक्त इजलासको मिति २०६७।१।२९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल

इति संवत् २०७३ साल माघ ६ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७३-NF-०००३, उत्प्रेषण / परमादेश, *अधिवक्ता ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(क) मा उल्लेख भएबमोजिमको मुद्दामा भएको इन्साफमा तात्त्विक असर पर्ने किसिमको प्रमाण रहेको तथ्य विवादको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको कुरालाई पुनरावलोकन गर्ने आधारको रूपमा ग्रहण गरिएको देखिन आउँदछ । संयुक्त इजलासबाट सुनुवाइ गर्दाका क्रममा विपक्षी लोकमान सिंह कार्कीउपर रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनका सिलसिलामा भएका कारवाहीसम्बन्धी अभिलेख पेस हुन आएको देखिएन, सो सम्बन्धमा कुनै मूल्याङ्कन र विवेचना गरिएकोसमेत पाइएन । निलम्बन गरिएको, स्पष्टीकरण सोधिएको, सरूवा गरिएको र अन्ततः पदबाट बर्खास्त गर्न लोक सेवा आयोगको सहमतिका लागि लेखी पठाएकोसमेतका कुनै अभिलेख संयुक्त इजलासबाट सुनुवाइ हुँदा प्रमाणको रूपमा प्रस्तुत नभएको अवस्था देखिँदा अहिले प्रस्तुत हुन आएको उल्लिखित अभिलेखहरूलाई उक्त ऐनको दफा ११(१)(क) मा उल्लेख भएबमोजिमको प्रमाण मान्नु पर्ने अवस्था देखिने।

कानूनमा संशोधन, परिवर्तन भएमा त्यस्ता कानूनमा आधारित भएर प्रतिपादन गरिएका नजिर सिद्धान्तहरूको प्रभावकारीतासमेत घट्न वा अवस्थानुसार समाप्त हुन पुग्दछन् । यो विधिशास्त्रको सामान्य मान्यता र सिद्धान्त हो।

विवादित प्रश्न (तथ्यगत प्रश्न) र प्रयुक्त कानून समान वा मिल्दोजुल्दो भएमा त्यसलाई पछि हेरिने विवादको सन्दर्भमा नजिरको रूपमा अनुशरण गरिनुपर्ने हुन्छ। कानूनी स्थितिमा नै परिवर्तन आएको अवस्थामा पूर्ववर्ती (खारेज भइसकेको) कानूनमा आधारित भएर प्रतिपादन गरिएका नजिर सिद्धान्तहरू

बाध्यात्मक अनुशरणको विषय नबन्ने।

पुनरावलोकनको निस्सा वा अनुमति दिने कुरा प्रक्रियागत विषय पनि हो। यस अवस्थामा मुद्दाको समग्र पक्षमा विवेचना गरिने नभएर कानूनले तोकेको पूर्वावस्था विधमान छन् वा छैनन् भनी विचार गरी एउटा संक्षिप्त आदेश गरिन्छ। यही आदेशमा सीमित रहनुपर्दछ भनियो भने कतिपय ज्यादै महत्त्वपूर्ण प्रश्नहरू अनुत्तरित रहने मात्र नभएर मुद्दा किनारा गर्दा स्वाभाविकरूपमा गरिनु पर्ने विवेचनाको क्षेत्र (Scope) पनि संकुचित हुन पुग्दछ। कतिपय अवस्थामा यस्ता सीमा बन्देजका प्रावधानले पूर्ण न्याय गर्ने कुरामा समेत अवरोध पैदा गर्ने स्थिति रहन्छ। त्यसैले वर्तमान सन्दर्भमा पुनरावलोकनको माध्यमबाट मुद्दा किनारा गर्दा निस्सा वा अनुमति प्रदान गर्दा ग्रहण गरिएका आधारहरूमा मात्र सीमित रहनु पर्दछ भन्नु उचित देखिँदैन। विवादसम्बन्धी अन्य तथ्य र सम्बद्ध कानूनी प्रश्नहरूको निरूपण गर्न सकिने नै देखिने।

पुनरावेदन सुन्नु र पुनरावलोकनको माध्यमबाट सुनुवाइ गर्नु दुई फरक कुराहरू हुन्। पुनरावलोकन गर्ने अवस्था ज्यादै सीमित हुन्छन् र यसको प्रयोग पनि सीमित अवस्थामा मात्र हुन सक्दछ। मुद्दामा भएको इन्साफमा तात्त्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको वा नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला भएका जस्ता कारणबाट पैदा हुने दुष्परिणाम वा गम्भीर अन्याय वा न्यायमा गम्भीर विचलनको स्थिति कायम नरहोस् र भए गरिएका त्रुटि वा कमजोरीमा पद्धतिगत तवरबाट सुधार गर्न सकियोस् भन्ने अभिप्रायले सर्वोच्च अदालतलाई संविधान र कानूनले प्रदान गरेको पुनरावलोकनसम्बन्धी अधिकारको प्रयोग गर्दा विशेष संवेदनशीलता र सावधानीको आवश्यकता रहने।

संवैधानिक निकायमा गरिने नियुक्तिलाई केवल राजनीतिक विषय मान्न अथवा संवैधानिक, कानूनी वा न्यायिक निरूपणको मापदण्डभित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू सम्बन्धित विवाद मान्न सकिँदैन। विवादको प्रकृति हेर्दा पनि यो विवादको न्यायपालिकाबाहेक कार्यपालिका, व्यवस्थापिका वा अन्य कुनै निकायबाट प्रभावकारी किसिमले निरूपण हुनसक्ने अवस्था देखिँदैन। संवैधानिक पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिमा संविधानले तोकेबमोजिमको योग्यता छ वा छैन भनी न्यायिक निरूपणका लागि प्रस्तुत हुन आएको विवादको निरूपण न्यायपालिकाले नै गर्नुपर्ने।

राज्यको कुनै पदाधिकारीमा संविधानले तोकेको योग्यता छ वा छैन भन्ने प्रश्न न्याय निरूपणयोग्य विषय हो। यसप्रकारको विषयलाई राजनीतिक आवरण दिएर न्याय निरूपण गर्ने आफ्नो संवैधानिक दायित्वबाट पन्छिनु यस अदालतका लागि शोभनीय हुँदैन। विवादको प्रकृतिबाट यो विवाद यस अदालतबाट निरूपण गरिनु पर्ने उपयुक्त (justiciable) विवाद हो भन्ने कुरामा द्विविधा हुनुपर्ने कुनै मनासिब कारण देखिन नआउने।

सीमित राजनीतिक उद्देश्यले संस्थापित सल्लाहकार प्रकृतिको संस्थाको नामबाट "राष्ट्रिय मूल नीति" भनी कुनै सामान्य आलेख प्रकाशित भएकोसम्मको कारणबाट राजसभालाई लेखा, राजश्व, इञ्जिनियरिङ, कानून, विकास वा अनुसन्धानका क्षेत्रमा कार्य सम्पादन गर्ने निकायको रूपमा हेर्नु तर्कसङ्गत नदेखिने।

राजाको वंशीय परम्पराको निरन्तरता कायम राख्ने कुरालाई राजनीतिक वैधता प्रदान गर्ने प्रयोजनका लागि खडा गरिएको आधारभूतरूपमा राजनीतिक प्रकृतिको संस्था राजसभामा रही प्रशासनिक कार्य

हेर्ने उपसचिव पदमा रही कार्य गरेकोलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(५)(ग) को प्रयोजनका लागि "लेखा, राजश्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धान" का क्षेत्रमा काम गरी अनुभव हासिल गरेको भनी मान्न नमिल्ने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(५)(ग) मा उल्लेख गरिएअनुसारको क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको हुनु र राजप्रसाद सेवामा कार्य गरेको अवधि निजामती सेवामा जोडिनु एउटै कुरा होइन। यसको तात्पर्य, अर्थ र प्रयोजन तात्त्विकरूपमा नै फरक छ र यो फरक सामान्य समझबाट नै छुट्ट्याउन सकिन्छ । संविधानले "लेखा राजश्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा" काम गरी अनुभव प्राप्त गरेको हुनुपर्ने योग्यता तोकेको छ । यो वाक्यांश वा अभिव्यक्ति स्वयम्मा प्रस्ट छ । जुनसुकै समूह, उपसमूहमा भए पनि निजामती सेवामा काम गरेको अवधि जोडेर २० वर्ष पुगेका नियुक्तिका लागि योग्यता पुग्छ भन्ने अर्थ लगाइयो भने संविधानको अपव्याख्या हुनपुग्ने।

संविधानले प्रस्टरूपमा गरेको व्यवस्था प्रतिकूल हुने गरी तर्क र औचित्यका आधारमा अन्य सम्भावनाहरूको खोजी गर्नु र त्यसलाई मान्यता दिनुपर्दछ भन्नु मनासिब नहुने।

विपक्षी लोकमान सिंह कार्कीले राजप्रसाद सेवामा कार्य गरेको करिब ६ (छ) वर्षको अवधिलाई निजले सार्वजनिकक्षेत्रमा काम गरेको भनिएको जम्मा २४ वर्ष १ महिना १६ दिनबाट घटाउँदा (निजको राजप्रसाद सेवा अवधिबाहेकको कूल सेवा अवधि) करिब १८ वर्ष मात्र हुनजाने देखियो। यसका अतिरिक्त निजामती सेवामा सरूवा भई आएपछि निज सुरूमा विविध समूहमा रहेको, सुन पैठारीसम्बन्धी भ्रष्टाचारको अभियोगमा मुद्दा चलेपछि केही अवधि निलम्बनमा परेको, २०६२ सालको जनआन्दोलनपश्चात् निजलाई मुख्य सचिवको पदबाट निलम्बन गरिएको, कारवाही प्रक्रिया सुरू भएपछि राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदमा सरूवा गरिएकोमा सो स्थानमा हाजिर हुन नै नगएको, करिब दुई वर्ष छ महिना कुनै पनि कार्यालयमा हाजिर नभई अन्ततः राजीनामा गरी मिति २०६५।५/२५ देखि सेवा निवृत्त भएको अवस्थासमेत देखिन आयो। उल्लिखित अवस्थातर्फ समष्टिगतरूपमा दृष्टिगत गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(५)(ग) को प्रयोजनका लागि "लेखा, राजश्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको" भन्ने योग्यता निज लोकमान सिंह कार्कीमा रहेको देखिन नआउने।

उच्च नैतिक चरित्रको विद्यमानता "ख्याति" का लागि आवश्यक हुन्छ । अर्को शब्दमा भन्दा ख्याति प्राप्त गर्नका लागि अन्य कुराहरूका अतिरिक्त "उच्च नैतिक चरित्र" कायम राखिएको छ भन्ने पनि देखिनु पर्दछ। "ख्याति" वा "उच्च नैतिक चरित्र" पदेन आर्जन (Ex-Officio Achievement) हुँदैन । राज्य संयन्त्रको कुनै उच्च पदमा आसिन हुनु स्वयम्मा "ख्याति" वा "उच्च नैतिक चरित्र" को अन्तिम निर्णायक मापन आधार हुन पनि सक्तैन। कुनै पदमा रहेर वा नरहेर पनि राष्ट्रिय जीवनमा ख्याति आर्जन गर्न सकिन्छ । अर्कोतर्फ राज्यको कुनै उच्च वा विशेष जिम्मेवारीको पदमा रहेको भएपनि कुनै व्यक्तिको सम्बन्धमा बदनामी र समाजको नजरमा विकृत छवी वा व्यक्तित्व कायम हुन पुगेको पनि हुन सक्तछ। तसर्थ ख्याति प्राप्त गरेको कुराको निर्धारण गरिएका सत्कर्मका आधारमा गरिनु पर्ने।

सामान्य अर्थमा भन्नु पर्दा सदाचार, निष्ठा, इमान्दारिता तथा अनुशासनको पालना गरी राष्ट्रिय

जीवनमा ख्याति आर्जन गरिएको अवस्थालाई "उच्च नैतिक चरित्र" भन्नुपर्ने हुन्छ । सामाजिकरूपमा तथा व्यावसायिक कर्तव्य निर्वाहको कुरामा सामान्य समझको मानिस (Person of Common Prudence) को दृष्टिमा चरित्र निन्दनीय छैन भन्ने कुरालाई पनि "उच्च नैतिक चरित्र" निर्धारण गर्ने आधार मान्न सकिन्छ । तथापि, यो यति कुरा भयो भने उच्च नैतिक चरित्र प्रमाणित हुन्छ भनी सबै अवस्थाहरूलाई समेटी सूचिकृत गर्नु व्यवहारिक र सम्भव हुँदैन । विवादित (सान्दर्भिक) तथ्यहरूको सापेक्षतामा यो प्रश्नको निरूपण गरिनुपर्ने हुन्छ । कतिपय अवस्थामा यसलाई नकारात्मकरूपमा परिभाषित (Negative definition) गरी सन्दर्भअनुसार निर्क्योल गर्नुपर्ने अवस्था रहने ।

वस्तुत: "उच्च नैतिक चरित्र" वा "ख्याति" कसैले प्रमाणपत्र दिएर पुष्टि हुने कुरा होइन, न त यसका लागि कुनै कानूनी कारवाही वा मुद्दा चली ठहर गरिएको अवस्था हुनु आवश्यक हुन्छ । चरित्रसम्बन्धी अभियोग लागेको, कारवाही चली फैसला भएको जस्ता कुरालाई नै "उच्च नैतिक चरित्र" परीक्षण गर्ने एक मात्र निर्णायक आधार ठानिनु तर्कसङ्गत हुँदैन । कसैलाई "चरित्रहीन" वा “नैतिक पतन भएको” ठान्नका लागि सो कुरा कानूनीरूपमा निरूपण भएको हुन पर्ने स्थिति रहन सक्तछ । तर "उच्च नैतिक चरित्र" कायम हुन तत्सम्बन्धमा कानूनी कारवाही वा फैसला भएको अवस्था नै हुनुपर्छ भनी ठान्नु वस्तुवादी दृष्टिकोण हुँदैन । नैतिक चरित्र एक गतिशील सामाजिक अवधारणाको विषय भएकाले यसलाई विविध सामाजिक सन्दर्भमा मूल्याङ्कन गरिनु आवश्यक हुने ।

जाँचबुझ आयोगको प्रतिवेदनलाई कार्यान्वयनमा लैजानेतर्फ उचित कानूनी प्रक्रिया नअपनाई यसलाई केवल अभिलेखालयको सजावटको विषय मात्रै बनाउने हो भने आयोग गठनको उद्देश्य परास्त हुन जान्छ, आयोग गठनको माध्यमबाट न्याय प्राप्त हुने पीडितहरूको वैध अपेक्षामा तुषारापात भई सरकारप्रति वितृष्णा पैदा हुन जान्छ, आयोग जनतालाई झुक्याउने देखावटी माध्यम बन्न पुग्दछ र अन्ततः विधायिकाद्वारा निर्मित जाँचबुझ आयोग ऐन, २०२६ को प्रयोजन नरही विधिको शासनप्रतिको भरोसा कमजोर हुने स्थितिसमेत रहन्छ । यस्तो स्थिति देखा पर्नु कुनै पनि लोकतान्त्रिक र उत्तरदायी शासन प्रणालीका लागि शोभनीय हुँदैन । त्यसैले आयोगको प्रतिवेदन कार्यान्वयनको विषयलाई कानूनी बाध्यताको विषयभन्दा सुशासन कायम गर्ने विषयसँग सम्बन्धित लोकतान्त्रिक उत्तरदायित्वको रूपमा बुझ्नु आवश्यक देखिने ।

विपक्षी लोकमान सिंह कार्कीउपर रायमाझी आयोगले मानव अधिकारको उलङ्घन गरेको, सरकारी स्रोत साधन र शक्तिको दुरूपयोग गरेको भनी दोषीको रूपमा औंल्याई निजामती सेवा ऐन, २०४९ को दफा ६१ बमोजिम सजाय हुनुपर्ने भनी दिएको प्रतिवेदन कार्यान्वयन प्रक्रिया अन्तिम चरणमा रहेको स्थितिमा निजले राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदबाट राजीनामा दिई पदबाट अवकाश लिएकोसम्म देखियो । निजउपर आयोगको प्रतिवेदनमा लगाइएको दोष वा खडा भएका प्रश्नहरूको निरूपण भई निजलाई निर्दोष ठहर गरिएको स्थिति देखिन आएन । यसरी कानूनबमोजिम खडा भएको आयोगको प्रतिवेदनमा दोषी भनी किटान गरिएका व्यक्तिलाई अन्यथा प्रमाणित नभएसम्म "उच्च नैतिक चरित्र" भएको व्यक्ति वा "ख्याति प्राप्त व्यक्ति" भनी मान्न मिल्ने नदेखिने ।

पद र शक्तिको दुरूपयोग, मानव अधिकार हनन् गरेको भन्ने अवस्था कुनै पनि पद वा तहका राष्ट्र सेवकका लागि वाञ्छित कुरा देखिँदैन । पद र

शक्तिको दुरूपयोग गरी मानव अधिकारको उल्लङ्घन गरेको भनी कानूनबमोजिम गठित आयोगले प्रतिवेदन दिएको हुनु, बहाल रहेको मुख्य सचिवको पदबाट हटाई राष्ट्रिय योजना आयोगमा तदर्थ व्यवस्था मिलाई सरूवा गरिनु, निलम्बन गरिनु, पदबाट बर्खास्त गर्ने प्रक्रिया अपनाइनु, स्पष्टीकरण सोधिनु र दोस्रो पटक स्पष्टीकरण नै पेस नगरी म्याद गुजार्नु, सरूवा भएको कार्यालयमा हाजिर हुन भनी सार्वजनिक सूचना जारी गर्दासमेत हाजिर हुन नजानु जस्ता कुराहरूबाट निजको स्वाभाविकरूपमा रहने ख्यातिमा असामान्य क्षयीकरण हुन पुगेको देखिन्छ । यसबाट "उच्च नैतिक चरित्र" मा समेत गम्भीर प्रश्न खडा भएको छ । निजामती सेवातर्फको उच्चतम पदमा पुगेको व्यक्तिबाट यस प्रकारको व्यवहार देखिनु अस्वाभाविक कुरा हो । पदीय जिम्मेवारी प्रतिकूलका यस प्रकारको आचरण र व्यवहारबाट अनुशासनका सीमा र मर्यादाहरू भत्किन पुग्दछन्, सुशासनको अभिष्ट पूरा हुँदैन । यस अवस्थामा तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५)(ग) र (ङ) मा उल्लेख भएअनुसारको "ख्याति" र "उच्च नैतिक चरित्र" सम्बन्धी योग्यता विपक्षीमध्येका लोकमान सिंह कार्कीमा रहेको थियो भनी मान्न नमिल्ने ।

निसन्देहः कुनै व्यक्तिउपर लगाइएको अभियोग प्रमाणित नभएसम्म निजलाई दोषी मान्न मिल्दैन । यो फौजदारी न्यायको सर्वमान्य सिद्धान्त र संविधानद्वारा प्रदत न्यायसम्बन्धी हकको विषय पनि हो । न्यायिक प्रक्रियाबाट प्रमाणित नभएसम्म कसैलाई पनि दोषी वा कसुरदार मान्न हुँदैन । यस हदमा उल्लिखित तर्कसँग विमती राख्नुपर्ने कुनै कारण छैन । तर प्रस्तुत विवादको प्रसङ्ग दोषी ठहर भएको अवस्था छ वा छैन भन्ने होइन । कसुर ठहर हुनु र उच्च नैतिक चरित्र कायम हुनु एउटै वा उस्तै कुरा होइनन् । कसुर ठहर हुनका लागि अभियोजन लगाइएको र न्यायिक प्रक्रियाबाट कसुरको निरूपण भएको हुनु आवश्यक हुन्छ । उच्च नैतिक चरित्रसम्बन्धी प्रश्न अभियोजन र न्यायिक प्रक्रियाबाट मात्र निरूपण हुने विषय देखिँदैन । केही अवस्थामा "नैतिक पतन देखिने अवस्थाको" निर्धारण न्यायिक प्रक्रियाबाट हुन सक्दछ । तर सामान्यतयाः फौजदारी न्याय प्रक्रियाबाट "उच्च नैतिक चरित्र" भएको भनी ठहर गरिरहनु पर्ने स्थिति वा अवस्था नै रहँदैन । कसैको नैतिक चरित्र "उच्च" छैन भन्नु र कुनै कसुरको "दोषी" भन्नु फरकफरक कुरा हुन् । कुनै व्यक्तिमा उच्च नैतिक चरित्रको अभाव कायम रहन सक्दछ, तर निज "कसुरदार" नहुन पनि सक्ने ।

"उच्च नैतिक चरित्र" को विषय मूलतः सामाजिक मान्यता, सन्दर्भ र परिस्थितिसँग जोडिएको विषय देखिन्छ भने "कसुर" मूलतः फौजदारी कानून उल्लङ्घनको विषय देखिन्छ । यी दुई भिन्न-भिन्न कुरालाई समानार्थी अभिव्यक्तिको रूपमा हेर्नु, बुझ्नु वा ग्रहण गर्नु तर्कपूर्ण हुँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(५)(ङ) बमोजिम "उच्च नैतिक चरित्र" भएको वा नभएको प्रमाणित हुनका लागि धारा २४(५) बमोजिम कसुर प्रमाणित हुनुपर्दछ भनी यसलाई पूर्वसर्तको रूपमा हेर्नु र अर्थ लगाउनु मनासिब नदेखिने ।

वस्तुतः फौजदारी विवादमा अमुक कसुर ठहर हुन्छ वा हुँदैन भनी निरूपण गरिन्छ, व्यक्तिको नैतिकस्तरको निर्धारण गर्ने अवस्था रहँदैन । विषय र प्रसङ्गअनुसार सापेक्षिकरूपमा सामाजिक सन्दर्भमा नैतिक चरित्रसम्बन्धी कुराहरूको निर्धारण गर्नुपर्ने अवस्था रहने ।

रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनको प्रक्रिया मिति २०६३।१२।१ को

मन्त्रिपरिषद्को निर्णयबाट प्रारम्भ भएको र २०६५ साल आश्विनको मन्त्रिपरिषद्को निर्णयअनुसार २०६५।५।२५ देखि राजीनामा स्वीकृत भई निज लोकमान सिंह कार्की सेवा निवृत्त भएपछि कारवाही प्रक्रिया कुनै तार्किक निष्कर्षमा नपुग्दै रोकिन पुगेको देखिन्छ। सरकारको मुख्य सचिव भइसकेका व्यक्तिलाई उपरोक्तअनुसार दोस्रो पटक स्पष्टीकरण सोधिएको र अन्य विविध कारवाही प्रक्रिया अपनाइएको कुरा थाहा थिएन होला भनी मान्न सकिँदैन। तसर्थ "स्पष्टीकरण दिए उप्रान्त सो स्पष्टीकरणमा चित्त बुझी थप कुनै कारवाही नभएको" भनी निजले उल्लेख गरेको तथ्य यथार्थपरक नदेखिने।

संवैधानिक परिषद्मा पेस गरेको आफ्नो वैयक्तिक विवरणमा निज लोकमान सिंह कार्कीले आफूउपर भ्रष्टाचारसम्बन्धी मुद्दा चलेको सन्दर्भलगायत रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा भएका काम कारवाही तथा सफाइ पेस गर्न स्पष्टीकरण सोधिएको विषयमा कुनै कुरा उल्लेख गरेको देखिएन। वैयक्तिक विवरणमा उल्लेख नगर्दा पनि हुने यो कुनै सामान्य विवरण होइन। नैतिक चरित्र र ख्यातिको कुरासँग प्रत्यक्ष सम्बन्ध राख्ने यस प्रकारका विवरण प्रकट नगर्नु शोभनीय कुरा मान्न सकिँदैन। आफ्नो योग्यतासँग सम्बन्धित महत्त्वपूर्ण विवरण प्रकट नगरेको कारणबाट निजले सत्यतथ्य व्यहोरा प्रकट नगरी लुकाएको भन्नुपर्ने अवस्थासमेत देखिन आउने।

लोकमान सिंह कार्कीले राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदबाट दिएको राजीनामा वि.सं. २०६५।५।२५ देखि लागू हुने गरी स्वीकृत भएको तथ्यमा कुनै विवाद छैन। तदनुसार निजले सन् २००८ सेप्टेम्बर १० का दिन राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदबाट अवकाश प्राप्त गरेको देखिन्छ। तर निजले संवैधानिक परिषद्मा पेस गरेको आफ्नो "कार्य अनुभवको विवरणमा" मुख्य सचिवको पदमा "इ.सं. अप्रिल, २००६ देखि २००९ सम्म" (काम गरेको) भनी उल्लेख गरेको देखियो। राष्ट्रिय योजना आयोगको मुख्य अधिकृत पदमा सरूवा भएको सन्दर्भ नै विवरणमा खुलाएको पाइएन। सन् २००८ मा नै अवकाश पाएका व्यक्तिले सन् २००९ सम्म काम गरेको भनी देखाउनु उचित थिएन। यसप्रकार निजले पेस गरेको विवरण स्पष्टतः अपूर्ण र गलत देखिने।

वस्तुत: नियुक्तिका लागि सिफारिस गर्ने निकायले प्रयोग गर्ने बुद्धिमत्ता वा स्वविवेकका कतिपय पक्ष न्यायिक परीक्षणयोग्य विषय नबन्न पनि सक्दछन्। सिफारिसकर्ता निकायको स्वविवेकका केही वाञ्छित वा स्वीकृत क्षेत्रहरू (Margin of Appreciation) रहन्छ। स्वविवेकीय वा तजबिजी अधिकार प्रयोग भएको स्थितिमा निर्णयमा उल्लेख भएका आधार र कारणको पर्याप्तता वा अपर्याप्तताको न्यायिक परीक्षण गर्ने क्षेत्र केही सीमित र सङ्कुचित हुन सक्दछन्। तर गरिएको निर्णयमा आधार र कारण खुलाइएको छ वा छैन र यसरी खुलाइएको कुराबाट सम्बन्धित व्यक्तिको योग्यता वा अयोग्यतालाई वस्तुगतरूपमा प्रतिबिम्बित गर्दछ वा गर्दैन भन्ने कुरा स्वभावतः न्यायिक परीक्षणको विषय बन्ने।

सिफारिस गर्ने निकायले आफ्नो बुद्धिमत्ता र सद्विवेक वस्तुगतरूपमा प्रयोग गरेको छ भन्ने कुरा गरिएको निर्णय व्यहोरा र निर्णय प्रक्रियाबाट पनि देखिनु पर्दछ। अन्यथा बुद्धिमत्ता प्रयोग गरेको भन्ने कुराको आडमा स्वेच्छाचारिताले प्रश्रय पाउने खतरा रहन्छ। स्वेच्छाचारितालाई अदालतले मान्यता दिनु हुँदैन, त्यसमा नियन्त्रण कायम गर्नु वाञ्छनीय हुन्छ। यो नै न्यायिक कार्यको धर्म पनि हो, मर्म पनि हुने।

लोकतान्त्रिक मूल्य मान्यता, कानूनको शासन, संविधानवाद आदिका दृष्टिले हेर्दा राज्यका सबै

काम कारवाही र क्रियाकलापको मापन आधार भनेको संविधान नै हो। राजनीतिक गतिविधि, क्रियाकलापसमेत संविधानको दायराभित्र अर्थात् संविधानअन्तर्गत रहेर नै सञ्चालित हुनुपर्दछ । संविधानले निर्धारण गरेको सीमारेखाभन्दा बाहिरका राजनीतिक सहमतिले वैधानिक मान्यता प्राप्त गर्न सक्दैनन् । लोकतान्त्रिक शासन व्यवस्था र संविधानवादको मान्यताअनुसार संविधानअनुसार राजनीति निर्देशित र सञ्चालित हुनुपर्दछ: संविधानभन्दा बाहिर गएर राजनीति सञ्चालित हुन नसक्ने।

माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५)(ग) बमोजिमको "लेखा, राजश्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको" भन्ने योग्यता विपक्षी लोकमान सिंह कार्कीमा रहेको देखिएन; धारा ११९ को उपधारा (५)(ङ) बमोजिमको "उच्च नैतिक चरित्र कायम भएको" पनि पाइएन; निजले प्रमुख आयुक्त पदमा नियुक्त हुनका लागि विवरण पेस गर्दा झुट्टा विवरण पेस गरेको र अयोग्यतासम्बन्धी वास्तविक विवरण उल्लेख नगरी लुकाएकोसमेत देखिन आयो। संवैधानिक परिषद्बाट सिफारिस गर्दा नेपालको अन्तरिम संविधानको धारा ११९ को उपधारा (५) तथा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ५ को उपदफा (२) बमोजिमको योग्यता निजमा रहेको छ वा छैन भन्ने सम्बन्धमा वस्तुगत तथ्यहरू परीक्षण नगरी हचुवा र स्वेच्छाचारी तवरबाट सिफारिस गरिएको देखियो । यस अवस्थामा भएको निजको नियुक्तिलाई संविधान एवम् कानूनअनुकूल मान्न नमिल्ने।

तसर्थ रिट निवेदन खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।६।८ मा भएको निर्णय उल्टी हुन्छ र तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ को उपधारा (५) को देहाय (ग) र (ङ) बमोजिमको योग्यता नभएको व्यक्ति श्री लोकमान सिंह कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा नियुक्ति गर्न सिफारिस गर्ने गरी भएको संवैधानिक परिषद्को मिति २०७०।१।२२ को निर्णय, सो सिफारिसबमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७०।१।२५ मा गरिएको नियुक्ति, सम्माननीय प्रधानन्यायाधीशबाट निज लोकमान सिंह कार्कीलाई गराइएको प्रमुख आयुक्त पदको सपथलगायत निजलाई नियुक्ति गर्दाका सन्दर्भमा भएका कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने।

सार्वजनिक प्रशासनको क्षेत्रमा प्रचलित "उपयुक्त ठाउँमा उपयुक्त मानिस" ("Right person in right place") भन्ने सुत्र संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिका सन्दर्भमा पनि मननयोग्य छ । पदीय जिम्मेवारीअनुसारको योग्यता र क्षमता वस्तुगत आधारमा यकिन गरेर मात्र योग्यतम व्यक्तिलाई संवैधानिक अङ्गको पदाधिकारीको पदमा नियुक्त गरिनु वाञ्छनीय देखिन्छ । योग्यता नै नपुगेका व्यक्तिलाई संवैधानिक पदाधिकारीको पदमा स्वेच्छाचारी तवरबाट नियुक्त गरिएमा संविधानको उल्लङ्घन हुन पुग्ने।

अतः माथि उल्लेख गरिएका कुराहरूतर्फ समुचित दृष्टि दिई यो आदेशको परिणामस्वरूप रिक्त रहन पुगेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा हाल प्रचलित नेपालको संविधानको धारा २३८ तथा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई नियुक्तिका लागि

सिफारिस गरी नियुक्त गर्नु गराउनु भनी विपक्षीमध्येका संवैधानिक परिषद् तथा सम्माननीय राष्ट्रपतिको कार्यालयका नाउँमा परमादेशसमेत जारी हुने ।

म्याद तामेलीको अवस्थामा विपक्षी लोकमान सिंह कार्की स्वयम् उपस्थित भई बाधा विरोध गरेको भन्ने उजुरी व्यहोरा देखिन आएन । म्याद तामेलीको अवस्थामा निज विदेशमा रहेको भन्ने तथ्य निजले पेस गरेको लिखित जवाफमा उल्लेख भएको पाइयो । निजको अह्रोट मानेर अन्य व्यक्तिले कार्य गरेको भन्ने पनि तथ्ययुक्तरूपमा पुष्टि भएको देखिन आएन । अर्का विपक्षी प्रमोदकुमार कार्की संयोगवश मात्र सो म्याद तामेली गर्ने स्थानमा पुगेको भन्ने निजको जिकिर रहेको पाइयो । निजले तामेली कार्यमा बाधा विरोध गरेको भन्ने विश्वास गर्न सकिनेसम्मको अवस्था उजुरी निवेदन एवम् प्रतिवेदनबाट समेत देखिन आएन । तसर्थ लोकमान सिंह कार्की र प्रमोदकुमार कार्कीलाई अ.बं. १११ नं. बमोजिम कुनै सजाय गरी रहनु नपर्ने ।

अदालतबाट जारी गरिएको म्याद सूचना नियमित र सहज तवरबाट तामेल गर्नु, गराउनु सम्बन्धित कर्मचारीलगायत स्थानीय मानिसहरूको समेत कर्तव्य बन्दछ । म्याद तामेली कार्यमा बाधा अवरोध गराइएमा न्यायिक कामकारवाहीमा अनुचित अवरोध पैदा हुन जान्छ । त्यस प्रकारको क्रियाकलाप मान्य र स्वीकार्य हुन सक्दैन । न्यायिक काम कारवाहीमा सदैव कानूनपरायणताको अपेक्षा रहने गर्दछ । यस प्रतिकूलका कार्य र व्यवहारप्रति शून्य सहनशीलताको दृष्टिकोण अपनाउनु यस अदालतको पनि कर्तव्य बन्दछ । तसर्थ विपक्षीहरूबाट भए गरिएका काम कारवाही, प्रदर्शित क्रियाकलाप कानून प्रतिकूलका देखिन आएकाले विपक्षीहरू शम्भुबहादुर खत्री, सरिता राई, भेषराज अर्याल, नकुलराज गौतम र प्रवल थापालाई मुलुकी ऐन, अ.बं. १११ नं. बमोजिम जनही रू.१,०००।- (एक हजार) जरिवाना हुने ठहर्छ । साथै, निजहरूमध्येका तामेलदार शम्भुबहादुर खत्री, वडा कार्यालयका सचिव सरिता राई र सब इन्स्पेक्टर नकुलराज गौतमले कानूनबमोजिमको कर्तव्य पालना नगरी न्यायिक प्रक्रियामा अवरोध गर्ने कार्य गरेको, निजहरूको पदीय दायित्वका दृष्टिले कसुरको मात्रा थप गम्भीर रहेको देखिएको हुँदा निजहरू तीन जनाउपर सेवा सम्बन्धित कानूनबमोजिम आवश्यक विभागीय कारवाही गर्न सम्बन्धित अख्तियारवालाहरू समक्ष लेखी पठाइदिने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल र ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना र विकेश गुरागाईं

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम् ।

संयुक्त इजलास

१

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-WO-०२७३, उत्प्रेषण / परमादेश, *इन्दिरा चौधरीसमेत वि. नेपाल सरकार शिक्षा मन्त्रालयसमेत*

चिकित्सकको कार्य प्रत्यक्षरूपमा मानव स्वास्थ्यसँग सम्बन्धित हुने एवम् नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्वअन्तर्गत पर्ने देखिन्छ । यस्तो संवेदनशील पेसाकर्मीको कार्यदक्षता र ज्ञानलाई निजको शैक्षिक योग्यतासमेतले निर्देशित गर्ने हुन्छ । विदेश स्थित विश्वविद्यालयमा चिकित्सा शास्त्र अध्ययन गर्न चाहने विद्यार्थीहरूले नेपालमा प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्ने

भनी नेपाल मेडिकल काउन्सिलले तोकेको सर्तले योग्य व्यक्तिलाई भर्ना हुन निषेध नगरी अयोग्य व्यक्तिलाई मात्र भर्ना हुन रोक्ने हुनाले यसले गुणस्तरीय चिकित्सक उत्पादन हुने कुरालाई सुनिश्चित गर्ने देखिन्छ। Para-Medical अध्ययन गर्ने विद्यार्थीलाई मात्र वञ्चित गर्ने नियत राखी सर्त वा योग्यता तोकिएको नभई सबैलाई समानरूपमा आकर्षित हुने गरी तोकिएको सर्तलाई अन्यथा भन्न नमिल्ने।

विदेशस्थित विश्व विद्यालयमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरू अध्ययन सकेर अन्ततः स्वदेश फर्की चिकित्सा सेवा प्रदान गर्ने हुनाले तोकिएका विश्वविद्यालय, प्रतिष्ठानबाट लिइएको प्रवेश परीक्षा उत्तीर्ण गरेपछि मात्र अध्ययनका लागि योग्य हुने भनी मेडिकल काउन्सिलले गरेको निर्णय मेडिकल काउन्सिलको दायित्व र सर्वसाधारणको हित एवम् शैक्षिक गुणस्तरलाई ध्यानमा राखी असल उद्देश्यले भएको देखिँदा उल्लिखित निर्णय संविधान एवम् कानूनविपरीत भन्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट नेपाल बाहिर M.B.B.S. तथा B.D.S. अध्ययन गर्न जाने विद्यार्थीहरूले नेपाल मेडिकल काउन्सिलबाट Eligibility Certificate प्राप्त गर्नका लागि त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्व विद्यालय, वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान वा शिक्षा मन्त्रालयमध्ये कुनै एक संस्था वा मन्त्रालयले लिने प्रवेश परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनुपर्ने भनी गरेको नेपाल मेडिकल काउन्सिलको मिति २०६८।११।२३ को निर्णय एवम् सो सम्बन्धमा प्रकाशित मिति २०६९।०१।०७ को सूचनाबाट निवेदकहरूको संविधान एवम् कानूनप्रदत्त हक अधिकार हनन् भएको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

२

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६९-CI-११८५, सर्वेक्षण अनुमति खारेजी, *हरिराम कोइराला वि. चन्द्रमणी बास्कोटा*

प्रत्यर्थीले प्राप्त गरेको सर्वेक्षण अनुमतिपत्रको दफा ७(ञ) मा “आयोजनाको सर्वेक्षण कार्यमा संलग्न हुने परामर्श दातृ संस्थाहरू BPR Energine inc. Canada तथा स्थानीय परामर्श दातृ संस्था हाइड्रोसोलुसन यस आयोजनाको अध्ययन कार्यका अभिन्न अङ्ग रहनेछन्, यसमा कुनै परिवर्तन गर्नुपर्ने भएमा उचित कारण देखाई परिवर्तन गर्नु अगावै ऊर्जा मन्त्रालयको पूर्व स्वीकृति पछि मात्र परिवर्तन गर्न सकिनेछ” भन्ने उल्लेख भएको देखिन्छ। सो सन्दर्भमा हेर्दा, BPR Energine inc Canada र टाइम्स इनर्जी प्रा.लि. बीच ७ अक्टोबर २०१० मा भएको सम्झौतामा सम्झौताको म्याद २ वर्षको हुने भन्ने उल्लेख भएको र सोबमोजिम सम्झौताको २ वर्षको अवधि ६ अक्टोबर २०१२ अर्थात् वि.स. २०६९।६।२० सम्म रही सोपश्चात् सम्झौता नवीकरण वा म्याद थप भएको देखिँदैन । त्यसैगरी हाइड्रोसोलुसन प्रा.लि. सँग ६ अक्टोवर २०१० र १३ अक्टोबर २०१० मा भएको सम्झौताअनुसार अनुमतिपत्र पाएको ६ महिनाभित्र नयाँ साझेदार लगानीकर्ता ल्याउन नसकेमा सम्झौता स्वतः खारेज हुने भनी उल्लेख भएको देखिन्छ। प्रत्यर्थी टाइम्स इनर्जीले मिति २०६८।१।१४ देखि लागू हुने गरी अनुमतिपत्र पाएको देखिएको र सोको ६ महिना अर्थात् मिति २०६८।७।१३ भित्र हाइड्रोसोलुसन प्रा.लि. ले आयोजनामा नयाँ साझेदार

लगानीकर्ता ल्याउन सकेको नदेखिएकोले उक्त सम्झौता पनि सो अवधिपश्चात कायम रहन सक्ने देखिएन । यसप्रकार अवधि समाप्त भएका, नवीकरण वा म्याद थप नभएका सम्झौताहरू अनुमतिपत्रको अभिन्न अङ्ग हुनसक्ने देखिएन । प्रत्यर्थी टाइम्स इनर्जी प्रा.लि.ले उल्लिखित परामर्श दातृ कम्पनीका सट्टामा अनुमतिपत्रको सर्तबमोजिम नयाँ परामर्श दातृ नियुक्ति गर्न अनुमति पाउँ भनी पुनरावेदक ऊर्जा मन्त्रालयसमक्ष मिति २०६९।२।१८ र २०६९।६।२९ मा निवेदन पेस गरेकोमा पुनरावेदक ऊर्जा मन्त्रालयले ती निवेदनहरूका सम्बन्धमा कुनै निर्णय वा निर्देश गरेकोसमेत नपाइने ।

पुनरावेदकले प्रत्यर्थी टाइम्स इनर्जी प्रा. लि.ले अनुमतिपत्रको सर्तहरू उल्लङ्घन गरेकोले सो सम्बन्धमा अवधि तोकी जवाफ पेस गर्न विद्युत् विकास विभागको मिति २०६९।६।२९ को पत्रद्वारा सोधनी गरी सफाइ पेस गर्ने मौका प्रदान गरी कानूनबमोजिम अनुमतिपत्र खारेज गरिएको भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न रहेको उक्त पत्र हेर्दा, विद्युत् विकास विभागले कुन ऐनको कुन दफाले दिएको अधिकार प्रयोग गरी सो पत्रमार्फत प्रत्यर्थीसँग जवाफ माग गरेको हो सो सम्बन्धमा कुनै कुरा उल्लेख भएको देखिँदैन भने उक्त पत्रमा यो यस किसिमको सुधार गर्नु भन्ने व्यहोरा पनि उल्लेख भएको देखिँदैन । उक्त पत्रबमोजिम प्रत्यर्थी कम्पनीले पुनरावेदकसमक्ष आफ्नो स्पष्टीकरण पेस गरेकोमा यो यस कारणले स्पष्टीकरण चित्त बुझ्दो भएन भनी उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अगाडि उपदफा (३) बमोजिम प्रत्यर्थी कम्पनीलाई सफाइ पेस गर्ने मौका प्रदान गरिएकोसमेत नदेखिँदा उक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचना गरिएबमोजिम प्रत्यर्थी कम्पनीले पाएको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दफा ७(ञ) बमोजिम परामर्श दातृ कम्पनीहरू परिवर्तन गर्न अनुमति पाउँ भनी पुनरावेदकसमक्ष पटकपटक दिएको निवेदनमा कुनै कारवाही नगरी विद्युत् ऐन, २०४९ को दफा ८(१) र ८(३) को न्यूनतम प्रक्रियासमेत पूरा नगरी प्रत्यर्थी कम्पनीको अनुमतिपत्र खारेज गर्ने गरी पुनरावेदक ऊर्जा मन्त्रालयबाट मिति २०६९।७।१५ मा भएको निर्णय कानूनसङ्गत नभएकोले उक्त निर्णय बदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक ऊर्जा मन्त्रालयसमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन १७ गते रोज २ शुभम् ।

३

स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६६-CI-११५८, खिचोला हक कायम, *नेपालसिंह बस्नेत वि. मैया महर्जनसमेत*

मिसिल संलग्न विवादित जग्गाको फिल्डबुक उतार हेर्दा जोताहाको महलमा नेपालसिंह बस्नेत र किसानको व्यहोरामा ग्वारा ज्यापु भन्ने उल्लेख भएको देखिन्छ । यी पुनरावेदक वादीले विवादित जग्गा बडोल केरू खलाबाट भिड्ने भनी दाबी गरेको देखिन्छ भने प्रत्यर्थी प्रतिवादीले उक्त जग्गा तन्हा खलाको लगत नं. ३१४ बाट भिड्ने र बिर्तावाला आफ्ना पति पिताले उक्त बिर्ता जग्गा रैकरमा परिणत गर्न ललितपुर माल दोश्रामा मिति २०२१।१२।२६ मा धरौटी राखी रैकरमा परिणत भइसकेकोले दर्ता नामसारी गर्नसम्म छुट भएकोले आफ्ना नाममा दर्ता हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ । प्रत्यर्थी प्रतिवादीले उल्लेख गरेको उक्त मिति २०२१।१२।२६ को मिसिल संलग्न धरौटी

रसिदको प्रतिलिपि हेर्दा, ग्वारामानले ललितपुर माल दोश्रामा रू.६०।- धरौटी राखेको भन्ने देखिन्छ। उक्त धरौटी के कुन प्रयोजनका लागि राखिएको हो उक्त रसिदबाट खुल्दैन। प्रत्यर्थी प्रतिवादीले विवादित जग्गा तन्हा खला लगत नं. ३१४ बाट भिड्ने भनी जिकिर लिए पनि यिनै प्रत्यर्थीहरूका पति पिता ग्वारा ज्यापुले ठूलो चन्द्रबहादुर खत्रीले ललितपुर इमाडोल गा.वि.स. वडा नं. ६(क) को कि.नं. २३८ को जग्गा आफ्ना नाममा रैकरमा परिणत गरी दर्ता गरिपाउँ भनी दिएको निवेदनको कारवाहीको क्रममा सो कि.नं. २३८ को जग्गा तन्हा बिर्ता जग्गा भएको, आफूले रैकरमा परिणत तथा तिरो तिरानसमेत केही गर्न नसकेकोले मोहीलाई रैकरमा परिणत गरी जग्गा धनी दर्ता पुर्जा दिएमा आफूलाई मन्जुर भएको भनी मिति २०३८।५।३१ र २०३८।६।२ मा मालपोत कार्यालय, ललितपुरमा निवेदन दिएको देखिएको र उक्त निवेदनको पिठमा सो कि.नं. २३८ को जग्गा लगत नं. ३७२।३१४ को पोता बिर्ताभित्रको जग्गा भन्ने जनिई उक्त कार्यालयबाट सो जग्गा मिति २०३८।६।५ मा निज ठूलो चन्द्रबहादुरका नाममा रैकरमा दर्ता हुने गरी निर्णय भएको देखिन्छ। यसरी प्रत्यर्थीले लिएको जिकिर निजहरूकै पति पिताको उल्लिखित कथनबाट खण्डित भई तन्हा खलाको लगत नं. ३१४ को जग्गा अर्कै भई अर्कै व्यक्तिको नाममा दर्ता भइसकेको देखिँदा प्रत्यर्थीको जिकिरबमोजिम विवादित जग्गा तन्हा खलाको नं. लगत ३१४ को जग्गा भनी मान्न नमिल्ने।

बिर्ता जग्गा बिर्तावालाले आफ्ना नाममा दर्ता गर्ने सम्बन्धमा बिर्ता उन्मूलन ऐन, २०१६ दफा ७(१) मा व्यवस्था गरिएको देखिन्छ। सो ऐनमा मिति २०२४।७।६ मा भएको संशोधनबाट संशोधित उक्त ७(१) मा "ख" श्रेणीको बिर्तावालाले उक्त संशोधित व्यवस्था लागू भएको १२० दिनभित्र आफ्नो बिर्ता जग्गाको क्षेत्रफल, नापी भएकोमा नापीबाट तोकिएको मालपोत वा भूमि कर, जग्गा कमाउने व्यक्तिको नाम, निजहरूले बिर्तावालालाई तिर्नुपर्ने कुत आदि विवरण खुलाई स्थानिय माल अड्डा वा माल अड्डा खारेज भएको ठाउँमा भूमि प्रशासन कार्यालयमा दाखिल गरी दर्ता गराउनु पर्ने र त्यसरी दर्ता भएपछि माल अड्डा वा भूमि प्रशासन कार्यालयले त्यस्तो जग्गाको निजको नामको स्रेस्ता तथा मोठ लगतमा दर्ता गरिदिनु पर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार बिर्तावालाले बिर्ता जग्गा आफ्ना नाममा दर्ता गरी मोठ स्रेस्ता कायम गर्न तोकिएको विवरण उल्लेख गरी तोकिएको अवधिभित्र निवेदन दिनुपर्ने देखिन आयो। बिर्तावालाले बिर्ता जग्गा जहिले सुकै पनि रैकरमा परिणत गराई दर्ता गराउन सक्ने पनि देखिएन। बिर्तावाला प्रत्यर्थीहरूका पति पिताले बिर्ता जग्गा आफ्ना नाममा दर्ता स्रेस्ता कायम गर्नका लागि निवेदन दिएको भनी प्रत्यर्थी प्रतिवादीले जिकिर लिन सकेको र त्यस्तो निवेदन परेको भन्ने मिसिलबाट पनि देखिएको छैन। उक्त कानूनी व्यवस्थाअनुसारको निवेदन नपरेको अवस्थामा कुनै प्रयोजन नखुलेको धरौटी रसिदका आधारमा रैकरमा परिणत गर्न निवेदन परेको भनी अर्थ गर्न मिल्दैन। रैकर परिणत गरिपाउँ भन्ने निवेदनमा खुलाउनु पर्ने तथ्य नखुलेसम्म वा त्यसो गरेको निवेदन पेस नभएसम्म के कस्तो निवेदन थियो भनी अनुमान गर्ने अवस्था नै रहँदैन। धरौटी रसिदले रैकर परिणत विवरण र रैकर परिणत भएको स्थान ग्रहण गर्न सक्दैन। प्रयोजन नखुलेको धरौटी रसिदकै आधारमा मात्र रैकरमा परिणत गर्न कारवाही चलाई रैकरमा परिणत गरिसकेको भनी मान्न नमिल्ने।

बिर्ता उन्मूलन ऐन, २०१६ मा २०४९ सालमा भएको तेस्रो संशोधनबाट थप भएको दफा ७क ले "ख" श्रेणीको बिर्ता जग्गा कमाउनेले बिर्ता

जग्गा आफ्ना नाममा दर्ता गर्न पाउने व्यवस्था गरेको देखिन्छ । त्यस्तै सोही संशोधनबाट थप भएको दफा १२क मा बिर्ता जग्गा दर्ता गर्ने विशेष व्यवस्था अन्तर्गत "२०४९ साल आषाढ मसान्तसम्ममा कसैको नाममा रैकरमा परिणत गरी दर्ता भई नसकेको "ख" श्रेणीको बिर्ता जग्गा सो जग्गा कमाउने व्यक्तिका नाममा मात्र दफा ७क बमोजिम दर्ता गरिनेछ । सो अवधिपछि कुनै बिर्तावालाको नाममा "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गरिने छैन" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको र सो दफाको प्रतिबन्धात्मक वाक्यांशमा सो मितिभन्दा पहिले रैकरमा परिणत गर्ने वा दर्ता गर्ने विषयमा अदालतमा मुद्दा परी विचाराधीन रहेकोमा अदालतको निर्णयबमोजिम हुने तथा कुनै बिर्तावालाले आफ्नो नाममा रैकरमा परिणत गरी दर्ता गराउन निवेदन दिई निरन्तर कारवाहीमा बसेको रहेछ र जग्गा कमाउने व्यक्तिले रैकरमा परिणत गरी दर्ता गराउन निवेदन दिएको रहेनछ भने मालपोत कार्यालयको निर्णयबमोजिम हुने भन्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार २०४९ साल आषाढ मसान्तभन्दा अगावै रैकर परिणत गर्ने वा दर्ता गर्ने सम्बन्धमा अदालतमा मुद्दा परी विचाराधीन रहेको भए अदालतको फैसलाबमोजिम हुने तथा सो भन्दा अगावै बिर्तावालाले रैकरमा परिणत गरी पाउन निवेदन गरी निरन्तर कारवाहीमा रहेको वा जग्गा कमाउनेले आफ्ना नाममा रैकरमा परिणत गरी दर्ता गराउन निवेदन नदिएको अवस्थामा मालपोत कार्यालयको निर्णयबमोजिम हुनेमा बाहेक बिर्तावालाको नाममा बिर्ता जग्गा रैकरमा दर्ता हुनसक्ने देखिँदैन । सोबमोजिम विवादित जग्गा रैकरमा परिणत गर्ने सम्बन्धमा २०४९ साल आषाढ मसान्तभन्दा अगावै अदालतमा मुद्दा परी बिर्तावालाका पक्षमा निर्णय भएको अवस्था एकातिर देखिँदैन भने अर्कातिर सो अगावै कानूनले निर्धारण गरेअनुरूप बिर्ता जग्गा रैकरमा परिणत गरिपाउँ भनी बिर्तावालाको निवेदन परेकोसमेत देखिँदैन । यसका अतिरिक्त मोही यी पुनरावेदक वादीको दफा ७क र १२क बमोजिम विवादित जग्गा आफ्ना नाममा रैकरमा परिणत गरी दर्ता गरिपाउँ भनी निवेदन परिसकेको अवस्थामा विवादित जग्गा साबिक बिर्तावाला वा निजका हकदारका नाममा दर्ता हुनसक्ने अवस्था देखिन नआउने ।

प्रयोजन नखुलेको धरौटी रसिदका आधारमा बिर्तावालाको तर्फबाट रैकर परिणत गरिपाउँ भनी निवेदन परी निरन्तर कारवाहीमा रहेको भनी मान्न मिल्ने नदेखिँदा सोही आधार ग्रहण गरी वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट विवादित कि.नं. ३५ र ४१ का जग्गा बिर्तावालाले २०४९ साल आषाढ मसान्तभन्दा अगावै रैकरमा परिणत गराइसकेको नभई अद्यापि बिर्ताकै रूपमा रहेको देखिँदा वादी दाबीबमोजिम यी पुनरावेदक वादी मोहीका नाममा रैकरमा परिणत गरी दर्तासमेत हुने ठहर गर्नुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६३।९।१० मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१०।१९ फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबीका कि.नं. ३५ र ४१ का जग्गामा प्रत्यर्थी प्रतिवादीको खिचोला मेटाई यी पुनरावेदक वादीका नाममा रैकरमा दर्ता भई चलनसमेत पाउने ।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम् ।

- यसै लगाउ/प्रकृतिको ०६६-CI-०११५७, निर्णय बदर दर्ता हक कायम, नेपालसिंह

बस्नेत वि. मैंया महर्जनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

स.का.मु.प्र.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७१-CR-००३८, कर्तव्य ज्यान, *बिन्दी सदा मुसहरसमेत वि. नेपाल सरकार*

ईँटा बनाएको हिसाबको बारेमा भएको झगडामा काशीकान्तलाई केही व्यक्तिहरूले समातेको र प्रतिवादी बिन्दी सदाले ईँटाले पटकपटक टाउकोमा प्रहार गरेको र सोही चोटबाट घाइते भएका काशीकान्त झाको उपचारको क्रममा मृत्यु भएको देखिन्छ। टाउकोजस्तो संवेदनशील अङ्गमा ईँटाले पटकपटक प्रहार गर्दा चोट खानेको मृत्यु हुनसक्छ भनी सहज अनुमान गर्न सकिने हुन्छ। आफ्नो प्रहारबाट पीडितको ज्यान जान सक्ने कुरा पूर्वदृष्टि (for-sightedness) को स्थितिमा प्रहारकर्ताको मनसाय (malice) थियो भनी मान्नुपर्ने हुन्छ। प्रतिवादीले आफ्नो कामको परिणाम पहिले नै देख्न सक्ने अवस्था भएको र पटकपटकको प्रहारबाट त्यस परिणामको प्राप्तितर्फ उद्धृत रहेको भनी मान्नुपर्ने हुन्छ। यसरी प्रतिवादीहरूमध्ये कसैले समात्ने र कसैले टाउकोजस्तो संवेदनशील अङ्गमा ईँटाजस्तो ठोस पदार्थले पटकपटक प्रहार गरेको कारण निजको मृत्यु भएकोमा वारदात हुँदाको परिस्थिति, प्रतिवादीहरूको कार्य एवम् सो कार्यको परिणामबाट यी प्रतिवादीहरूको पूर्वरिसइवी नभए पनि काशीकान्त झाको हत्या गर्ने मनसाय थिएन भन्न सक्ने अवस्था रहेन। तसर्थ प्रतिवादीहरूले ईँटा बनाएको हिसाबको सन्दर्भमा भएको झगडामा काशीकान्तलाई मार्ने मनसायसहित प्रतिवादी विनोद सदासमेतले निजको हात समातेको र प्रतिवादी बिन्दी सदाले ईँटासमेतले टाउकोलगायत शरीरको विभिन्न भागमा पटकपटक प्रहार गरेकोले यस वारदातमा प्रतिवादीहरूले मनसायसहित कार्य गरेको र सो कार्यबाट काशीकान्तको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को अवस्था विद्यमान रहेको देखिएन। सोही महलको १३(३) नं. को वारदात कायम हुने।

प्रतिवादी बिनोद सदासमेतको काशीकान्तलाई समातेको अवस्थामा अर्का प्रतिवादी बिन्दी सदाले टाउकोमा ईँटाले प्रहार गरेको, मृतकको मृत्यु भएको अवस्थामा प्रतिवादी विनोद सदा मुसहर निर्दोष छन् भनी हात समातेको भनी मान्न मिलेन। निजले काशीकान्तलाई मार्नलाई संयोग पारिदिन निमित्त काशीकान्तको हात समातेको हुनाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम नै हुने।

प्रतिवादीहरूले ईँटाको हिसाब सम्बन्धमा झगडा गरी प्रतिवादी विनोद सदासमेतले मृतकको हात समाती प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्षसमेत भएको बयान, घटनास्थल मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूको व्यहोरासमेतबाट शङ्कारहित तवरले प्रमाणित भएकोले ईँटाले प्रहार गर्ने प्रतिवादी बिन्दी सदालाई ज्यानम्बन्धीको महलको १३(४) नं. अनुरूपको कसुर कायम भई जन्मकैद र ज्यान मार्न वारदातस्थलमा नै उपस्थित भई मृतकको हातसमेत समातेका प्रतिवादी विनोद सदालाई ज्यानसम्बन्धीको महलको १३(४) नं. अनुरूपको कसुर कायम भई जन्मकैदको सजाय गरेको सुरुको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै हुँदा सदर हुने।

प्रतिवादीहरूलाई अ.बं. १८८ नं. को प्रयोग गरी के कति सजाय गर्दा न्यायोचित हुन्छ भनी विचार गर्दा प्रस्तुत वारदातमा पूर्वरिसइवी पनि नभएको, पूर्वतयारी पनि नभएको र कुनै जोखिमी हतियारको प्रयोग पनि नभएको अवस्था देखिन्छ। प्रतिवादीहरूमध्ये केहीले

समात्ने र एकजनाले टाउकोलगायत शरीरको अन्य भागमा इँटाले पटकपटक प्रहार नगरेको भए मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था नै आकर्षित हुनसक्ने थियो होला। तर प्रस्तुत वारदातमा एकजनाभन्दा बढी व्यक्ति भई कोहीले समात्ने र कोहीले पटकपटक हिर्काउने कार्य गरेकोले ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था नै आकर्षित हुने अवस्था नदेखिए पनि निजहरूलाई सजाय निर्धारण गर्दा उक्त नम्बरमा व्यवस्थित सजाय एउटा न्यायोचित आधार बन्नसक्छ । ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने अवस्था नदेखिए पनि निजहरूलाई सजाय निर्धारण गर्दा उक्त नम्बरमा व्यवस्थित सजाय एउटा न्यायोचित आधार बन्न सक्छ। ज्यानसम्बन्धीको महलको १४ नं. ले कैद सजाय १० (दश) वर्ष हुने हुँदा प्रतिवादीहरूले गरेको अपराधको प्रकृतिको आधारमा कैद वर्ष १० भन्दा अलिकति बढी कैद वर्ष १२ गर्दा न्यायोचित नै हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल जेठ १७ गते रोज २ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७०-CR-०५३०, ०९००, जबरजस्ती करणी, *नेपाल सरकार वि. राजु यादव, राजु यादव वि. नेपाल सरकार*

जाहेरवाली र मौकामा कागज गर्ने मानिसहरू अदालतमा आई बकपत्र गर्दा आफ्नो मौकाको भनाइको विपरीत हुने गरी बकपत्र गरेको देखियो । यस्तो अवस्थामा अनुसन्धानको सिलसिलामा संकलन गरिएका कसुर भएको कुरालाई पुष्टि गर्ने सबुत प्रमाणको स्थिति के हुने हो भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो । पीडित जाहेरवालीले प्रतिवादीलाई अभियोग दाबीबाट उन्मुक्ति दिने किसिमबाट निजले जबरजस्ती करणी गरेको कुरालाई इन्कार गर्न खोजेको देखिए पनि मौकाको जाहेरी आफैँले दिएको र सो जाहेरी दरखास्तमा लागेको सहिछाप आफ्नै भएको कुरालाई स्वीकार गर्दै अदालतमा उपस्थित भई सवाल जवाफ ७ मा म डराइ राखेकी थिएँ, सही गरी दिएँ भन्ने व्यहोरा लेखाएको पाइन्छ । जबरजस्ती करणी भएकै दिन जाहेरी दरखास्त दिएकी पीडित जाहेरवालीले डराई राखेकी थिएँ भनी उल्लेख गरेको व्यहोराले आफूउपर भएको हिंसाजन्य व्यवहारको कारणबाट निज प्रहरीसमक्ष पुग्दासम्म डराइ रहेको अवस्था रहेछ भनी मान्नुपर्ने हुन आउने।

मौकामा फरार रहेका प्रतिवादी राजु यादव सुरू अदालतमा उपस्थित भई बयान गर्दा आफू वारदात भएको भनिएको दिन भारतको दिल्लीमा थिएँ भनी अन्यत्र रहेको जिकिर लिएको भए तापनि आफू दिल्लीमा कहिले के प्रयोजनका लागि गएको हो भन्ने कुराको तथ्ययुक्त प्रमाण पेस गर्न सकेको पाइएन । यसरी तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेको निजको भनाइलाई प्रमाणमा लिन मिल्ने देखिएन। प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रतिवादीले प्रमाण पुर्‍याउनु पर्ने भारः (१) *प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुनेछ* भन्ने कानूनी व्यवस्था रहेको छ । यो कानूनी व्यवस्थाबमोजिम प्रतिवादीले आफ्नो भनाइलाई तथ्ययुक्त प्रमाणबाट प्रमाणित गर्नुपर्नेमा सो गरेको नहुँदा निजको भनाइलाई मान्यता दिन मिल्ने देखिएन। तसर्थ प्रतिवादीलाई जबरजस्ती

करणीको अभियोगमा सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको नै देखिने।

जहाँसम्म पीडितको उमेर १६ वर्षभन्दा कम भएको हुँदा प्रतिवादी राजु यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(३) नं. बमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको प्रश्न छ, पीडित जाहेरवाली घटनाको तत्कालपछि आफैँले दिएको जाहेरी दरखास्तमा आफ्नो उमेर १६ वर्ष लेखाएकी र अदालतमा उपस्थित भई बकपत्र गर्दा निजले आफू १७ वर्ष लेखाएकी हुँदा उमेरका सम्बन्धमा निजको मौकाको भनाइ र अदालतमा भएको भनाइमा समानता पाइएको अवस्थामा सो भनाइलाई अन्यथा मान्नु पर्ने देखिएन। निजको उमेर वारदात हुँदाका बखत १६ वर्षभन्दा माथि नै भएको पाइएको हुँदा पीडिताको उमेरका सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(४) नं. मा भएको कानूनी व्यवस्थाबमोजिम पाँच वर्ष कैद र सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू. २०,०००।– (बीस हजार रूपैयाँ) क्षतिपूर्ति भराउने गरी भएको पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मनासिब नै देखिने।

अतः उल्लिखित व्यवस्था, नजिर र तथ्यबाट प्रतिवादी राजु यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६८।८।१२ मा भएको फैसला उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय हुने र निज प्रतिवादी राजु यादवबाट ऐ.को १० नं. बमोजिम पीडितले क्षतिपूर्तिबापत रू.२०,०००।– (बीस हजार रूपैयाँ) भराई पाउने ठहर्‍याई मिति २०६९।०८।०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको तथा प्रतिवादी राजु यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७०-CR-५४७, लागु औषध नाइट्रोजनसमेत, *नेपाल सरकार वि. मोहन गुरूङसमेत*

अदालतमा साबिती भई प्रतिवादीले गरेको बयान अन्य तथ्यहरूले समर्थन गरेकोमा त्यस्तो प्रमाणलाई उत्तम प्रमाणको रूपमा लिई ग्रहण गर्नुपर्ने हुन्छ। निज प्रतिवादी मोहन गुरूङले बरामद भएको लागु औषध आफूले खरिद गरी सेवनका लागि ल्याई घरमा लुकाई राखेको र सो कुरा प्रतिवादी कुमारी राई (गुरूङ) लाई थाहा नभएको भन्ने बयान व्यहोरा लेखाएको देखिन्छ। प्रतिवादी मोहन गुरूङ लागु औषधको दुर्व्यसनी भएको तथ्य निजलाई लागु औषधको दुर्व्यसनबाट बचाउनको लागि सुधार केन्द्रमा राखिएको भन्ने मिसिल संलग्न पत्रबाट स्थापित भएको छ। लागु औषधको प्रकृतिसमेतले निज प्रतिवादीको साबिती बयानलाई पुष्टि गरेको पाइन्छ। सो बरामद लागु औषधको परिमाणको अवस्था हेर्दा धेरै मात्रामा लागु औषध रहेको देखियो। निज प्रतिवादीले पटकपटक लागु औषध सेवन गरेको तथ्य मिसिल संलग्न कागजातबाट स्थापित भएको छ। निज प्रतिवादी मोहन गुरूङको अदालतसमक्षको साबिति बयान एवम् बरामद लागु औषधको परिमाण समेतका आधारबाट यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम कसुर ठहर गर्ने गरी गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई

अन्यथा भन्न पर्ने देखिन आएन । निजलाई भएको सजायको सम्बन्धमा विचार गर्दा निज लागु औषधको दुर्व्यसनी रहेको र बरामद लागु औषधको प्रकृति एवम् परिमाणसमेतलाई विचार गर्दा कसुर मुताबिकको सजायसमेतका दृष्टिले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम कैद वर्ष २ (दुई) र जरिवाना रू. १०००००।– (एक लाख रूपैयाँ) को सजाय गर्दा कानूनको उद्देश्य पूर्ति हुने भनी गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको नै देखिने ।

बरामद लागु औषध सम्बन्धमा प्रतिवादी मोहन गुरूङ साबित रहेको र सो लागु औषधबारे प्रतिवादी कुमारी राईलाई थाहा जानकारी नभएको भन्ने निजको बयान रहेको र प्रतिवादी कुमारी राईलाई सो लागु औषधसम्बन्धमा पहिला नै जानकारी थियो वा निजसमेत सो लागु औषधसम्बन्धमा सहभागी मतियार रहेको भन्ने कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा निज रहे बसेको घरबाट बरामद भएको भन्ने मात्र आधारमा लागु औषध जस्तो जघन्य फौजदारी अपराधमा निजलाई दोषि ठहर गर्न न्यायको मान्य सिद्धान्तले समेत मिल्ने देखिँदैन । तसर्थ निजलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिब नै देखिने ।

अतः उल्लिखित तथ्य, विवेचित आधार कारणहरूबाट प्रतिवादीहरू मोहन गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(च) को कसुरमा दुई वर्ष छ महिना कैद र रू.१,००,०००।– जरिवाना हुने ठहर्‍याएको र प्रतिवादी कुमारी राई (गुरूङ) लाई मतियारमा ऐ. ऐनको दफा १७ बमोजिम लागु औषधको मतियारमा एक वर्ष कैद र रू.५०,०००।– जरिवाना हुने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६७।१२।१६ को फैसला केही उल्टी गरी प्रतिवादी मोहन गुरूङलाई २ वर्ष कैद र रू. १,००,०००।– जरिवाना हुने र प्रतिवादी कुमारी राईलाई अभियोग दाबीबाट सफाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।९।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-०८५७, ०९४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यबहादुर तामाङ, नरकुमार एङदेन वि. नेपाल सरकार*

प्रतिवादीसँग आधिकारिकरूपमा गर्भपतन गराउने कुनै वैधानिक आधार प्रमाण नभएको, त्यसमा पनि कानूनले समेत गर्भपतन गराउन नमिल्ने करिब ३२ हप्ता पुगिसकेको गर्भपतन गराउँदा आमाको समेत ज्यान जान सक्दछ भन्ने कुराको ज्ञान हुँदाहुँदै मृतक तुलसाको पेटमा पूर्णरूपले हुर्की सकेको बच्चालाई आफूसँग भएको कैंचीले मृतकको पाठेघरको पानी झिल्ली फुटाई बच्चा बस्ने ठाउँको पानी बाहिर निकाली बच्चा पेटमै मर्न गएको कुरा निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतबाट पुष्टि हुन आएको देखिन्छ । मृतकको कोठामा बरामद भएको औषधि र जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङको अपराध अनुसन्धान शाखामा प्रतिवादी नरकुमार एङदेनको जिउ खानतालासी गर्दा आर डि फरसेफ कैंची थान-१, स्युजर कैची थान-१, सिरिन्ज वेण्डिज थान-१, आला-१, कपडाको टेप डेन्साफेन औषधि, सिसी, रबरको पाइप १० इन्चको थान १ समेतका समानहरू

बरामद भएको खानतलासी मुचुल्कासमेतबाट यी प्रतिवादी अवैधरूपमा गर्भपतन गराउने व्यक्ति भएको कुरासमेत प्रमाणित हुन आएको र पैसाको लोभमा लागी निज सूर्यबहादुर तामाङसँग रू.९०००।- (नौ हजार) मागी निज प्रतिवादी नरकुमार एङदेनको अनाधिकृत अदक्ष एवम् जोखिमपूर्ण गर्भपतन गराउने कार्यको परिणामस्वरूप सोही कारण र जरियाबाट मृतकको मृत्यु हुन गएको देखिई सो कार्यको पूर्णजवाफदेहिता निज प्रतिवादीउपर नै रहने हुँदा पुनरावेदन अदालत, इलामले प्रतिवादी नरकुमार एङदेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादी नरकुमार एङदेनलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भनी निजलाई अ.वं. १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय हुन उपयुक्त हुने भनी पुनरावेदन अदालत, इलामले व्यक्त गरेको रायसम्बन्धमा विचार गर्दा यी प्रतिवादी नरकुमार एङदेनको मृतकलाई मार्ने किसिमको मनसाय राखी कुनै पूर्व योजना पनि नभएको, उमेरले पनि ६० वर्ष पुगिसकेको वृद्ध अवस्थाको व्यक्ति भएको र अवैध एवम् जोखिमपूर्ण गर्भपतन गराउने अनाधिकृत क्रियाकलाप गर्दाको परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको, गम्भीर अवस्थामा अस्पतालसम्म पुऱ्याइदिने कार्यसमेत यी प्रतिवादीले गरेको देखिएबाट पुनरावेदन अदालत, इलामले निज प्रतिवादी नरकुमार एङदेनलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिई निजलाई अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय गर्ने गरी व्यक्त गरेको राय मनासिबै देखिएकाले अन्यथा गरिरहनु नपर्ने।

प्रतिवादीहरू सूर्यबहादुर तामाङ र नरकुमार एङदेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्म कैद हुने ठहऱ्याई सुरू ताप्लेजुङ जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादी सूर्यबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २८ नं. को कसुरमा ५ वर्ष कैद तथा प्रतिवादी नरकुमार एङदेनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरी प्रतिवादी नरकुमार एङदेनको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट भएको मिति २०७०।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी नरकुमार एङदेनको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तिर्थराज भट्ट

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री ओमप्रकाश मिश्र, ०७०-CR-१२७७, कर्तव्य ज्यान, *देवीलाल वि.क., वि. नेपाल सरकार*

प्रतिवादी रक्सीको नसामा होस बेहोस भएको अवस्था भए उक्त वारदातको घटनावली प्रहरीमा बयान गर्दा र अदालतमा समेत बयान गर्दा आफूले नै ढुङ्गाले मृतकको टाउकोमा कन्चटमा प्रहार गर्दा मृतकको मृत्यु भएको हो भन्न सक्ने अवस्था नै रहँदैन थियो । अर्कोतर्फ कुनै इबिलाग नभई आफूले गरेको कर्तव्यबाट मान्छे मर्ला जस्तो नदेखिएको कुनै काम गर्दा मानिस मर्न गएमा भवितव्य हुने भनी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. रहेको छ । प्रतिवादीले ढुङ्गाले पटकपटक मृतकको टाउकोमा प्रहार गरी हिर्काउँदा निज मर्न सक्छ भन्ने पूर्ण ज्ञान यी प्रतिवादीमा भएको पुष्टि भएबाट प्रस्तुत सन्दर्भमा

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ र ६(२) नं. आकर्षित हुने अवस्था नदेखिएबाट प्रतिवादी देवीलाल वि.क. को पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, मिसिल संलग्न जाहेरी दरखास्त, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र घटना विवरण कागज गर्ने भद्रे रावल, पिउवर कवरलगायतका व्यक्तिहरूले लेखाइदिएको व्यहोरासमेतबाट प्रतिवादी देवीलाल वि.क.कै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएबाट पुनरावेदन अदालत, तुलसीपुरबाट पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको फैसला मनासिबै देखिने।

प्रतिवादी देवीलाल वि.क. र मृतक एक्का गोसाई सँगै रक्सी खाई घर जान भनी सँगै आएकोमा दुवैको बीचमा पूर्व रिसइवी तथा मार्नुपर्ने कुनै कारण मिसिल संलग्न प्रमाणबाट देखिँदैन। रक्सीको नसामा बोलाबोल हुँदा पहिले एक्का गोसाईले २ बक्सिङ हानेकोमा म केही नबोलेको भनी यी प्रतिवादीले लेखाइदिएको र घटना विवरण हेर्दा तत्काल भएको झगडाको कारणबाट यी मृतकलाई चोट छाडी सोही चोटका कारण मृतकको मृत्यु हुन गएको भन्ने देखिन्छ । साथै प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा साबित भई बयान गरी अनुसन्धान र न्यायिक प्रक्रियालाई सहयोग गरेको एवम् निजको उमेरसमेतलाई बिचार गर्दा निज प्रतिवादी देवीलाल वि.क. लाई पूरा सजाय गर्दा चर्को पर्नसक्ने देखिँदा कैद वर्ष १२(बाह्र) मात्र हुन मनासिब देखी अ.बं.१८८ नं. बमोजिम दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६९।१०।२३ मा फैसला हुँदा व्यक्त भएको राय सदर हुने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुर दाङबाट व्यक्त भएको उक्त रायलाई अन्यथा भन्न मिलेन, मिलेकै देखिन आउने।

उल्लिखित तथ्य कानूनी व्यवस्था, विवेचना एवम् प्रमाणको आधारमा प्रतिवादी देवीलाल वि.क.लाई दाङ जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको मिति २०६९।१०।२३ को फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।६।९ मा भएको फैसला मिलेकै देखियो। तर, निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद सजाय गर्दा चर्को पर्ने देखिन आएकोले निज प्रतिवादी देवीलाल वि.क. लाई अ.बं.१८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तिर्थराज भट्ट

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल चैत १९ गते रोज ६ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०७०-CI-१००३, लिखत बदर, *राजेन्द्र साह सोनार वि. देवधारी बैठा*

अंश लिई भिन्न हुनु र मानो चुलो छुट्याई अलग बस्नु पृथक कुरा हो । अंश छुट्याई लिँदा विधिवत्‌रूपमा एकासगोलको बन्डा गर्नुपर्ने सम्पत्ति अंशियारहरूका बीच बन्डा गरी छुट्टिएको हुन्छ। यसरी अंश लिई छुट्टिई भिन्न भएपछि पुनः अंशमा दावा गर्न सक्दैन । तर बन्डा गर्नुपर्ने सम्पत्तिको बन्डा नगरी केवल मानो चुलो मात्र छुट्टिई पृथक भएको अवस्थामा अंश लिएको मानिँदैन। केवल मानो चुलो मात्र छुट्टिएको मानिने।

प्रस्तुत मुद्दामा नारायण बैठाका दुई छोरामध्ये

जेठा भिखारी बैठा र कान्छो वादी देवधारी बैठा भएको मिसिलबाट देखिन्छ । वादी देवधारी बैठा र प्रतिवादीमध्येको भिखारी बैठा दाजु भाइ नाताको भई समान पुस्ताका अंशियार रहेको देखियो । मुलुकी ऐन, अंशबन्डाको महलको १९ (१) नं. को कानूनी व्यवस्थाअनुसार पैतृक चल अचल गैरसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई लोग्ने वा बाबुले स्वास्नी, छोरा, अविवाहित छोरी, विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउने देखिन्छ । घर व्यवहार चलाउने मुख्य जिम्मेवारी बाबुको हो भन्ने उद्देश्यबाट विधायिकाले उक्त कानूनी व्यवस्था गरेको देखिन आयो । यस व्यवस्थाबाट घरव्यवहार चलाउन आधासम्म पैतृक चल वा अचल सम्पत्ति बिक्री बाबु वा लोग्नेले मात्र गर्न पाउने हुन्छ । यस्तो अख्तियारी समान पुस्ताका दाजु वा भाइलाई कानूनले दिएको देखिँदैन । अंशबन्डाको १९ (१) नं. को कानूनी व्यवस्थाले घरको मुली बाबुलाई मानेको छ । दाजु वा भाइलाई मानेको देखिँदैन । दाजु वा भाइलाई अंशियारको मन्जुरीबेगर घर व्यवहार चलाउन पैतृक सम्पत्ति बिक्री गर्ने कानूनी अधिकार प्रदान गरेको छैन । सगोलको कि.नं. २२१ को जग्गा भिखारी बैठाले सगोलको भाइको मन्जुरी नलिई प्रतिवादी राजेन्द्र साह सोनारलाई राजीनामा गरी दिएको र.नं. १२०३८ मिति २०६६।१२।१९ को लिखत मन्जुरी नहुने सगोलको भाइ वादीले नालेस गरेको अवस्थामा वादीको हकसम्मको लिखत कायम रहन सक्ने नहुने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६८।६।३० को फैसला उल्टी गरी मिति २०६६।१२।९ र.नं. १२०३८ को लिखतको २ भागको १ भाग ०-०-१$^{1}/_{४}$ र सोमा भएको घर नरमगरम मिलाई बदर गरी वादीले पाउने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।५।१० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल वैशाख ९ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी, ०७२-RC-०१७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शसि पुन*

किटानी जाहेरी दरखास्त, जाहेरवालाको अदालतमा भएको बकपत्र, प्रतिवादी शसि पुनले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा गरेको साबिती बयान, घटनास्थल तथा लासजाँच मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने डिलबहादुर वलीसमेतका मानिसहरूको अदालतको बकपत्रलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी शसि पुनले आफ्नै श्रीमती हरिकला पुनलाई छुरा प्रहार गर्दा मृत्यु हुन गएको देखिएकोले प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आउने हुँदा प्रतिवादी शसि पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।२।१४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

सर्वप्रथम अ.बं.१८८ नं. हेर्दा, "सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएको मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य

हो कि भन्नेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहर्‍याई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ" भन्ने उल्लेख भएको पाइन्छ। भवितव्य हो कि भन्ने प्रमाणका आधारमा मात्र अ.बं.१८८ नं. प्रयोग गरी सजाय घटाउन सकिने ऐनको मनसाय रहेको देखिन्छ । अपराध कस्तो अवस्थामा हुन गएको हो, अपराध गर्दाको परिस्थिति, योजना, अपराध गर्दा प्रयोग गरिएको हतियार, अभियुक्तको उमेर, चरित्र, पीडित परिवारलाई पुगेको क्षति जस्ता कुराहरूलाई ध्यानमा राखेर अपराधअनुसारको उचित कैद सजाय तोक्नु पर्ने हुन्छ । निर्ममतापूर्वक हतियार प्रयोग गरी भएको हत्यामा अ.बं.१८८ नं. को प्रयोग हुनु न्यायसङ्गत नहुने।

वारदातको प्रकृतिबाट पनि पहिले ढुङ्गाले हानी श्रीमती ढलेपछि निजलाई पुनः चक्कुले तीन ठाउँमा प्रहार गरेको देखिन्छ । यस्तो निर्मम तवरबाट हत्या गर्ने प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा सजाय चर्को पर्ने हुँदैन। प्रतिवादी शसि पुन ५/५ जना छोराछोरीको लालन पालन गर्नुपर्ने घरका जिम्मेवार मुख्य व्यक्ति रहेका, मादक पदार्थ पिएर श्रीमतीलाई सधैँ प्रताडित गर्ने गरेका, प्रतिवादीले सामान्य विवादमा आफ्नी श्रीमतीलाई ढुङ्गा तथा चक्कु जस्तो जोखिमी हतियार प्रयोग गरी बीभत्स तरिकाले हत्या गरेका र कसुर गरिसकेपछि पश्चातापको भाव नआई हतियारसहित जङ्गलतर्फ भागेका, मृतक र प्रतिवादीकै छोराले किटानी जाहेरी दिई हदैसम्मको सजाय हुनुपर्ने भनी बकपत्र गरेको, छोरी कोपिला पुनले समेत प्रतिवादीलाई हदैसम्मको कारवाही हुनुपर्छ भनी कागज गरेको अवस्थासमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई १५ वर्ष मात्र कैद सजाय हुन सुरू तथा पुनरावेदन अदालतबाट व्यक्त गरिएको रायसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: शिवहरि पौड्याल

इति संवत् २०७३ साल जेठ २५ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CR-००६०, कर्तव्य ज्यान, महेशप्रसाद जैसी *वि. नेपाल सरकार*

प्रतिवादीले वारदात समयमा आफू अन्यत्र रहेको भन्ने जिकिर लिएतर्फ विचार गर्दा प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि त्यस्तो जिकिर लिन प्रतिवादीले आफू वारदातस्थलमा नभई अन्यत्र रहेको पुष्टि गर्न सक्नुपर्दछ । आफ्नो पुनरावेदन जिकिरलाई पुष्टि हुने कुनै ठोस प्रमाण पेस गर्न सकेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्र.ज. पदम सिंह ऐरको मृत्यु प्रतिवादी महेशप्रसाद जैशीको कर्तव्यबाट भएको पुष्टि भएको हुँदा निजलाई ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुर अभियोगमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू कैलाली जिल्ला अदालतले गरेको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, दिपायलको मिति २०७१।१।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

मृतक प्रहरी कर्मचारीसँग प्रतिवादीको कुनै रिसइवी नभएको, निजलाई मार्ने मनसाय र योजना पनि नभएको, ठूलो संख्यामा रहेका प्रहरी र स्थानीय

बासीबीच वन अतिक्रमणसम्बन्धी विवादमा झडप भई हुलमुलमा प्रतिवादीले प्रहार गर्दा प्रहरी जवान पदम सिंह ऐरलाई लागि सोही चोटबाट मृत्यु हुन गएको तथ्य घटनाक्रमबाट देखिन आएको छ । वारदातको अवस्था र प्रकृतिसमेतलाई दृष्टिगत गर्दा यी प्रतिवादीउपर अभियोग मागदाबीअनुरूप ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिन आयो । मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी महेशप्रसाद जैसीलाई के कति वर्ष कैद गर्नु उपयुक्त हुन्छ भनी विचार गर्दा समूहगतको लडाइँ गरेकोले सजाय कम गर्नु उपयुक्त भए पनि अपराध गम्भीर प्रकृतिको नै देखिँदा निकै कम गर्नु उचित देखिएन । तसर्थ पुनरावेदक प्रतिवादीलाई वर्ष १४ कैद सजाय गर्दा न्यायोचित हुने देखिँदा निजलाई अ.बं. १८८ नं. अनुरूप कैद वर्ष १४ हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी महेशप्रसाद जैसीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ २० गते रोज ५ शुभम् ।

४

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६९-CR-०३१९, सवारी ज्यान, *नेपाल सरकार वि. रामबहादुर थापा*

घाइते रामप्रसाद गिरीको मौकाको कागजबाट बस र मोटरसाइकल एकै दिशामा रहेको नभई विपरीत दिशाबाट आएको अवस्थामा आपसमा ठोक्किन पुगी दुर्घटना हुन पुगेको देखिन्छ । उक्त तथ्य मौकाको अगाडिबाट ठक्कर दिएको भन्ने सडक दुर्घटना प्रतिवेदन फाराम र प्रतिवादीको बयान व्यहोराबाट प्रमाणित भएको अवस्था छ । दुर्घटनाको प्रतिवेदन गर्ने प्रहरी निरीक्षकले घटनाको प्रकृतिलाई आधार बनाई एकै दिशाबाट आएको भनी बकपत्र गरे पनि उक्त कुरा मिसिल संलग्न घाइतेको कागजबाट समर्थित हुन सकेको छैन । प्रतिवादीले चलाएको बस घटनास्थल वरिपरि नै रोकि राखेको अवस्थामा रहेको घटनास्थल मुचुल्काबाट देखिन आउँछ । यसबाट तीव्र गतिमा प्रतिवादीले बस चलाएको भन्ने तथ्य स्थापित हुन सकेको नपाइने ।

घटनास्थलमा ब्रेक लगाएको निशाना नरहेको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा समथर पिच सडकमा नियन्त्रित गतिमा बस गुड्दा गुड्दै अचानक हुन पुगेको दुर्घटनामा ब्रेक लगाउँदा सडकमा ब्रेकको देखिनेगरी निसाना नलाग्न पनि सक्छ । मिसिल संलग्न अन्य प्रमाणबाट स्थापित नभएको विषयमा सडकमा ब्रेकको निसान नदेखिएकै आधारमा मात्र प्रतिवादीले लापरवाही गरी दुर्घटनापछि घिसारी वारदात हुन पुगेको भनी सजाय गर्न न्यायोचित हुँदैन । उल्लिखित आधार प्रमाणबाट घटनास्थलमा तयार भएको स्केचमा ब्रेक लगाएको निशान फेला नपरेको भन्नेसमेतलाई कारण देखाई यस अदालतको संयुक्त इजलासबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्ने आदेशमा उल्लेख गरिएका आधारसँग सहमत हुन सकिएन । अतएव, प्रतिवादीले चलाई लगेको बस र मोटरसाइकल आपसमा ठक्कर खाई दुर्घटना हुँदा भएको क्षति र घटना प्रकृतिसमेतलाई विचार गरी प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ४ महिना कैद र रू. २०००।- जरिवाना गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिने ।

उल्लिखित आधार र कारणबाट प्रतिवादी रामबहादुर थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ४ महिना कैद र रू.२०००।- जरिवाना सजाय हुने ठहर्‍याई

सुरू झापा जिल्ला अदालतबाट मिति २०६६।११।४ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०६७।९।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असार १६ गते रोज ५ शुभम् ।

५

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-०२५७, गोदाम घरमा आगो लगाएको, *नेपाल सरकार वि. विधानचन्द्र साहसमेत*

जाहेरवाला एक्लै नभई छोरा श्रीमतीसमेतसँग साथै रहेको अवस्था छ । परिवारका सबै सदस्य सँगै रहेको स्थितिमा प्रतिवादीहरूले हमला गर्छन भन्ने डरले मात्र आगो लगाएपछि मात्र हार गुहार गरेका हौँ भन्ने जाहेरवालासमेतको भनाइ यथार्थपरक रहेको देखिन आउँदैन । जाहेरवाला एवम् प्रतिवादीहरूबीच पूर्वचलेको अंश मुद्दाको कारण निजहरूको एक आपसमा आपसी तिक्तता र द्वेष रहेको देखिन्छ । त्यसैलाई माध्यम बनाएर जाहेरवालाले अचानक भएको आगलागीको घटना हामीबाट भएको भनी किटानी जाहेरी दिएका हुन् भन्ने प्रतिवादीहरूको जाहेरवालामाथिको शङ्कालाई अन्यथा भन्न सकिने स्थिति नदेखिने ।

घटनाप्रकृतिसँग सिलसिलाबद्धरूपमा मेल खान नआएको जाहेरी र जाहेरवालाको बकपत्र एवम् जाहेवालाको एकाघरकी श्रीमती र छोराको मौकाको कागज र बकपत्र व्यहोरालाई मात्र प्रत्यक्ष प्रमाणको मान्यता दिई प्रतिवादीहरूलाई कसुरदार कायम गर्न न्यायोचित हुने नदेखिँदा सबै प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिएको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको देखिन आयो । जाहेरवालाको किटानी बकपत्रसमेतलाई प्रमाणमा ग्राहण नगरेको भन्ने आधारमा यस अदालतबाट भएको पूर्वप्रत्यर्थी झिकाउने आदेशसँग समेत सहमत हुन नसकिँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।८।२१ म भएको फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

६

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६७-CR-१२८४, वैदेशिक रोजगार ठगी, *विष्णुमाया राई वि. नेपाल सरकार*

कागज हुँदाका मितिसम्म जाहेरवाली र पुनरावेदक प्रतिवादीबीच पूर्वरिसइवी रहेको देखिएको छैन । वैदेशिक रोजगारको कसुर लागी पक्राउ भएपछि उनाउ व्यक्तिहरूले जबरजस्ती सही गराएका हुन् भन्ने मौखिक जिकिरबाहेक अन्य कुनै सबुद प्रमाण प्रतिवादीले पेस गर्न सकेको देखिएको छैन । लिखित कागज प्रमाणको व्यहोरालाई मौखिक भनाइले प्रतिस्थापन गर्न सक्दैन । मिसिल संलग्न उक्त तथ्यहरूबाट जबरजस्ती कागज गराएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिर विश्वासप्रद रहेको नदेखिँदा वैदेशिक रोजगारको प्रलोभन देखाई पुनरावेदकले जाहेरवालाबाट रकम लिएकी रहिनछन भन्न मिल्ने देखिन नआउने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक प्रतिवादीले वैदेशिक रोजगारीको प्रलोभन देखाई जाहेरवालाबाट रू.५,५०,०००।- लिएको, तर, वैदेशिक रोजगारमा पठाइ नसकेको अवस्था पुष्टि भएको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को

दफा ४३ अनुसार बिगो र बिगोको ५० प्रतिशत हुने हर्जानासमेत प्रतिवादीबाट जाहेरवालाले भरी पाउने र प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवानासमेत हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०६७।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७१-CR-०७७२, ०७७९ कर्तव्य ज्यान, भाइसिंह बराइलीसमेत, वि. *नेपाल सरकार र सन्तकुमार बराइलीसमेत वि. नेपाल सरकार*

जाहेरवाली सरस्वता श्रेङले मौकामा यिनै पुनरावेदक प्रतिवादीहरूले मृतकलाई नियन्त्रण / कब्जामा लिई गरेको कुटपिटसमेतका चोट र पीडाले उपचारको क्रममा वारदातको भोलिपल्ट अर्थात् मिति २०६८।६।२ गते मृत्यु भएको भन्नेसमेत व्यहोराले वारदातको सूचना अर्थात् जाहेरी दिएको देखिन्छ । जाहेरवाली सरस्वता श्रेङ, घटना विवरण कागज लेखाउने प्रत्यक्षदर्शी पेम्बा स्याङ्बु शेर्पा, शुक्रराज लिम्बू, तारा बराइली, वस्तुस्थिति मुचुल्काका प्रत्यक्षदर्शी नाबुक लिम्बू, टेकमान लिम्बू, अर्जुन श्रेङ र चन्द्र लिम्बूले अदालतमा साक्षीसरह उपस्थित भई मौकाको आ-आफ्नो व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिँदा प्रत्यक्षदर्शीहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा (१) को खण्ड (क) बमोजिम र जाहेरवालीको बकपत्र ऐ. दफा १८ बमोजिम पुनरावेदक प्रतिवादीहरूको विरूद्ध वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने नै देखिने।

शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु कलेजो र फियोमा चोट लागी अत्यधिक रक्तश्राव भई भएको भन्ने देखिएको र मृतकलाई पुनरावेदक प्रतिवादीहरूले नियन्त्रणमा राखेको अवस्थालाई समेत दृष्टिगत गर्दा पुनरावेदक प्रतिवादीहरूले मृतकलाई मौकामा नियन्त्रणमा लिई कुटपिट गरेको चोटको पीडाले उपचारको लागि लैजाँदै गर्दा मृत्यु भएको तथ्य स्थापित हुन आउने।

पुनरावेदक प्रतिवादीहरू मध्ये को कसले के कस्तो रीत वा तरिकाले मृतकलाई प्रहार वा कुटपिट गर्दा चोट लागी मृतकको मृत्यु भएको भन्ने कुरा मिसिलबाट खुल्न नसकेको भए तापनि हाल न्यायिक प्रक्रियामा रहेका यी ८ जना पुनरावेदक प्रतिवादीहरू फुटबल खेल्न स्थानीय गंगा नि.मा.वि. को खेल मैदानमा मौजुद रहेको तथ्यमा विवाद छैन । त्यसपछि त्यहाँ भएको झगडाको कारण मृतकलाई पुनरावेदकहरूको भीडले नियन्त्रणमा लिई भुइँमा लडाई सबैले कुटपिट गरेको देखिँदा मृतकको मृत्यु अमुक कसैको चोटबाट भएको भन्न सकिने अवस्था नदेखिने।

वारदातको प्रकृति र अवस्था हेर्दा भीडमा भएकामध्ये कुनै खास व्यक्तिले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको भन्ने कुरा देखाउन र पहिचान गर्न गराउन पनि सम्भव हुँदैन । यस्तो अवस्थामा एकभन्दा बढी व्यक्ति र एकभन्दा धेरै कारणले मृत्यु हुनसक्ने अवस्था रहने हुँदा पुनरावेदक प्रतिवादीहरूको कुटपिटको चोट र पीडाले उपचारको क्रममा मृतक बलबहादुर लिम्बूको मृत्यु भएको देखिँदा पुनरावेदन अदालत, इलामले यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं को देहाय ३ बमोजिम जनही जन्मकैदको सजाय हुने ठहर गरेको

मिति २०७१।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको अ.बं. १८८ नं. बमोजिम ३ वर्ष कैद सजाय गर्न राय व्यक्त गरेको छ, सो सम्बन्धमा विचार गर्दा वारदातको दिन साँझ यी पुनरावेदक प्रतिवादीहरू फुटबल खेल्दै गरेको मैदानमा मृतकसमेतका मानिसहरू मादक पदार्थ सेवन गरी खेल मैदानमा प्रवेश गरी पुनरावेदक प्रतिवादी गोपाल भन्ने पासाङ शेर्पासँग मृतकले दादा भत्ता मागेको विषयमा भएको वाद विवाद र झगडाका कारण मृतक आफैँले इटालिएन पेस्तोल निकाली निज गोपाल भन्ने पासाङ शेर्पालाई ताकेर हान्न खोजेको र हान्न लागेको समयमा प्रतिवादी शन्तकुमार बराइलीले मृतकले पेस्तोल अड्ढाएको हात उँभो पारी दिँदा पेस्तोल निजै पासाङ शेर्पाको घरको छाना टीनमा पड्किई टीन प्वाल परेको कारण मौजुद सबैले मृतकलाई नियन्त्रणमा लिएको अवस्थामा भएको कुटपिटको चोट पीडाबाट उपचारको क्रममा मृतकको मृत्यु भएको र बरामदी / घटनास्थल मुचुल्कामा IEQ ७ Round ७.६५ mm इटालियन पेस्तोल १, ऐ. को म्याग्जिन १, ऐ. मा फिट हुने मिस राउण्ड गोली १ समेत मृतक बलबहादुर लिम्बूको साथबाट बरामद भएको देखिँदा मृतकले पुनरावेदक प्रतिवादीहरूसँग पनि झै-झगडा वादविवाद गरी पेस्तोल हान्न खोजेको वारदात भवितव्य हो कि भन्नेसम्मको अवस्थाको कारण पुनरावेदक प्रतिवादीहरूलाई जनही ३ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालतबाट व्यक्त राय सो हदसम्म मनासिब देखिएन। निज पुनरावेदक प्रतिवादीहरूलाई ५ वर्ष कैद सजाय निर्धारण गर्दा पनि न्यायोचित हुने र कानूनको मनसाय पूरा हुने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल वैशाख ८ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-CR-०४६७, ०५१७, कर्तव्य ज्यान, *सम्झना लिम्बू वि. नेपाल सरकार, नेपाल सरकार वि. चन्द्रकुमारी परियार*

प्रतिवादीले मृतकलाई मार्ने मनसायले आक्रमण गरेको नदेखिएको, मृतक श्रीकुमारीले कोदालोले प्रतिवादी सम्झना लिम्बूको खुट्टामा प्रहार गरेको अवस्थामा सम्झना लिम्बूले खुकुरीले प्रहार गरेको देखिएको, बिजुली चोरेर बालेको विषयमा विवाद भएको तथा प्रतिवादी स्वयम् अदालतमा उपस्थित भएको देखिएको, मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको नदेखिएकोले वारदातको प्रकृति र अवस्थालाई विचार गर्दा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्न जाने तथा १२ वर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिँदा प्रतिवादी सम्झना लिम्बूलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्नुपर्ने देखिँदा सदर हुने ठहर्छ। सजायको हकमा प्रतिवादी सम्झना लिम्बूलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद हुने ठहर्छ। पुनरावेदक प्रतिवादी सम्झना लिम्बू र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम्।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-CR-०९९३, कर्तव्य ज्यान, *भिख्खु चौधरी वि.नेपाल सरकार*

मृतकको मृत्यु कर्तव्यबाट भएकोमा विवाद नभएको प्रस्तुत मुद्दामा प्रतिवादीलाई के कुन कसुरमा के कति सजाय हुने हो भन्नेतर्फ हेर्दा प्रतिवादी भिख्खु चौधरीले मृतकले आफ्नो परिवारलाई गुरूवा लगाई कपाउने गरेको भन्ने निहुँमा मार्ने नियतले मृतकको घरमा पुगी फलामको तिखो टुप्पो भएको लाठीले संवेदनशील अङ्गमा पटकपटक सांघातिक आक्रमण गरी मारेको देखिन्छ । ज्यानसम्बन्धीको महलको १३(१) नं. मा धार भएको वा नभएको जोखिमी हतियारले हानी रोपी घोची मरेमा सर्वस्वसहित जन्मकैद हुने कानूनी व्यवस्था रहेकोले प्रस्तुत मुद्दाको वारदात पनि सोहीबमोजिम धार भएको हतियारले मृतकको संवेदनशील अङ्गमा पटकपटक हानी मारेको देखिएको र मृतकलाई मार्नका लागि मृतक बसेको घरमा पुगी मृतकलाई मारेको देखिँदा प्रतिवादी भिख्खु चौधरीको कार्य ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. विपरीतको देखिन आएकाले ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम प्रतिवादी भिख्खु चौधरीलाई १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

अ.बं. १८८ नं. बमोजिम प्रतिवादी भिख्खु चौधरीलाई कम सजाय हुने होइन भनी हेर्दा प्रतिवादी भिख्खु चौधरी रूढिवादी र परम्परागत सोच राख्ने किसिमका मानिस रहेको भन्ने कुरा मृतकले प्रतिवादीको घर परिवारलाई गुरूवा लगाई कपाउने गरी घर परिवारलाई दुःख दिएको भन्ने विश्वासको कारण त्यस किसिमको मृतकको कार्यलाई प्रतिवादीले अत्याचारपूर्ण ठानेको र मृतकलाई मारेको भन्ने कथन व्यहोराबाटै देखिएको छ । यस किसिमको रूढिवादी मनोभावबाहेक अन्य स्वार्थगत टकरावको कारण योजनावद्ध तरिकाले मारेको भन्ने देखिँदैन । वस्तुत: प्रतिवादी भिख्खु चौधरीले वारदात घटनाको बारेमा यथार्थ कुरा व्यक्त गरी न्याय निरूपणमा सहयोग नै पुऱ्याएको र समग्र मिसिल प्रमाणको विश्लेषणबाट यी प्रतिवादीलाई कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिएकोले निज प्रतिवादी भिख्खु चौधरीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद गर्न मनासिब हुने देखिने ।

प्रतिवादी भिख्खुले लाठीको टुप्पोमा धारिलो फलाम भएको लाठीले मृतकको अङ्ग जीउमा हानी घोची काटेको कारण मृतकको मृतकको मृत्यु भएको र प्रतिवादी भिख्खु चौधरीको अदालतको बयानसमेतबाट मृतक बसेको घरमा गई प्रतिवादीले फलामको टुप्पो भएको लाठीले घोची पिटी मारेको देखिँदा निज प्रतिवादी भिख्खु चौधरीलाई ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा सोही १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरी सजाय गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०६७।९।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने र कैदको हकमा निज प्रतिवादी भिख्खु चौधरीलाई अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने ठहर्छ । पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-CR-०३७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चतुरमान तामाङ*

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कारण, रिसइवी, मनसाय केही नदेखिएको बरू घरमा प्रतिवादी चतुरमान आउँदा श्रीमती लिङ्गजोङ्ग रक्सी खाई बसेकी र सोही बखतमा भएको झगडामा मृतकले प्रतिवादीको पाखुरा समात्नेसमेतका कार्य गरी निहुँ खोजेको कारण प्रतिवादी चतुरमान रिस आवेशमा आई धकेल्दा खाटको धारमा ठोक्किन गई लिङ्गजोङ्गको मृत्यु भएको देखिए पनि मार्ने कार्यमा कुनै जोखिमी हतियार प्रयोग भएको नदेखिँदा यी प्रतिवादी चतुरमान तामाङको कार्य ज्यानसम्बन्धीको महलको १४ नं. विपरीत देखिन आउने।

प्रतिवादी चतुरमान तामाङको कार्य ज्यानसम्बन्धीको महलको १४ नं. विपरीत देखिन आएकाले निज प्रतिवादीलाई सोही १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने गरी भएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०६६।१।८ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६९-WO-१०७८, उत्प्रेषण, *दलबहादुर श्रेष्ठ (छिमे) वि. पुनरावेदन अदालत, पाटनसमेत*

रिट निवेदकले विपक्षी प्रभा मानन्धरले महानगरपालिकामा दिएको उजुरीमा आफूलाई विपक्षी नै नबनाएको र आफूलाई सुनुवाइको मौका नै प्रदान नगरी आफ्नोसमेत हकभोगको जग्गामा महानगरपालिकाबाट अनुमति प्राप्त गरी निर्माण गरेको घर टहरालाई अनुमति नलिई निर्माण गरेको भनी ती घर टहरा भत्काउने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको भनी जिकिर लिएको देखिन्छ । निवेदकले कि.नं. १४३ को जग्गा आफ्नो तथा भाइ दिलबहादुर श्रेष्ठसमेतको संयुक्त दर्ताको भई संयुक्तरूपमा भोगचलन गरी आएको भनी रिट निवेदनमा उल्लेख गरेका र सो कुरा मिसिल संलग्न स्रेस्ता पुर्जाबाट समेत पुष्टि भएको देखिन्छ। यसप्रकार दाबीको कि.नं. १४३ को जग्गाको संयुक्त हक भोगकर्तामध्येका एकाघरका भाइ दिलबहादुरलाई विपक्षी बनाई परेको उजुरी सम्बन्धमा म्याद सूचना जारी भई निजले आफैँले बुझिलिएको देखिएको अवस्थामा यी रिट निवेदकले सो उजुरी निवेदनका बारेमा थाहा जानकारी पाउन नसक्ने अवस्था नदेखिने।

रिट निवेदकले काठमाडौं महानगरपालिकाबाट अनुमति प्राप्त गरी घर टहरा निर्माण गरेको भनी लिएको जिकिरसम्बन्धमा विचार गर्दा, मिसिल संलग्न काठमाडौं महानगरपालिकाको मिति २०५४।११।१५ को सिफारिसपत्रमा दिलबहादुर श्रेष्ठलाई अस्थायी टहरा (ग्यारेज) बनाउन स्वीकृति दिइएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । त्यस्तै महानगरपालिकाको मिति २०६५।३।२० को भवन निर्माण इजाजत पत्रमा आवासीय भवन निर्माण गर्ने प्रयोजनका लागि दिलबहादुर श्रेष्ठले नै इजाजत प्राप्त गरेको देखिन्छ । उक्त सिफारिस तथा इजाजत पत्रअनुसार यी रिट निवेदकले घर टहरा निर्माण गर्ने अनुमति वा स्वीकृति प्राप्त गरेको नभई निजका भाइले

प्राप्त गरेको देखिएको र विपक्षी प्रभा मानन्धरले दिएको उजुरीमा घर टहरा निर्माणको अनुमति प्राप्तकर्ता दिलबहादुर श्रेष्ठलाई विपक्षी बनाइएको र निजका नाममा म्याद जारी भई निज आफैँले बुझी म्याद तामेल भएकोमा निजले प्रतिवादै नगरी बसेको तथा महानगरपालिकाले घर टहरा भत्काउने गरी गरेको निर्णयउपर निज दिलबहादुरले कुनै उजुरी वा दाबी गरेको नदेखिँदासमेत रिट निवेदकले लिएको उक्त जिकिर प्रस्तुत रिट निवेदनमा सान्दर्भिक देखिन नआउने।

उल्लिखित आधार कारणबाट निवेदन दाबीको कि.नं. १४३ को जग्गाको संयुक्त दर्तावाला यी रिट निवेदकका एकाघरका भाइ दिलबहादुरका नाममा काठमाडौं महानगरपालिकाबाट जारी भएको म्याद निज दिलबहादुर आफैँले बुझेको देखिँदा निवेदकले सो सम्बन्धमा जानकारी पाउन नसक्ने अवस्था नभएको तथा निवेदकले जिकिर लिएको स्वीकृति र इजाजत पत्र यी रिट निवेदकले प्राप्त गरेको नभई निजका भाइ दिलबहादुरले प्राप्त गरको देखिँदासमेत निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन नै खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७०।३।२ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

इति संवत् २०७३ साल जेठ १८ गते रोज ३ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CR-०६३५, मानव बेचबिखन तथा ओसारपसार, *कमलबहादुर तामाङ वि. नेपाल सरकार*

पीडितलाई आफ्नो साथै विदेश भारत लानुपर्नेसम्मको ठोस कारणसमेत निज पुनरावेदकले देखाउन सकेको अवस्था नदेखिएको र पीडितलाई कुवेत पठाउने भनी घरबाट लिई गएकोमा निज भारतको दिल्लीबाट भागेर फर्की आएको अवस्था छ। प्रस्तुत सन्दर्भमा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ को व्यवस्था हेर्दा "... कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी प्रस्तुत ऐनअन्तर्गतको अपराधमा अभियुक्तले आफू विरूद्धको दाबी खण्डन गर्ने प्रमाण पेस गर्नुपर्ने गरी प्रमाणको भार (burden of proof) अभियुक्तउपर निर्धारण गरेको अवस्था हुँदा कानूनले कठोर दायित्वको सिद्धान्त (strict liability) अनुशरण गरेको देखिएको प्रस्तुत पृष्ठभूमिमा यी पुनरावेदकको पीडितहरूलाई भारत पुर्‍याउने कार्यमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि भइरहेको देखिएको र पीडितलाई आफूसँग विदेश भारत लैजाने कुनै युक्तियुक्त ठोस आधारसमेत निजले देखाउन सकेको छैन । यस्तो अवस्थामा निजले अभियोग दाबीबमोजिमको कसुर गरेको होइन भनी मान्न मिल्ने अवस्था नभएकोले पुनरावेदक प्र. कमलबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) को कसुरमा ऐ. ऐनको दफा १५(१) को (ङ)(१) बमोजिम १०(दश) वर्ष कैद र रू.५०,०००।- (पाचास हजार) जरिवानासमेतको सजाय गरी जरिवाना अङ्कको ५० प्रतिशत बराबरको रकम प्रतिवादीबाट पीडित मनकुमारी राईलाई क्षतिपूर्ति भराइदिने गरी भएको पुनरावेदन अदालत, इलामको

मिति २०६८।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की, ०७१-CI-०७०२, परमादेश, *विभुतिनाथ मिश्रसमेत वि. विष्णुमाया श्रेष्ठ*

विद्युत् प्राधिकरण एक स्वशासित संगठित संस्था हो। यसले कुनै व्यक्ति विरूद्ध मुद्दा दायर गर्न र यसउपर पनि कसैले मुद्दा दायर गर्न सक्छ। विवादित जग्गामा रहेको कुनै व्यक्ति, कम्पनी वा स्वशासित संस्थाले विद्युत् महसुल बुझाउन बाँकी रहेको थियो भने सम्बन्धित निकायमा कारवाही चलाउन, असुलउपर गर्न, त्यस्ता जग्गा वा भौतिक संरचना अर्को व्यक्तिलाई हक हस्तान्तरण गर्न रोक लगाउन र नगरपालिकालाई समेत त्यस्तो जग्गामा कुनै नयाँ संरचना निर्माण गर्न नक्सा स्वीकृत नगरिदिनको लागि सहयोगको आग्रह गरेको हुनुपर्ने हो। प्रस्तुत विवादमा त्यस्तो कारवाही चलाएको भन्ने कुरा लिखित जवाफमा विपक्षीले व्यक्त गरेको देखिएन। अर्कोतर्फ जे जुन व्यक्तिहरूको हकमा महसुल बक्यौता रहेको छ, निजहरूको नाउँको सम्पत्ति खोजी गरी सरकारी बाँकीसरह असुल गर्नेतर्फ कारवाही चलाउन पाउने अधिकार विद्युत् प्राधिकरणसँग अद्यपि सुरक्षित नै रहने हुन्छ। प्रस्तुत विवादमा विपक्षी विद्युत् प्राधिकरणले त्यतातिर प्रक्रिया चलाएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिने।

मानव जीवनका दैनिक उपभोग्य वस्तुहरूमध्ये विद्युत् सेवा पनि रहेको छ। त्यसमा पनि भौगोलिकरूपले अधिक गर्मी हुने क्षेत्रमा विद्युत्को अति नै आवश्यकता महसुस हुने गर्दछ। मौसमअनुसार तातो चिसो बनाउने उपकरणदेखि लिएर टी.भी., रेडियो, कम्प्युटरलगायत इन्टरनेटको प्रयोगमा त विद्युत् सेवा नभई नहुने नै हुन्छ। विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९ मा प्राधिकरणको काम, कर्तव्य र अधिकारको व्यवस्थामा अन्य कुराको अतिरिक्त *विद्युत् उत्पादन, प्रसारण र वितरण गरी विद्युत् आपूर्ति गर्ने जस्ता कार्य तोकेको* पाइन्छ। मानवको मर्यादित जीवनयापनका लागि अन्य कुराको अतिरिक्त बिजुली (प्रकाश) को आवश्यकता एक आधारभूत आवश्यकताको रूपमा रहेको हुन्छ। विद्युत् उत्पादन प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्ति गर्ने व्यवस्था गर्न नेपाल विद्युत् प्राधिकरण स्थापना र सञ्चालन गर्न नेपाल विद्युत् प्राधिकरण ऐनको तर्जुमा भएको र सो ऐनको आधारमा विद्युत् प्राधिकरणद्वारा जारी भएको विनियमावली, २०६९ को विनियमअनुसार कालो सूचीमा रहेको सम्पत्ति बिक्री गर्दा अंशबन्डा गरी प्राप्त गर्दासमेत सो घर र घरले चर्चेको कम्पाउन्डभित्र निजको स्वामित्वमा रहेको लाइन जडान नगरिने भन्ने व्यवस्था जहाँसम्म छ, त्यसलाई विश्लेषण गरी हेर्नुपर्ने हुन आउँछ। जसमा विद्युत् महसुल बाँकी रहेको ग्राहकका नाममा रहेको सम्पत्ति रोक्का राख्ने व्यवस्था भएको पाइँदैन। यसरी रोक्का राख्ने व्यवस्था नभएको अवस्थामा खरिद गर्ने नागरिकले कुनै जग्गा कालोसूचीमा परे नपरेको के आधारमा थाहा पाउने भन्ने कुरा विचारणीय हुन जाने।

नागरिकका यी अधिकारहरूलाई सुनिश्चित गर्ने सन्दर्भमा प्रस्तुत मुद्दालाई केन्द्रविन्दुमा राखेर हेर्दा सुरक्षित आवासको लागि मालपोत कार्यालय, नगरपालिका, विद्युत् सेवा प्रदान गर्ने विद्युत् प्राधिकरण, दुरसञ्चार कार्यालय, प्रशासनिक निकाय, प्रहरी र न्यायालयसमेत पर्दछन्। यी निवेदकलाई मालपोत कार्यालयले सम्पत्ति हस्तान्तरण गर्ने, नगरपालिकाले आवास निर्माण गर्न नक्सा पास गरिदिनेसमेत सबै

तर्फबाट आफ्नो हक उपभोग गर्न निर्वाधरूपले वातावरण उपलब्ध गराइरहेकोमा हाल आएर बिनाकारण एक निकाय विपक्षी नेपाल विद्युत् प्राधिकरणले विद्युत् सेवा प्रदान नगरी निवेदकको हक अवरूद्ध गर्न मानवीय हिसाबमा समेत सुहाउन मिल्ने देखिएन । सार्वजनिक निकायको काम कारवाहीबाट नागरिकको अधिकारमा आघात परेको देखिएमा न्यायालयले असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नुपर्ने हुन आउँछ । आजको एक्काइसौं शताब्दीमा मानव जीवनयापनका लागि शहरको आवासमा प्रकाश (बिजुली) आधारभूत आवश्यकता (basic need) का रूपमा लिइने एक साधन भएको छ ।

संस्था वा व्यक्तिको नाउँमा रहेको विद्युत्को बक्यौता महसुलको हवाला दिएर यी विपक्षी निवेदिकाको हक प्रचलन अवरूद्ध हुने कार्य कुनै दृष्टिकोणबाट न्यायोचित भन्न सक्ने अवस्थाको विद्यमानता नदेखिँदा निजको नाममा दर्ता रहेको जग्गामा निर्माण भएको घरमा विद्युत् जडान नगर्ने भनी यी पुनरावेदकले पेस गरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि उल्लेख गरेबमोजिम निवेदकबाट विपक्षीले बाँकी विद्युत् महसुल असुलउपर गर्नुपर्ने अवस्था नदेखिँदा निजको मागबमोजिमको घरमा विद्युत् लाइन जडान गरिदिनु भनी परमादेशको आदेश जारी हुने ठहरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।०३।१६ को अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की, ०६९-CI-०७६९, ०७२-CI-१५२७, उत्प्रेषण / परमादेश, *प्रेमकुमार साह वि. राजदेव साह*, राजदेव साह वि. हरैया *समनपुरसमेत*

कुनै पनि निकायमा प्रमुखको पद खाली रहेको अवस्थामा सो पद स्थायीरूपले पुर्ति नभएसम्म तत्काल कार्य सञ्चालनलाई सूचारू रूपले सञ्चालन गर्न आवश्यक भई निमित्त पदमा नियुक्ति गरिन्छ । त्यसरी नियुक्ति गर्दा वरिष्ठता, योग्यता र क्षमता एवम् निष्पक्षतासमेतलाई आधार बनाएर नियुक्ति गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा समेत विद्यालयमा रहेको प्रधानाध्यापक पदको स्थायी नियुक्ति नभएसम्मको लागि उक्त विद्यालय सञ्चालन गर्न योग्यतम व्यक्तिलाई नियुक्ति गरेको देखिँदा यसबाट निवेदकको कुनै कानूनी हकमा आघात परेको अवस्था नदेखिने ।

विद्यालय जस्तो पवित्र स्थानमा राजनीतिक आस्थाको आधारमा शिक्षक तथा प्रधानाध्यापक नियुक्ति गरिँदा विद्यालयमा राजनीति हावी हुन गई विद्यालयको नियमित पठन पाठनमा असर पर्ने मात्र नभई योग्य, प्रतिस्पर्धी, क्षमतावान् एवम् अनुभवी शिक्षकको कमी हुन गई बालबालिकाले नेपालको संविधानले प्रत्याभूत गरेको गुणस्तरीय शिक्षा पाउने हकबाट नै वञ्चित हुनुपर्ने हुन्छ । त्यसका अतिरिक्त जसरी रिक्त रहेको प्रधानाध्यापकको पदपूर्ति गर्दा शिक्षा नियमावलीको नियम ९३ एवम् अनुसूची १३ को आधारमा योग्यता, क्षमता, अनुभव, तालिम एवम् वरिष्ठता जस्ता पक्षलाई ध्यान दिएर नियुक्ति गरिन्छ त्यसरी नै प्रधानाध्यापकको पदपूर्ति नभएसम्म निमित्त प्रधानाध्यापकको नियुक्ति गरिँदा योग्यता, क्षमता, अनुभव, तालिम एवम् वरिष्ठता जस्ता पक्षलाई ध्यान दिनुपर्ने ।

विपक्षी विद्यालयमा प्रधानाध्यापकको पद रिक्त रहेको र प्रधानाध्यापकको व्यवस्था सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम ९३(२)

अनुसार तथा अनुसूची १३ बमोजिम छनौटका आधारहरूलाई प्राथमिकता दिई कानूनी प्रक्रिया पूरा गरी पारदर्शीरूपले विधि प्रक्रिया पूरा गरी योग्य शिक्षकलाई प्रधानाध्यापकको नियुक्ति प्रक्रिया पूरा गर्नुको साथै स्थायीरूपले प्रधानाध्यापकको नियुक्ति नभएसम्मको लागि कानून नियमअनुसार गरी निमित्त प्रधानाध्यापकको व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने तथा विपक्षी प्रेमकुमार साहले मिति २०६८।१२।१७ मा निमित्त प्रधानाध्यापकको नियुक्ति गरी काम गरिरहेको हुनाले निजबाट भएको कामको वैधतालाई समेत विचार गर्दा उत्प्रेषण आदेश जारी गरी रहन नपर्ने एवम् शिक्षा नियमावली, २०५९ को नियम ९३(२) एवम् अनुसूची-१३ बमोजिम छनौटको आधारमा रिक्त रहेको प्रधान नियुक्ति गर्नुको साथै प्रधानाध्यापकको नियुक्ति नभएसम्म शिक्षा नियमावलीको अधीनमा रही निमित्त प्रधानाध्यापकको व्यवस्था मिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।८।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्।

इजलास नं. ५

१

मा.न्या. श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-WO-०७१८, उत्प्रेषण / परमादेश, *चेतनारायण राय थारू वि. पुनरावेदन अदालत, बुटवलसमेत*

वादीले दायर गरेको अंश नामसारी मुद्दामा वादीले कि.नं.हरू २०, २१, २८, ३८, ४४, ६९, ८९, १००, १११, १४६ र १६९ को जग्गाहरूबाट आधा अंश पाउने ठहरी फैसला भएको ती जग्गाहरूको पनि शेषपछिको बकसपत्र भएकोले लिखत बदर मुद्दामा वादी दाबी नपुग्ने ठहर गर्दा यी दुई फैसला परस्परविरोधी हुनजाने भई अंश मुद्दामा भएको फैसला कार्यान्वयन गर्न बाधा पर्ला भनेर अंश मुद्दामा भएको फैसलाको कार्यान्वयनलाई सजिलो पार्नका लागि लिखत बदर मुद्दाको फैसलामा उक्त बोली परेको पाइन्छ । उक्त फैसलाबाट परमीदेवीले वादीको अंश पुग्ने जग्गासमेत बकसपत्र गरेको अवैध ठहर्‍याई सो हदसम्म उक्त लिखत बदर गरेको र परमीदेवीले आफूखुसी गर्न पाउने बाँकी आधा जग्गाको लिखत यथावत् कायम राखेको र वादीको हक मात्र बदर भएको शेषपछिको बकसपत्र लिखतका जग्गाहरू वादीले अंश मुद्दाको फैसला कार्यान्वयनबाट प्राप्त गरिसकेको कुरा स्पष्ट देखिन्छ । अंश र लिखतबदर मुद्दाको विषयवस्तु एउटै देखिएको र दुवै मुद्दाको फैसलाबाट निवेदकले उही र उत्तिकै जग्गा प्राप्त गरेको र सोहीबमोजिम फैसला कार्यान्वयन भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम्।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७२-WH-००५२, बन्दीप्रत्यक्षीकरण, *परशुराम कँडेल वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

पुनरावेदन अदालतको फैसला किर्ते कागजको महलको १२ नं. वा मिसिल प्रमाणविपरीत रहेको भन्ने कुरालाई निवेदकले सिद्ध गर्नुपर्ने दायित्वलाई

निवेदकले भुल्न मिल्छ त यो पनि स्मरणीय छ तर निवेदकले प्रस्तुत रिट निवेदनमा त्यसतर्फ एक शब्द पनि उल्लेख गर्न सक्नु भएको पाइँदैन। नभएको झुट्ठा व्यहोरा लेखी लेखाई प्रतिवादी नवराज सुवेदीले किर्ते रजिस्ट्रेसन लिखत तयार गरेको, प्रतिवादी परशुराम कँडेलले मालपोत कार्यालयका प्रमुख, तहरीर र फाँटवालाको दस्तखत गर्ने महलमा आफ्नो ल्याप्चे लगाई दस्तखत गरेको र प्रतिवादी हरिश्चन्द्र कँडेल सो लिखतमा साक्षी बसेको भन्ने निवेदकसमेत विरूद्धको आरोप छ । कानूनको भाषाले सरल र स्वाभाविक अर्थ दिएसम्म सोही अर्थ गर्नुपर्ने कानून व्याख्याको स्वर्णिम सिद्धान्त मानिन्छ। किर्ते कागजको १२ नं. मा सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज किर्ते गर्नेलाई ...भनी भएको कसुरको परिभाषामा तीनवटा कार्यको विवरण रहेको पाइन्छ । ती कार्यहरूका बीचमा दुई ठाउँमा वा अक्षरको प्रयोग भएबाट उल्लिखित तीन काममध्ये तीनवटै वा दुईवटा वा एउटा मात्र कार्य पनि किर्ते कागजको १२ नं. आकर्षित हुनको लागि पर्याप्त मानिन्छ। किर्ते कागजको १२ नं. को कसुर उद्योगमा सीमित कसुरको रूपमा निर्माण भएको नभई पूर्ण कसुरको रुपमा निर्माण भएको पाइन्छ । उक्त १२ नं. मा विवादास्पद लिखत कुनै सरकारी कार्यालयमा पेस हुनुपर्ने। त्यसबाट कसैलाई हानि नोक्सानी पुगेको र कसैले फाइदा लिएको हुनुपर्ने जस्ता कुनै पूर्वावस्थाको विद्यमानता रहेको पाइँदैन । तथापि छोराको फाइदाको लागि आफूबाट लिखत तयार भएको भन्ने प्रतिवादीको स्वीकारोक्तिसमेत रहेको मिसिल प्रमाणको अवस्थाबाट प्रतिवादीहरूले तयार गरेको लिखतबाट प्रतिवादी परशुराम र निजको छोरालाई फाइदा पुग्ने देखिँदा सो लिखतबाट कसैलाई फाइदा हुनसक्ने नदेखिएको भन्ने सुरू जिल्ला अदालतको ठहर तथ्यपरकसमेत देखिँदैन। निवेदकले भने जस्तो पुनरावेदन अदालतको फैसलालाई विवादास्पद फैसला भन्न मिल्ने स्थिति नदेखिने।

अतः माथि उल्लेख भएबमोजिम फैसलाले ठहरेको कैदबापत रिट निवेदक थुनामा रहेका त्यसलाई गैरकानूनी मान्न नसकिने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैदबाट मुक्त गरिपाउँ भनी निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्दा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल जेठ १४ गते रोज ६ शुभम्।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा, ०७०-CR-०१९९, ०२४१, ०७०-RC-०११८, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *सन्तबहादुर तामाङ वि. नेपाल सरकार, मनबहादुर मास्की वि. नेपाल सरकार, नेपाल सरकार वि. लालबहादुर मगरसमेत*

जाहेरी दरखास्त, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानसमेतका आधार प्रमाणहरूबाट प्रतिवादीहरू लालबहादुर मगर, जिरा मगर, सन्तबहादुर तामाङ, मनबहादुर मास्की मगर, मनबहादुर आले मगर, कुलबहादुर मगर, बुद्धिबहादुर लामा (तामाङ), सुरेश आले मगर र जीतबहादुर आले मगरसमेतले बोक्सीको आरोपमा वृद्ध जीतबहादुर तामाङलाई प्रतिवादीहरू मिली समूहमा गई राति सुतेको अवस्थामा उठाई वीभत्स तरिकाले कर्तव्य गरी मारी सोही अवस्थामा सुकमाया तामाङलाई समेत ज्यान मार्ने उद्देश्यले कुटपिट गरी सख्त घाइते

बनाई ज्यान मार्ने उद्योगसमेतको कसुर गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जनही जन्मकैद र ऐ. महलको १५ नं. बमोजिम ५ वर्ष कैदको सजाय हुने गरी गोरखा जिल्ला अदालतबाट मिति २०६८।८।२६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।२।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी कनैया चौधरीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भन्ने आधारमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम विचार गर्दा बरामदी मुचुल्का तथा शव परीक्षण प्रतिवेदन यी प्रतिवादीहरूले मृतकलाई जोखिमी हतियारको प्रयोग गरी अमानवीय तवरबाट हत्या गरेको अवस्थासमेत देखिँदैन । प्रतिवादीहरू सबै मिली लाठी, रड, ढुङ्गा, टर्चलाइट प्रयोग गरी कुटपिट गरेको र सोही कुटपिटको कारणबाट जीतबहादुर तामाङको मृत्यु भएको तर सोही अवस्थामा निजकी श्रीमती सुकमाया तामाङ घाइते भएको अवस्थासमेतबाट यी प्रतिवादीहरूको मार्ने नै मनसाय रहेको थिएन कि भनी अनुमान गर्न सकिने अवस्था देखियो भने यी मृतकले घरमा रहेका वस्तुभाउ र जग्गाजमीन सबै बेची पोखरा जाने हो । हामी जानुभन्दा अगाडि २ जनालाई मारेर मात्र जान्छौं भन्दै हिँडेकाले पक्कै यिनीहरूको हामीसँग रिसइवी छ बोक्सीको छौंडा लगाई वाण हानेर मार्छन् भनी यी प्रतिवादीहरू विश्वासमा परेको कुरा प्रतिवादी लालबहादुर मगरसमेतले अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिँदा आफूहरूको ज्यान जानसक्ने त्रासमा परी कर्तव्य गरेको अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादीहरूलाई जन्मकैद गर्दा चर्को पर्न जाने देखियो। यी प्रतिवादीहरूलाई अ.ब.१८८ नं .को प्रयोग गरी सजायमा केही कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्दतिअनुरूप नै हुने देखिने ।

अत: प्रस्तुत मुद्दामा गोरखा जिल्ला अदालतले यी प्रतिवादीहरूलाई जनही जन्मकैद हुने गरी गरेको फैसलालाई पुनरावेदन अदालत, पोखराले सदर गरेको र उक्त फैसलालाई यस इजलासबाट समेत सदर गरिसकेको अवस्थामा यी प्रतिवादीहरू सामुहिकरूपमा गई लाठी ढुङ्गाजस्ता कम जोखिमी हतियार प्रयोग गरी कुटपिट गरेको कारणसमेत भएकोले प्रतिवादीहरू लालबहादुर मगर, जिरा मगर, सन्तबहादुर तामाङ, मनबहादुर मास्की मगर, मनबहादुर आले मगर, कुलबहादुर मगर, बुद्धिबहादुर लामा (तामाङ), सुरेश आले मगर र जीतबहादुर आले मगरलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. अनुसार यी प्रतिवादीहरूको हकमा जनही १८(अठार) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७२-WH-००४४, बन्दीप्रत्यक्षीकरण, प्रल्हाद राई वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत

मिति २०७१।९।२५ मा भएको यस अदालतको आदेशानुसार तोकिएको रकम दाखिल गर्न नआई म्यादै गुजारी बसेपश्चात् निजको पुनरावेदन पत्र दर्ता नै हुन नसकी वादी तथा अन्य प्रतिवादीको पुनरावेदन परी सुरू धादिङ जिल्ला अदालतको

फैसला सदर हुने ठहरी फैसला भएपश्चात् सो फैसला अन्तिम भएकोले निवेदकको मागबमोजिम सुविधा प्रदान गर्न र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गर्नसक्ने अवस्थाको विद्यमानता नहुँदा निवेदकको मागबमोजिम आदेश जारी गरी निजलाई थुनामुक्त गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CR-०५१६, कर्तव्य ज्यान, *उषादेवी झा वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्षको बयानमा इन्कारी बयान गरे तापनि प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन । प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउनु सक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने।

माथि प्रकरणमा विवेचित आधार प्रमाणबाट यी प्रतिवादी उषादेवी झाले कुटपिट गरी सोही चोटपीरबाट अमरजीत यादवको मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी उषादेवी झालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. को विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०६७।१।२८ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।२२ को फैसला सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

अब, प्रतिवादी उषादेवी झाको हकमा यी प्रतिवादीको किराना पसलबाट मृतकले बिस्कुट चोरेको कारण कुटपिट गरेको देखिन्छ । मृतकलाई मार्नै पर्ने भन्ने पूर्व रिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले कुटपिट गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन ।। निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी कुटपिट गरेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा वारदातस्थलमा भएको बिस्कुट चोरेको कारण उठेको रिस थाम्न नसकी तत्कालै गरेको कुटपिटको कारण अमरजीत यादवको मृत्यु भएको देखिँदा प्रतिवादी उषादेवी झालाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम सजाय गर्न मनासिब हुने भनी ८ (आठ) वर्षको कैद सजाय गर्ने भनी पुनरावेदन अदालत, जनकपुरको राय मनासिबै हुँदा प्रतिवादी उषादेवी झालाई ८ (आठ) वर्ष कैद हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-००३७, ००३८, ००३९, कर्तव्य ज्यान, *दीपक विश्वकर्मा वि. नेपाल सरकार, तुलबहादुर स्याङ्तान वि. नेपाल सरकार, कृष्णबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीहरू दिपक विश्वकर्मा र तुलबहादुर स्याङतानले अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष बयान गर्दासमेत कसुरमा साबित रहेको देखिन्छ भने अर्का प्रतिवादी कृष्णबहादुर वि.क. अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबित रहेको भएपनि अदालतसमक्ष बयान गर्दा भने कसुरमा इन्कार रहेका छन्। तर निजको कसुरमा संलग्नता रहेको भनी सहअभियुक्तहरूले अदालतसमक्ष समेत पोल गरिदिएको पाइन्छ । आफूसमेत कसुर गरेको भनी अदालतमा साबित रहेका प्रतिवादीहरूले सहअभियुक्तको हकमा गरेको पोललाई समेत प्रमाण लिन मिल्ने नै देखिन्छ। अदालतसमक्ष बकपत्र गर्ने घटना विवरणका उमानाथ गौतमलगायतका व्यक्तिहरूले पनि यी तिनै जना प्रतिवादीहरू उक्त वारदातमा संलग्न रहेको भनि लेखाइदिएको पाइयो । यसप्रकार प्रतिवादीहरू स्वयम्को बयान कागज लास जाँच एवम् घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागजका व्यक्तिहरूको भनाइ एवम् घरमा लास देखी मृत्युको बारेमा प्रतिवादीहरूले तत्काल व्यक्त गरेको भनाइ थाहा पाउने सहअभियुक्तहरू आरोपित कसुरमा साबित रही गरेको पोलसमेतको बयानलगायतका सम्पूर्ण कागज प्रमाणबाट मृतक अमृता पौडेलको मृत्यु यी तीनैजना प्रतिवादीहरूको कर्तव्यबाट भएको तथ्य प्रमाणित हुन आउने।

मिसिल संलग्न कागज प्रमाण हेर्दा वारदातका दिन मृतक अमृता पौडेल बाख्रा थुन्न आएका बखत निजलाई समाती गोठमा लगी सलले मुख थुनी मृतकलाई बाबु कृष्णबहादुरलाई समाती राख्न भनी आफू प्रतिवादी तुलबहादुर स्याङतानलाई बोलाई ल्याई निजहरूको सहयोगमा मृतकको घाँटी थिची मारेको तथ्य स्थापित भएको देखिन्छ । मृतकको मृत्युपश्चात् उक्त लास आफ्नो घरमा लगी खाटमुनी लुकाई राखी साँझको समयमा पाठक खोल्सीमा लगी फालेको कुरासमेत प्रमाणित भई आएको देखिन्छ। यसरी मृतकको कर्तव्य गरी मार्नमा प्रत्यक्ष भूमिका निर्वाह गरेका यी पुनरावेदनकर्ता दिपक वि.क.ले आफ्नो पुनरावेदन जिकिरमा आफूले कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकाले सजाय कम हुनुपर्ने र सजायबाट नै उन्मुक्ति पाउनु पर्ने जिकिर लिएको पाइयो। सो सम्बन्धमा हेर्दा गौतम परिवारसँग आफ्नो पुरानो रिसइवी रहेको र निजको परिवारबाट बाख्रा थुन्न जो आउँछ त्यसलाई मार्नुपर्छ भन्ने पूर्वयोजनासहित प्रस्तुत वारदात घटाएका यी प्रतिवादीले मामा घर बस्ने १३ वर्षकी कलिलो उमेरकी निर्दोष बालिकालाई पाशविक एवम् निर्मम तरिकाले घाँटी थिची मारेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट प्रमाणित भइरहेको अवस्थामा सजायबाट उन्मुक्ति पाउनु पर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने परिस्थिति न्यायिक मन, चित्त र ब्रह्मले समेत दिँदैन। जहाँसम्म कसुरमा साबित रही अनुसन्धानमा सहयोग गरेकाले सजायमा छुट पाउनु पर्छ भन्ने पुनरावेदन जिकिर छ सो सन्दर्भमा हेर्दा यसरी बाख्रा थुन्न गएकी अवोध बालिकाको हत्या गरी उक्त लास घरमा लगी लुकाई राख्ने र साँझ परेपछि खोल्सीमा लगी फाल्ने एवम् कसैले थाहा नपाओस् भनी घरका सदस्यलाई समेत वारदातका बारेमा जानकारी नगराउन धम्काउने र वारदातको कुरामा भ्रमित पार्न लास खोज्न सहयोग गरेझैं गर्ने गरेको पाइन्छ । वारदातका बारेमा भाग्न

उम्कन सक्नेजति हतकन्डा प्रयोग गरी अपराध लुकाउन खोजेको र वारदातपछि प्रहरीसमक्ष समर्पण गरेको नभई पक्राउ भएको देखिन्छ । यसप्रकार वारदातपछि प्रहरीले पक्राउ गरेपश्चात् मात्र यिनले साबिती बयान दिएकै भरमा सजायमा छुट दिनु भनेको न्यायिक अराजकता र अपराधलाई प्रश्रय दिनुजस्तै हो । त्यसैले निजको पुनरावेदन जिकिर एवम् विद्वान् अधिवक्ताको बहससँगसमेत सहमत हुनसक्ने अवस्था देखिएन । अतः निज प्रतिवादी दिपक वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

अर्का प्रतिवादी तुलबहादुर स्याङतानलाई भएको सजायका सम्बन्धमा विचार गर्दा निजले मृतक अमृता पौडेललाई मार्नुपर्ने कुनै कारण रहेको नभए पनि प्रतिवादी दीपक वि.क.ले निजसँग वारदातपूर्व गौतम परिवारका व्यक्तिलाई मार्नुपर्छ, सो कार्यमा मलाई सहयोग गर्नुपर्छ भनी सहयोग मागेको र सोहीबमोजिम मत सल्लाहमा परी निजले स्वीकृति दिएको तथा वारदातस्थलमा गई मृतकको खुट्टा तथा शरीर पक्री मृतकलाई मार्नमा प्रतिवादी दिपक वि.क.लाई सघाएको एवम् मृतकको लास बोकी दिपक वि.क.को घरसम्म पुर्‍याएको कुरा मिसिल संलग्न निजको बयान कागजलगायतका प्रमाणबाट पुष्टि भइरहेको देखिन्छ । यसरी मृतकलाई मार्नमा पूर्णसहयोग गरी मार्ने कार्यमा प्रत्यक्ष संलग्न रहेका यी प्रतिवादीले आफ्नो मार्नुपर्नेसम्मको रिसइवी नरहेको कारण सफाई पाउनु पर्छ भन्ने जिकिरसँग सहमत हुन सकिने अवस्था रहेन । साथै आफ्नो उमेर भर्खर १६ वर्ष पूरा गरी १७ वर्षमा प्रवेश गरेकोले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १ बमोजिम १८ वर्षमुनिको उमेरलाई नाबालक मान्नु पर्ने भएकाले आधा मात्र सजाय हुनुपर्छ भन्ने दाबी प्रस्तुत गरेको देखिन्छ । सो सम्बन्धमा हेर्दा निजले अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष बयान गर्दा आफ्नो उमेर १७ वर्ष भयो भनी लेखाई दिएको देखिन्छ । प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) ले "बालक भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ" भन्ने व्यवस्था गरेको देखिँदा बाल बिज्याईअन्तर्गतका कसुरमा सो ऐनले निर्धारण गरेमुताबिक सजाय निर्धारण गर्ने व्यवस्था भए पनि उक्त उमेर पूरा गरिसकेको व्यक्तिको हकमा प्रचलित कानूनले निर्धारण गरेबमोजिम कै सजायमा निर्धारण हुने र सजाय छुट वा सुविधा प्राप्त गर्न सकिने अवस्था देखिँदैन । जहाँसम्म नेपाल पनि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को पक्ष राष्ट्र भएकाले सोमा तोकिएबमोजिम १८ वर्ष मुनीको व्यक्तिलाई बालक सम्झनु पर्छ भन्ने जिकिर छ सो सम्बन्धमा हेर्दा बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention of the Right of child, १९८९) को Arcticle १ मा "For the purpose of the convention a child means every human being below the age of eighteen years unless under the law applicable to the child" भन्ने उल्लेख भएको छ । उक्त महासन्धिको सो प्रावधानले पक्षराष्ट्रलाई आफ्नो राष्ट्रिय कानूनमा बालबालिकाको उमेर तोक्ने छुट प्रदान गरेको देखिन्छ । तसर्थ मृतक अमृता पौडेलको कर्तव्य गरी मार्नमा प्रत्यक्ष संलग्न रहेका यी प्रतिवादीले कसुरबाट सफाई अथवा आधा सजाय गरिनु पर्छ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद सजाय गर्ने गरी

सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू कृष्णबहादुर वि.क. र दिपक वि.क. बाबु छोरा दुवै जनाले सल्लाह गरी मृतकलाई मारी निजको लास घरमा ल्याई पाठक खोल्सीमा फाल्ने एवम् वारदात दबाउने छिपाउनेसम्मको क्रियामा यी प्रतिवादीको संलग्नता पुष्टि भइरहेको अवस्थामा केवल निजको अदालतसमक्ष इन्कारी बयानलाई मात्र आधार मानेर यी निर्दोष रहेछन् भन्न सकिने अवस्था पनि देखिँदैन। साथै निजले आफूलाई प्रहरीले एकदुई पटक पिटेकाले डरले सो बयानमा दस्तखत गरेको हुँ भनी अदालतसमक्ष इन्कार रहे पनि निजले अदालतसमक्ष म्याद थप एवम् अभियोगपत्र दर्तालगायतका कुनै पनि चरणमा उक्त कुरालाई खण्डन गर्न स्वास्थ्य परीक्षण गरी पाउन माग गरेको पनि देखिँदैन । हाल यस अदालतसमक्ष पेस गरेको पुनरावेदन पत्रमा निजले आफ्नो उमेर ७१ वर्ष पुगेको वृद्ध व्यक्ति भएकाले यस्तो जघन्य कसुर आफूबाट हुन नसक्ने भएकाले सजायबाट उन्मुक्ति पाउनुपर्छ भन्ने जिकिर लिएको भए पनि मिसिल संलग्न कागज प्रमाणबाट आरोपित कसुरमा निजको संलग्नता स्पष्टरूपमा पुष्टि भइरहेको र सो कुरा खण्डित गर्ने कुनै वस्तुनिष्ठ प्रमाण पनि पेस गर्न नसकेको अवस्थामा केवल ७१ वर्षको वृद्ध अवस्थाको उमेर कै आधारमा मात्र सजायबाट उन्मुक्ति दिन मिल्ने देखिँदैन। साथै यस्तो पाको उमेरका व्यक्तिले उक्त वारदात हुनबाट रोक्नुपर्नेमा उल्टै मार्ने कार्यमा प्रत्यक्ष संलग्न रही संयोगसमेत पारेको देखिन्छ । तसर्थ मृतक अमृता पौडेलको कर्तव्य गरी मार्ने कार्यमा संयोग पारी दिन प्रतिवादी कृष्णबहादुर वि.क.को प्रत्यक्ष संलग्नता पुष्टि भइरहेकाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

अतः माथि विवेचित आधार र कारणबाट यी तीनैजना प्रतिवादीहरूको कर्तव्यबाट मृतक अमृता पौडेलको मृत्यु भएको तथ्य पुष्टि हुन आएको र मामाघरमा आएको एउटा १३ वर्षको अवोध एवम् निर्दोष बालिकाको जघन्य एवम् पाशविक तरिकाले हत्या गरेको तथ्य स्थापित हुन आएको अवस्थामा प्रतिवादीहरूलाई सजायबाट उन्मुक्ति एवम् छुट सुविधा दिन सकिने परिस्थितिको विद्यमानतासमेत देखिँदैन । तसर्थ यी प्रतिवादीहरू क्रमशः दिपक वि.क.लाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीद्वय कृष्णबहादुर वि.क. र तुलबहादुर स्याङतानलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१२।६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ २८ गते रोज ६ शुभम्।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CI-१०६६, परमादेश, *मदनकुमार राना वि. जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौंडासमेत*

निवेदकले दाबी लिएको मौजा नं.१०२ को जग्गा दिने रामप्रसाद कुइकेल लिने मिनुदेवी र इन्दीरादेवी भई र.नं. ७३२ मिति २०३१ सालमा

रजिस्ट्रेसन पारित भई निजहरूको नाउँमा दर्ता कायम रहेको जग्गा देखिन्छ। उल्लिखित जग्गामा आफू मोही रहेको भन्नेसम्मको पुनरावेदकको जिकिर देखिएकोले सो जग्गामा निजको निर्विवादित हक स्थापित भइसकेको अवस्थाको विद्यमानता नभई अधिकार नै शङ्कापूर्ण वा विवादास्पद प्रकृतिको देखियो । रिट निवेदन व्यहोरा हेर्दा कुन कानूनले प्रदत्त निवेदकको हकमा विपक्षीहरूले आघात पुर्‍याएको हो भन्ने कुरा खुलाउन सकेको पनि देखिएन । वस्तुतः आफ्नो निर्विवादित हक स्थापित भइनसकेको विषयमा परमादेशको निवेदनबाट उपचार पाउन सक्ने अवस्था नदेखिने।

निवेदन दाबीको मौजा नं. १०२ को जग्गा र.नं. ७३२ मिति २०३१ सालमा उनाउ पक्षहरूबीचमा राजीनामा भई लिनुदिनु भएको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।१०।८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार ९ गते रोज ५ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६८-CR-१३६० वैदेशिक रोजगार, *नेपाल सरकार वि. शान्ति आचार्य*

जाहेरवालाहरू करणसिंह साउद, प्रकाश राई र हिराधन राईले क्रमशः रू.१,३५,०००।- रू.४५,०००।– र रू.१७,०००।– बुझी लिएको भनी जाहेरी दिएको देखिए तापनि सो रकम बुझाएको कुनै लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन । निज जाहेरवालाहरू बकपत्र गर्न उपस्थित भएको अवस्था पनि छैन। त्यसै गरी जाहेरवालाहरू जानुका बानियाको रू.५,०००।-, लालमणी उपाध्यायको रू.९०,०००।- र मनोज अधिकारीको रू.९९,०००।- समेत बुझी लिएको भन्ने मौखिक कथन मात्र देखिन्छ । सो कुरालाई पुष्टि गर्ने कुनै वस्तुगत अन्य प्रमाण पेस हुन सकेको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबीलाई पुष्टि गर्ने सबुत पेस गरी दाबीलाई प्रमाणित गर्ने अभिभारा वादीउपर हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाहरूले दाबी गरेको उल्लिखित रकम प्रतिवादीहरूले बुझिलिएको सबुत वादी पक्षले पेस गर्न नसकेको यस अवस्थामा तमसुक र रसिदबाट समर्थित हुन आएको जाहेरवालाहरूको रकमको हकमा मात्र अभियोग दाबी पुग्न सक्ने भनी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बिगो र हर्जानासमेत गरी रू.११,६१,०००।– प्रतिवादीबाट जाहेरवालाले भराई पाउने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी मिसिल संलग्न तमसुक र रसिदबाट समर्थित हुन आएको बिगो र बिगोको ५० प्रतिशतले हुने हर्जाना रकम जाहेरवालालाई प्रतिवादीहरूबाट भराइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमानसिंह राउत, ०७१-CR-०२९४, कर्तव्य ज्यान, *गोवर्धन सार्की वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा "ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ।" भन्ने व्यवस्था र ऐ.को ६ नं. मा विभिन्न प्रकारले हुने भवितव्य ज्यानमा हुने सजाय सम्बन्धको व्यवस्था छ।

यस कानूनी व्यवस्थाअनुसार भवितव्य ज्यानसम्बन्धी कसुर हुन मुख्यतः ज्यान मार्ने कुनै इबिलाग वा मनसाय नभएको हुनुपर्ने, आफूले गरेको कामबाट मानिस मर्ला भन्नेजस्तो नदेखिएको वा परिमाणको पूर्वज्ञान वा इच्छा नभएको हुनुपर्ने, यस्तो ज्यान मर्न सक्छ भन्ने पूर्व ज्ञान तथा इच्छासमेत नभएको अवस्थामा कुनै काम सावधानीपूर्वक गर्दा अरूलाई लाग्न गई अप्रत्यासितरूपमा मानिस मर्न गएको देखिएको अवस्थामा मात्र भवितव्य ज्यान जाने।

दाउरा जस्तो कडा वस्तुले टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मृत्यु हुनसक्छ भन्ने कुरा जोसुकै सामान्य सुझबुझ भएको मानिसको जानकारीमा रहने नै देखिन्छ। प्रतिवादी पनि त्यस्तो जानकारी राख्न नसक्ने तथा सोको पूर्वानुमान गर्न नसक्ने अवस्थामा रहे भएको थिए भनी भन्न सकिने देखिँदैन। यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको पूर्वरिसइवी रही सोअनुसारको तयारी तथा योजना बनाएको नदेखिए पनि यस्तो परिणामको पूर्व जानकारी रहन सक्ने प्रसस्त अवस्था रहेको स्थितिमा गरेको कार्यलाई मनसाय नभएको मान्न सकिँदैन। यस्तो परिणामको पूर्व जानकारी भएको प्रमाणित हुने अवस्थाले नै तत्काल मात्र भए पनि यी प्रतिवादीमा मार्नेसम्मको मनसाय तत्त्वको सिर्जना भएको स्वतः प्रमाणित हुनजाने।

बिनाकारण घरमा झगडा गर्नुले प्रतिवादीमा यी मृतकउपर रिस तथा आक्रोश उठेको पनि सहजै देखिन जान्छ। टाउकोजस्तो संवेदनशील अङ्गमा दाउराजस्तो कडा वस्तुले एकपटकभन्दा बढी हिर्काएको देखिएकोबाट प्रतिवादीले कुनै कार्य सावधानीपूर्वक गर्दा अप्रत्यासितरूपमा लाग्न गएको भनेर पनि मान्न सकिने देखिँदैन। यसरी वारदातको सन्दर्भ, परिस्थिति तथा आपराधिक कार्य गर्दाको समग्र स्थिति हेर्दा यी प्रतिवादीबाट भएको कार्यलाई भवितव्य ज्यानको कोटीमा राख्न मिल्ने नदेखिने।

प्रतिवादीले आफूमा मार्ने मनसाय नभई केवल झगडा भइरहेकोमा तर्साई झगडा छुट्याउन मात्र दाउराले प्रहार गरेको भनी पुनरावेदन जिकिर लिए पनि माथि विवेचना गरेअनुरूप यी प्रतिवादीमा मार्ने सम्मको मनसाय तथा मृतकप्रति रिस मृतककै क्रियाको कारण र तत्काल भए पनि सिर्जना भएको नै देखिन आउने।

वारदात सांयोगिकरूपमा वा होस पुर्‍याई कुनै अरू कार्य गर्दा अकस्मात् लाग्न गई भएको भए के काम सावधानीपूर्वक गर्दा कसरी अर्कोलाई लाग्न गएको हो भन्ने स्पष्ट देखिनुपर्ने हुन्छ। त्यस्तो कुनै अवस्था नदेखिई मृतकलाई रिसको आवेशमा टाउकैमा दुईचोटी हिर्काएको देखिएबाट भवितव्य ज्यानको कसुर मान्न सकिँदैन। त्यस्तै कुनै पनि कसुरजन्य कार्य प्रमाणित हुन सो कार्यको उद्देश्य के रहेको थियो भन्दा पनि कुनै कार्यको परिणाम के भयो अर्थात् कार्यबाट कसुरजन्य कार्य हुन गयो वा गएन भन्ने महत्त्वपूर्ण हुन जाने।

वारदात भवितव्य ज्यानको वारदात नदेखिएपश्चात् वारदातलाई आवेशप्रेरित हत्याको कसुर कायम गरेको सुरू तथा पुनरावेदनको फैसला

मिलेको छ, छैन भनी हेर्नुपर्ने देखियो । आवेशप्रेरित हत्याको सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिम हतियारले हानेको वा विष खुवाएको बाहेक साधारण लाठा ढुङ्गा लात मुक्का आदिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा १० (दश) वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ ।" प्रस्तुत कानूनी व्यवस्था हेर्दा आवेशप्रेरित हत्या हुन मार्नुपर्ने पूर्वरिसइवी तथा मनसाय देखिनु नपर्ने।

मार्ने योजना बनाएको पनि देखिनु नपर्ने, लुकी चोरी हानेको पनि नदेखिनुपर्ने र मौकामा केही कारणले रिस उठी सो रिस नियन्त्रण गर्न नसकी साधारण लाठा, ढुङ्गा, लात मुक्काले मात्र हानेको देखिनुपर्ने।

प्रस्तुत वारदातका सन्दर्भमा हेर्दा पनि यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको रिसइवी रहेको र मार्ने पूर्वयोजना बनाई आएको मिसिलबाट देखिँदैन । त्यस्तै मृतकलाई लुकी चोरी र कुनै सांघातिक हतियारले नै हानेको पनि देखिएको छैन । मृतक रक्सी खाई घरमा आई भातसमेत फ्याँकिदिई बिनाकारण आफ्नो आमासँग र आफूसँग समेत झगडा गरेको देखिएको अवस्थामा यी प्रतिवादी मृतकप्रति रिस तथा आवेशमा आएको देखिन्छ । सोही आवेश तथा रिसको कारण यी प्रतिवादीले नजिक फेला परेको दाउराले आत्मनियन्त्रणसमेत गुमाई यी मृतकलाई कुनै सोचविचार नै नगरी दुई चोटी हिर्काएको देखिन आएको छ । यसरी हिर्काएको चोटको कारणबाट प्रतिवादीको मृत्यु भएको देखिएकोलाई उपर्युक्त कानूनी व्यवस्थाको आधारमा आवेशप्रेरित हत्याकै कसुर भएको मानिन्छ । त्यसैले आवेशप्रेरित हत्या ठहर्‍याई १० वर्ष कैद सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी गौरव भन्ने गोवर्धन सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार आवेशप्रेरित हत्याको कसुरमा ऐ.नं. अनुसार १०(दश) वर्ष कैद हुने ठहर्‍याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७०।११।०८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।०३।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल साउन २७ गते रोज शुभम्।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमानसिंह राउत, ०७१-CR-००९०, लागु औषध खैरो हेरोइन तथा नाइट्रेभेट ट्याब्लेट, *रवि पौडेल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा आफूबाट ५ ग्राम खैरो हेरोइन र ४५ ट्याब्लेट नाइट्रोभेट बरामद भएको भनी बयान गरे तापनि अनुसन्धानमा बयान गर्दा भने आफूबाट ७५ ग्राम खैरो हेरोइन र ४५ चक्की नाइट्रोभेट ट्याब्लेट बरामद भएको भनी स्वीकारेको देखियो । बरामदी मुचुल्का र निजको अनुसन्धानको बयान वस्तुस्थिति मुचुल्काको व्यक्तिहरूको भनाइबाट समेत समर्थित हुन आएको देखिन्छ । यी प्रतिवादीले किन आफूले अनुसन्धानको क्रममा बरामदी मुचुल्कामा उल्लेख भएअनुसारकै ७५ ग्राम खैरो हेरोइन र ४५ चक्की नाइट्रोभेट ट्याब्लेट बरामद भएको भनी लेखाएको भनी विश्वासयोग्यरूपमा खुलाउन सकेको पाइँदैन । निजले प्रहरीले डरत्रास

देखाई ७५ ग्राम लेखी अनुसन्धानको बयानमा सही गराएका हुन् भनी भने तापनि त्यस्तो डरत्रास देखाई निजलाई बाध्य पारी सही गराएको पुष्टि हुनसक्ने आधार निजले प्रस्तुत गर्न सकेको तथा मिसिलमा रहे भएको देखिँदैन । त्यसैले ५ ग्राम खैरो हेरोइन मात्र बरामद भएको भन्ने निजको अदालतको बयान र यस अदालतको पुनरावेदन जिकिरलाई सत्य हो भनी मान्न नसकिने ।

बरामद लागु औषध चिकित्सकको सिफारिसमा सेवन गर्नका लागि ल्याएको हो भनी प्रतिवादीले जिकिर लिए पनि लागु औषध खैरो हेरोइनको ७५ ग्राम तौलको परिमाण हेर्दा सेवनमा मात्र त्यति परिणाम खपत हुनसक्ने देखिँदैन । सेवन गर्न मात्र ल्याएको वा राखेको हो भन्ने कुनै प्रमाणबाट प्रतिवादीले पुष्टि गराउन सकेको पनि देखिँदैन र मिसिलबाट समेत सो पुष्टि हुनसक्ने नदेखिने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार कुनै व्यक्तिको साथमा कुनै लागु औषध भएको फेला परेमा त्यस्तो पदार्थ निजले सो ऐन र सो ऐनअन्तर्गत बनेको नियम वा जारी भएका आदेशबमोजिम नै प्राप्त गरेको वा राखेको हो भनी निजले नै प्रमाणित गराउनुपर्ने हुन्छ । यस दफाअनुसार आफ्नो निर्दोषिताको प्रमाण पुर्‍याउने भार प्रतिवादी रहेको हुन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले चिकित्सककै सिफारिसअनुसार सेवन गर्नुपर्ने भएकोले सेवन गर्नका लागि उक्त लागु औषध राखेको भनी जिकिर लिए पनि सो कुराको कुनै विश्वासयोग्य प्रमाण पेस गर्न सकेको पाइँदैन । निजकै आफ्नै बयानबाट सो लागु औषध पोखरा बस्ने अनिल के.सी.ले ल्याइदिन भनी भनेकाले भारतीय नागरिक सञ्जयबाट लिएको भनी लेखाएबाट निजको उक्त जिकिर पुष्टि हुने नभई निजले लागु औषध ओसारपसार गर्न राखेको प्रमाणित हुन आउने ।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८ अनुसारको कार्यविधि अपनाई स्थानीय व्यक्तिहरू समेतलाई रोहवरमा राखी गरेको बरामदी मुचुल्कालाई कानूनबमोजिमको कार्यविधि अपनाई नभएको भनी मान्न सकिँदैन । त्यस्तै लागु औषध बरामद भई बरामदी मुचुल्का तयार भएको र सो बरामद भएको तथ्य स्वयम् प्रतिवादीको अनुसन्धानको बयानलगायतका कागज प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा केवल बरामदी मुचुल्कामा सानोतिनो कार्यविधिगत त्रुटि भएका आधारमा मात्र कसुर भएको होइन भनी सफाइ दिन सकिने समेत नहुने ।

माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी रवि पौडेललाई अभियोग दाबीबमोजिम खैरो हेरोइन ओसारपसार गरेतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम कैद वर्ष १२ तथा जरिवाना रू.८०,०००।- तथा ४५ ट्याब्लेट नाइट्रोभेट ओसारपसार गरेतर्फ ऐ. को दफा १४(१)(झ) बमोजिम कैद वर्ष २(दुई) र जरिवाना रू.१,००,०००।- समेत हुने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६९।०२।२९ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०/११/२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

इजलास नं.८

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की, ०७२-WO-००३०, उत्प्रेषण, *रोशनकुमार झासमेत वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ मा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतबी, परिवर्तन वा कम गर्नसक्नेछ" भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ। सोही व्यवस्थानुसार प्रदीपजंग पाण्डेको बाँकी कैद सजाय राष्ट्रपतिबाट माफी भएको देखिन्छ। यसरी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रयोग भएको यस अधिकारबाट कुन कानूनको उल्लङ्घन हुन गयो अथवा के कुन आधार र कारणबाट सो निर्णय बदर हुनुपर्ने भन्ने विषय निवेदकले स्पष्टताका साथ उल्लेख गर्न सकेको नपाइने।

प्रस्तुत रिट निवेदनमा सजाय माफी पाएका भनिएका प्रदीपजंग पाण्डेलगायतका २१ जनालाई माफी मिनाहा दिइएको भनी निवेदनमा उल्लेख भएको पाइन्छ तर निवेदनमा नाम उल्लेख गरेका प्रदीपजंग पाण्डेलगायत कसैलाई पनि विपक्षी बनाएकोसमेत देखिँदैन। अदालतले कुनै पनि विवादको निरूपण गर्दा अपनाउने कार्यविधिमा प्राकृतिक न्यायको सिद्धान्तको अनिवार्य परिपालना गर्नुपर्ने हुन्छ। यस सिद्धान्तअनुसार निर्णयबाट प्रतिकूल असर पर्ने व्यक्तिलाई सुनुवाइको मौका प्राप्त गर्ने अधिकार प्रमुखरूपमा रहेको हुन्छ। उचित सुनुवाइको मौका नदिई निजहरूलाई असर पर्ने गरी निर्णय गर्न मनासिब नदेखिने।

अतः स्पष्ट कानूनी व्यवस्था तथा बदर हुनुपर्ने आधार र कारणबिना प्रतिकूल असर पर्ने कसैलाई पनि विपक्षी नबनाई दायर भएको रिट निवेदनको आधारमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५१ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट सजाय माफी दिइएको कार्यलाई बदर गर्न नसकिने हुँदा उक्त माफी दिएको कार्यलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन मागअनुसारको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल मङ्सिर १५ गते रोज ४ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७१-CI-०१६२, उत्प्रेषण / परमादेश, *विपीन बिहारी मिश्र भन्ने बच्चा मिश्र वि. मालपोत कार्यालय, बारा कलैयासमेत*

विवाद भएको विषयमा कुनै तेस्रो पक्षको हक सिर्जना भइसकेको अवस्थामा सो विषयमा परेको निवेदनको समयावधि विचारणीय हुन सक्छ। तेस्रो पक्षको हक सिर्जित भएको अवस्थामा समयमै निवेदन नआई अनावश्यक विलम्ब गरेको अवस्थामा विलम्बको सिद्धान्त आकर्षित हुनसक्ने देखिन्छ। यद्यपि विलम्बको सिद्धान्त आकर्षित हुन यति नै समयपछि अदालत प्रवेश गरेको हुनुपर्छ भन्ने समय तत्त्व निर्धारित नभए पनि जानी बुझी आफ्नो अधिकारको प्रयोग गर्न उचित समयभित्र अदालत प्रवेश गरेको थियो वा थिएन भन्ने कुरा सान्दर्भिक हुने देखिन्छ। कसैको गैरकानूनी निर्णय वा काम कारवाहीबाट असर परेका व्यक्तिले समयमा न्यायिक उपचारको खोजी नगरी आफ्नो अधिकारको बेवास्ता गरेमा अदालतले समेत त्यस्तो व्यक्तिलाई मद्दत गर्न नसक्ने।

निवेदक बच्चा मिश्रले २०५७ सालमा मालपोत कार्यालय बारामा हक कायम गरिपाउँ भनी दिएको निवेदन तामेलीमा राख्ने आदेश भएपछि सोही समयमा कुनै क्रिया नगरी १३ वर्षको लामो समयावधि व्यतित भएपछि प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको देखिएकोले निजले अनावश्यक विलम्ब

गरी अदालत प्रवेश गरेको देखिएकोले विलम्बको सिद्धान्तको आधारमा अदालतले समेत निजको मद्दत गर्नसक्ने नदेखिने।

मिति २०३५।५।२६ मा सर्वोच्च अदालतबाट भएको फैसलाअनुसार निवेदन दाबीको कि.नं. २३ को जग्गाको लिलाम बदर भइसकेपछि सो जग्गामा आफ्नो हक कायम गराउन कानूनबमोजिम गर्नुपर्ने क्रिया यी निवेदक बच्चा मिश्रले नगरी लामो समयावधि व्यतित भइसकेको र तेस्रो पक्षको हक सिर्जना भइसकेपश्चात् विलम्ब गरी अदालत प्रवेश गरेको तथा विपक्षी मधुसुदन अधिकारीबाट रू.५००/- लिई उक्त जग्गामा यी निवेदकले मिति २०३७।१२।२७ मा नै आफ्नो हक छाडिसकेको तथ्य लुकाई सफा हात लिई अदालत प्रवेश गरेको नदेखिँदा दाबीको जग्गामा निजको हक कायम गराउन र निजको नाममा हक हस्तान्तरण गर्न आदेश गर्न मिल्ने न्यायसङ्गत नदेखिने।

उल्लिखित आधार, कारण एवम् विवेचनाबाट पुनरावेदन अदालत, हेटौंडाबाट निवेदन खारेज हुने ठहर्याई मिति २०७१।१।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३० गते रोज ५ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७१-CI-०५८२, अंश नामसारी, *गाभा भन्ने खेदु वेलदारसमेत वि. तुफानी केवट*

वादी तुफानी भन्ने नगेसर वेलदार रामजी वेलदारको छोरा नाताका सम्बन्धका व्यक्ति होइन तुफानी भन्ने नगेसर एउटै व्यक्ति नभई तुफानी अलग र नगेसर अलग व्यक्ति हुन्। वादी सोनमतीले जीतु केवटसँग दोस्रो विवाह गरेकी र तुफानी भन्ने नगेसर पनि निज जितु केवटबाट जन्मेको छोरा हुन् भनी प्रतिवादीहरूको प्रतिउत्तर रहे पनि वादी सोनमतीले जीतु केवटसँग दोस्रो विवाह गरेको र तुफानी भन्ने नगेसर पनि निज जितु केवटबाट जन्मेको छोरा हो भनी कुनै प्रमाण कागजात प्रतिवादीबाट पेस गर्न सकेको पाइँदैन। केवल मौखक कथन रहेको र त्यस कथनलाई कुनै पनि अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि वा प्रमाणित नगरेको हुँदा त्यसलाई प्रमाणमा लिन मिल्ने नदेखिने।

स्वयम् आमा सोनमतिले मेरो छोरा नगेसर नै तुफानी भन्ने नगेसर वेलदार हो भनी फिरादपत्र दिएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म तुफानी भन्ने नगेसर निज सोनमति वेलदारबाट जन्मेका रामजी वेलदारको छोरा हुन भन्ने देखिने।

वादी र प्रतिवादीहरू बीच अंशबन्डा भएको भन्ने मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट नदेखिँदा वादीले प्रतिवादीहरूबाट अंश पाउन नै देखियो। वादीले प्रतिवादीहरूबाट के कति अंश पाउने हो भन्ने सम्बन्धमा विचार गर्दा वादीमध्येको सोनमति वेलदारको मिति २०६६।९।२६ मा मृत्यु भएको हो भनी वादी तुफानी भन्ने नगेसर वेलदारले मिति २०६८।११।४ मा कागज गरेको देखिँदा अब वादी यिनै तुफानी भन्ने नगेसर वेलदार र प्रतिवादी खेदु वेलदार गरी जम्मा २ जना मूल अंशियार मात्र बाँकी रहेको हुँदा तायदाती फाटवारीमा उल्लिखित चल अचल सम्पत्तिबाट २ भागको १ भाग अंश वादीले पाउने नै देखिने।

अत: उल्लिखित तथ्यको विश्लेषण, कानून र प्रमाणसमेतको आधारमा वादी तुफानी भन्ने नगेसर वेलदार र प्रतिवादी गामा भन्ने खेदु वेलदारको बीचमा दाजुभाइको नाता सम्बन्ध कायम हुने र वादीले प्रतिवादीहरूबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित चलअचल सम्पत्तिमध्ये दर्ता स्रेस्ता भिडेको सम्पत्तिबाट २ भागको १ भाग अंश दिलाई भराई नामसारीसमेत गरी पाउने ठहर्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।११।०५ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: यज्ञप्रसाद आचार्य
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

इजलास नं. १०

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६७-CR-०३६७, किर्ते, *बिस्ना ओझा वि. चन्द्रिका चन्दसमेत*

विपक्षीहरूले नापी गोश्वाराबाट मेरो नाममा जारी भएको म्याद मेरो श्रीमान्ले नबुझेकोमा बुझेको, मैले वारेसनामा नै नदिएकी र मेरो श्रीमान्ले नापी गोश्वारामा गई बयानसमेत नगरेकोमा विपक्षीहरूले सम्पूर्ण किर्ते कागज खडा गरी मेरो हक मेट्ने कार्य गरेको भनी वादीले दाबी लिएको देखियो । वादीले लिएको दाबीअनुसार नापी गोश्वाराबाट पठाइएको म्याद वादीका श्रीमान्ले बुझे नबुझेको, वादीले आफ्ना श्रीमान्लाई वारेसनामा दिए नदिएको र नापी गोश्वारामा गई वादीको श्रीमान्ले बयान गरे नगरेको भन्ने मूल विवादको विषय भई सो मा केन्द्रित रहेर निर्णय गर्नुपर्ने अवस्था देखियो तर सुरू जिल्ला अदालतले वादीले विवाद देखाएको मिति २०६२।६।२१ को नापी गोश्वाराको निर्णयलाई नै कायम राखी नापी निर्णय बदर मुद्दामा दाबी नपुग्ने ठहरेकोले किर्तेतर्फसमेत दाबी नपुग्ने भनी भएको फैसलालाई पुनरावेदन अदालत, महेन्द्रनगरले सदर गर्ने निर्णय गरेको देखियो। यसबाट वादीले दाबी लिएको नापी गोश्वाराको म्याद बुझे नबुझेको, वादीले आफ्नो श्रीमान्लाई वारेसनामा दिए नदिएको तथा नापी गोश्वारामा गई वादीका श्रीमान्ले बयान गरे नगरेको भन्ने मूल विषयमा सुरू जिल्ला अदालत र पुनरावेदन अदालत प्रवेश नै गरेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा ३ ले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको प्रमाण बुझ्नुपर्ने र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्छ भन्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ५४ मा बुझ्नु पर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएको कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ भन्ने व्यवस्था गरेको देखियो। यस्तै मुलुकी ऐन, अ.बं. १८४ क. नं. मा मुख नमिलेका कुरामा बुझ्नु पर्ने प्रमाणहरू बुझ्नुपर्ने र त्यसरी प्रमाण बुझिसकेपछि अ.बं. १८५ नं. बमोजिम निर्णय गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अदालतले निर्णय गरेर मात्र पुग्दैन, मूल विवादको विषय के हो ? सो पहिल्याई त्यसमा निर्णय गर्नुपर्छ र त्यसरी निर्णय गर्न कुनकुन प्रमाणहरू आवश्यक पर्छ सो हेरी प्रमाण बुझ्न आदेश गर्नुपर्ने हुन्छ। सो केही पनि नगरी मूल विवादभन्दा बाहिर गई वादीले विवाद देखाइरहेको नापी निर्णय बदर मुद्दालाई सिरानी हाली निर्णय गरेको देखियो। वादीको श्रीमान्ले म्याद नबुझेको, वादीले वारेसनामा नदिएको र वादीको श्रीमान्ले नापी गोश्वारामा बयान नगरेको अवस्था देखिएमा सुनुवाइको मौका दिनु पर्ने प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रतिकूल हुनजान्छ। यस्तो गम्भीर विषयमा ध्यान नदिई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला कानूनीरूपमा त्रुटिपूर्ण देखिने।

अतः बुझ्नु पर्ने प्रमाण नै नबुझी मूल विवादको विषयमा प्रवेश नै नगरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति ०६४।१०।२० मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति ०६६।२।२५ को फैसलासमेत बदर गरिदिएको छ। अब वादी प्रतिवादीबीच मुख नमिलेका विषयमा जे जो बुझ्नुपर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी दुवै पक्षलाई सुरू कञ्चनपुर जिल्ला अदालतको तारेख तोकी मिसिलसमेत सुरू जिल्ला

अदालतमा पठाइ दिने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ:

- ०६७-CI-०४९०, नापी निर्णय बदर, बिस्ना ओझा वि. चन्द्रिका चन्दसमेत
- ०६७-CI-०४९१, नापी निर्णय बदर, *बिस्ना ओझा वि. धनबहादुर पालसमेत*
- ०६७-CI-०४९२, खिचोला मेटाई चलन चलाइ पाऊँ, *बिस्ना ओझा वि. चन्द्रिका चन्दसमेत*

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का, ०७१-WO-०४७०, उत्प्रेषण, *वोच्पेयी मिश्र वि. अर्थ मन्त्रालयसमेत*

भन्सार ऐन, २०६४ को दफा ८४ हेर्दा, यस ऐनअन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार अर्थ मन्त्रालयले कुनै अधिकारीलाई सुम्पन सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ । सोही ऐनको व्यवस्थाअनुसार नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०६५।०२।३१ को निर्णयले भन्सार ऐन, २०६४ को दफा ८४ बमोजिम भन्सार अधिकृतको अधिकार प्रयोग गर्ने गरी त्यस ईकाई कार्यालयका प्रमुखलाई (अधिकृत स्तर) भन्सार अधिकृत तोकिएको हुँदा सोबमोजिम कार्य गर्नुहुन निर्णयानुसार अनुरोध गर्दछु भनी राजश्व अनुसन्धान विभाग, हरिहरभवन, पुल्चोक ललितपुरको च.नं. ३३३४ मिति २०६५।०३।०१ को पत्रबमोजिम अधिकार प्रत्यायोजन भएको देखिन्छ । जिल्ला प्रहरी कार्यालय, पर्साको च.नं. ३५६५, मिति २०७१।०७।०४ को पत्रानुसार जिल्ला प्रहरी कार्यालय, पर्साबाट खटिई गएको टोलीले निज निवेदकलाई खानतलासी पुर्जी दिई निजको साथबाट ४ के.जी. सुन बरामद गरी निजलाई पक्राउ पुर्जी दिई पक्राउ गरी आवश्यक कारवाहीका लागि सुनसहित राजश्व अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैया बारामा पठाएको मिसिलबाट देखिन्छ। राजश्व अनुसन्धान विभाग, क्षेत्रीय कार्यालय, पथलैया बाराले गरेको मिति २०७१।७।५ गतेको आदेशउपर पुनरावेदन अदालत, हेटौंडामा यी रिट निवेदकले मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन गरेकोमा मिति २०७१।७।५ को आदेशलाई सदर गर्ने गरी मिति २०७१।१०।८ मा आदेश भएको देखिइरहेको अवस्थामा निवेदकले रिट निवेदनमा उल्लेख गरेकोजस्तो क्षेत्राधिकार विहीन र गैरकानूनी कार्य भन्न मिल्ने नदेखिने।

रिट निवेदक वोच्पेयी मिश्रबाट ४ के.जी. सुन बरामद भएको कुरामा विवाद भएन । भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम बरामद सुनको बिगो तत्कालीन अवस्थामा रू.१,७९,६९,८२२।- जरिवाना तथा ५ वर्ष कैदबापतको रू.९१,२५०।- समेत जम्मा रू.१,८०,६१,०७२।- देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ४१ हेर्दा,... पेस भएको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा भन्सार अधिकृतले निजलाई यस ऐनबमोजिम हुनसक्ने कैद र जरिवानाबापतको रकम र बिगोसमेत असुल गर्नुपर्नेमा कायम हुनसक्ने बिगो बराबरको रकमसमेतको नगद धरौटी लिई तोकिदिएको समय र स्थानमा हाजिर हुने गरी छाड्न सक्नेछ भनी स्पष्ट उल्लेख भएको पाइन्छ । प्रस्तुत मुद्दामा कैद र जरिवानाबापतको र बिगोसमेत नगदै धरौटी माग्नु पर्ने कानूनी व्यवस्थाबाट देखियो। जेथा जमानत माग्नु पर्ने हो भन्ने रिट निवेदन व्यहोरा प्रस्तुत मुद्दाको सम्बन्धमा आकृष्ट हुनसक्ने नदेखिने।

भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम रिट निवेदकबाट नगदै धरौट माग गर्ने राजस्व अनुसन्धान विभाग क्षेत्रीय कार्यालय, पथलैया, बाराको मिति २०७१।७।५ को आदेश र सो आदेशलाई

सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१०।८ को आदेशमा कुनै त्रुटि देखिएन। रिट निवेदकले निवेदनमा उल्लेख गरेअनुसार कुनै ऐनको दफा संविधानसँग बाझिएको भन्नु मात्र पर्याप्त हुँदैन। कसरी बाझिएको छ त्यसको प्रस्ट कारण र आधार नै उल्लेख गरेको नदेखिँदा प्रथम दृष्टि (Prima facie) भई ग्राह्य देखिएन। निवेदकले आफ्नो संवैधानिक तथा कानूनी हकमा आघात पुगेको भनी जिकिर लिएकोमा निजबाट ४ के.जी. अवैध सुन बरामद भई कानूनबमोजिम अनुसन्धान भई भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम लाग्ने धरौट माग गरिएको देखिँदा त्यस्तो कार्य संवैधानिक तथा कानूनप्रतिकूल भएको मान्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की, ०६८-CR-०९९१, लागु औषध हेरोइन, *जितबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी जितबहादुर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा आफू र प्रतिवादी लिलाबहादुर गाहा मगरलाई लागु औषध हेरोइन बिक्री गर्न भनी गणपति गेष्ट हाउसको कोठामा बसिरहेको अवस्थामा प्रहरी आई मेरो साथबाट १००० ग्राम र साथी लिलाबहादुर गाहामगरबाट ६५० ग्राम लागु औषध सेतो हेरोइन बरामद गरेकोलाई स्वीकार गरी अभियोग दाबीबमोजिमको कसुरमा साबित रहेकोमा अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। यी प्रतिवादी जितबहादुर तामाङको साथबाट १००० ग्राम लागु औषध हेरोइन बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ भने लागु औषध बरामद भएको बरामदी मुचुल्कामा यी प्रतिवादी रोहबरमा बसेको र उक्त मुचुल्कामा गरेको सही हस्ताक्षर आफ्नो होइन भन्न नसकेको अवस्थामा रोहबरमा बसेको कुरालाई अन्यथा भन्न पनि नमिल्ने।

अनुसन्धान तहकिकातबाट कसैको शरीर कोठा वा साथबाट बरामद भएको लागु औषध निषेधित तवरबाट खरिद बिक्री सञ्चय र ओसारपसार आदि गरेको वा गर्न भनी सञ्चय गरेको देखिन आएको अवस्थामा मुख्य व्यक्ति अर्को सारध्वज लिम्बू हुन् भनी उल्लेख गर्दैमा निर्दोषिताको आधार बन्न पनि मिल्ने देखिँदैन। बरामद भएको लागु औषधको परिमाणलाई मध्यनजर राखी विचार गर्दा पुनरावेदक / प्रतिवादीबाट बरामद भएको लागु औषध खरिद बिक्री, सञ्चय, ओसारपसारसमेत गरेको मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भइरहेको अवस्थामा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी जितबहादुर तामाङले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुर गरेको ठहर गरी सोही ऐनको दफा १४(१) को देहाय (छ)(३) अनुसार १६ वर्ष कैद र १५,००,०००।- रूपैयाँ जरिवाना गर्ने ठहर्‍याएको सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल कात्तिक १ गते रोज २ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६९-WO-०१६७, उत्प्रेषण, *देवबहादुर चन्द वि. महानगरीय सशस्त्र प्रहरी गण, नं. २ महाराजगन्ज, काठमाडौंसमेत*

मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा यी निवेदकलाई विगतमा पनि धेरैपटक कारवाही गरिएको देखिन्छ। निजलाई २०५८।३।७

मा आफू कार्यरत रहेको मन्त्री निवासमा मादक पदार्थ सेवन गरी अनावश्यक होहल्ला गरेको कारणले शक्त चेतावनी दिइएको, २०६१।७।१६ मा मादक पदार्थ सेवन गरी लापरवाही गरेको कसुरमा नसिहत दिएको, २०६२।१।२१ मा सन्तोषजनकरूपमा आफ्नो दायित्व पूरा नगरेको कारणले नसिहत दिएको, २०६२।७।१९ मा अनुशासनविपरीतको काम गरेको कारणले नसिहत दिएको, २०६४।४।१८ मा गैरहाजिरी भएको कारणले शारीरिक थकावटको सजाय दिइएको तथा २०६५।१२।१२ मा मातहतको प्रहरी जवानलाई बिदा पेस नगराई आफूखुसी छाडेकाले सचेत गराइएको रहेछ । त्यसैगरी आफू कार्यरत रहेको डेनिस दुतावास निवास सुरक्षार्थ डिउटीमा खटिएको अवस्थामा मादक पदार्थ सेवन गरेको अभियोगमा २०६८।६।६ मा तल्लो टाइम स्केलमा घटुवा गर्ने गरी निर्णय भएको रहेछ भने इजरायली दुतावासमा डिउटीमा खटिएको अवस्थामा महामहिम राजदूतले बोलाउँदा नगएको तथा राजदूतका अङ्गरक्षक प्रहरी सहायक निरीक्षकलाई अश्लिल शब्द प्रयोग गरी झैझगडा गरेको अभियोगमा २०६८।१०।१९ मा प्रहरी हवल्दारबाट जवान पदमा घटुवा गरी कारवाही गरिएको रहेछ । यसरी कारवाही गर्दा निज निवेदकलाई पटकपटक सुध्रने मौकासमेत प्रदान गरिएको देखिन्छ । यस अवस्थामा समेत निजले आफ्नो आचरण नसुधारी विभिन्न विवादास्पद गतिविधिमा संलग्न रहेको देखिने ।

प्रशासकिय अधिकारीले प्रशासकिय निर्णय गरी गरेको कारवाहीको वैधानिकताको परीक्षण गर्दा मुलभूतरूपमा हेरिनु पर्ने विषय भनेको त्यस्तो निर्णय गर्ने अधिकारीलाई सो गर्न कानूनबमोजिमको अधिकार छ, छैन तथा कानूनमा तोकिएको कारण, आधार र कार्यविधिको पालना भएको छ, छैन भन्ने हो । प्रहरी नियमावलीको नियम ९३(२)(ख) को व्यवस्थाअनुसार प्रहरी हवल्दार पदको कर्मचारीलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी सजाय गर्ने निर्णय सम्बन्धित प्रहरी उपरीक्षकले गर्नसक्ने देखिन्छ । प्रस्तुत मुद्दामा निवेदकलाई सो सजाय गर्ने निर्णय सम्बन्धित प्रहरी उपरीक्षकबाट नै भएको देखिन्छ। यस अवस्थामा उक्त निर्णय गर्ने अधिकारीको अधिकारक्षेत्रको सम्बन्धमा कुनै विवाद रहेन। त्यसैगरी निवेदक लामो समयसम्म खटाइएको कार्यालयमा हाजिर हुन नआएको तथा मुलुकी ऐनको अ.बं. ११० को प्रक्रियाबमोजिम घर वतनमा सूचना टाँस हुँदा र गोरखापत्रमा सूचना प्रकाशित हुँदासमेत नआई लामो समयसम्म गैरहाजिर रहेको अवस्थामा प्रहरी नियमावलीको नियम ८८ को देहाय (झ) अनुसारको कसुर गरेको नै देखिन्छ। सो अवस्थामा ऐ. नियमावलीको नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी २०६९।४।३ मा भएको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WO-०७५१, उत्प्रेषण, *देवबहादुर चन्द वि. महानगरीय प्रहरी गण, महाराजगञ्जसमेत* भएको मुद्दामा यसै अनुसार फैसला भएको छ ।

इजलास नं. ११

१

मा.न्या.श्री केदार प्रसाद चालिसे र मा.न्या. श्री हरिकृष्ण कार्की, ०६९-CR-१०३१, मानव बेचबिखन तथा ओसार पसार, *राजेन्द्र परियार वि. नेपाल सरकार*

पुनरावेदकको अदालतमा भएको बयानअनुसार जाहेरवालीले उपचारको लागि भारत एपोलो हस्पिटल लगीदिनु भनेकाले आफूले लगिदिएको र जाहेरवालीले किड्नी बिक्री गर्न भनेकोमा आफूले

नमानेको कारणले झुट्टा उजुर गरेको भन्ने भनाइ साँचो मान्ने हो भने जाहेरवालीले किड्नी बेचेको, निज बिरामी भएको तथ्य मिसिल प्रमाणबाट खुल्न आउँदैन । उपचारको लागि जाहेरवालीलाई एपोलो अस्पताल लगी सहयोग गरी दिएको भए यी पुनरावेदक प्रतिवादीलाई जीउ मास्ने बेच्ने कसुर गरेको भनी पोल गर्नुपर्ने अवस्थासमेत देखिँदैन । जाहेरवाली बिरामी भएको तथ्य निजकी दिदी पार्वती खतिवडाको कागज एवम् बकपत्रसमेतबाट पुष्टि हुन नआएकोले यी पुनरावेदक प्रतिवादी राजन भन्ने राजेन्द्र परियारको इन्कारी बयान पत्यारलायक नदेखिने ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ ले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई खारेज गरेको हुँदा दुवै ऐनलाई टेकेर अभियोगपत्र दायर भएको भए पनि एउटा ऐन मात्र क्रियासिल हुने देखिन्छ । उक्त दुई ऐनमध्ये प्रस्तुत मुद्दामा कुन ऐन लागू हुने हो त ? भनी हेर्दा पीडितलाई २०६२।१२।१८ गते घरबाट काठमाडौं ल्याई सोही रात नै भैरहवा सुनौली हुँदै भारत पुर्‍याई बिक्री गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजबाट देखिँदा सो समयमा नै कसुर भइसकेको मान्नुपर्ने हुँदा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ नै प्रचलितमा रही हाल प्रचलित मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ प्रादुर्भाव नै भई नसकेको अवस्था हुँदा प्रस्तुत मुद्दामा कसुर हुँदाको बखत तत्काल प्रचलित जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन नै आकर्षित हुने भई सोही ऐनमा भएको प्रावधानअनुसार नै हुने देखियो ।

जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ मा कुनै पनि उद्देश्यले मानिस बेचबिखन गर्न, बेचबिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजाने कार्यलाई जीउ मास्ने बेच्ने कार्य मानिन्छ भनी स्पष्टरूपमा उल्लेख गरेको पाइन्छ । प्रस्तुत मुद्दामा यी पुनरावेदक / प्रतिवादीले पीडित जाहेरवालीलाई भारतमा लगी बेचेको मिसिल संलग्न प्रमाण कागजबाट देखिँदा अभियोगदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी राजन भन्ने राजेन्द्र परियारलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) को कसुरमा ऐ. दफा ८(१) बमोजिम १८ वर्ष कैद हुने ठहर्‍याएको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६८-WO-१०३८, उत्प्रेषण / परमादेश, *ईश्वरी सुवेदीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विष्णुशंकर श्रेष्ठको जग्गामा निज जग्गाधनीको मन्जुरीले घर बनाई बसोबास गरी आएको भन्ने निवेदनमा उल्लेख भएको भए तापनि वस्तुतः निवेदनमा उल्लिखित जिकिर लिएका जग्गाहरूमा निवेदकको हकअधिकार रहेको भन्ने तथ्य निवेदक कै लेखबाट देखिन आउँदैन । मिति २०४८।१०।११ मा विष्णुशंकर श्रेष्ठको नाउँमा नै दर्ता गर्न नमिल्ने भनी प्रस्तुत निवेदनमा विपक्षी बनाइएका मालपोत कार्यालय, डिल्लीबजारले निर्णय गरेको भनी रिट निवेदनमा उल्लेख भएको छ । अब निवेदकहरूले जुन जग्गाधनीको मन्जुरीले घर बनाई बसोबास भएको भनी उल्लेख छ सो व्यक्ति विष्णुशंकर श्रेष्ठको नाउँमा दर्ता नहुने निर्णय भएको छ। निवेदकहरूले घर बसोबास गरेको भनिएको विवादित दाबीको जग्गा निवेकहरू तथा निवेदकहरूलाई घर बसोबास गर्न करार गरिदिने जग्गा धनी भनी उल्लेख

गरिएका विष्णुशंकर तथा निजकी पत्नी विपक्षीमध्येकी गणेशमाया श्रेष्ठ कसैको पनि दर्तामा नरही निर्विवाद हकभोग कायम भएको भन्ने तथ्य स्थापित हुन सकेको छैन । नापीमा विवादित जग्गा खोला जनिएको भन्ने देखिन्छ । अर्कोतर्फ सो जग्गा २०५९।७।१३ को निर्णयले यु.एन.पार्कमा दर्ता भइसकेको भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखिएको छ । २०५९ सालमै यु.एन. पार्कको नाउँमा दर्ता भइसकेको जग्गाको विषयमा २०६८ सालमा दायर गरेको प्रस्तुत रिट निवेदनबाट जग्गाको स्वामित्वको विषयमा नाप नक्सासमेतका सबुद प्रमाण बुझी हक बेहकतर्फ कारवाही गरी निर्णय गर्ने अवस्था रहँदैन । आफ्नो निर्विवाद हक स्थापित भएको सम्पत्तिमा अतिक्रमण भएमा मात्र रिट क्षेत्रबाट उपचार प्रदान गरिने हुन्छ । निवेदकहरूको निर्विवाद हक स्थापित नै नभएको, खोला जनिएको र उनाउ संस्थाको नाममा दर्ता भइसकेको जग्गाको स्वामित्व निर्धारण गर्ने प्रमाणको अभावमा निवेदकहरूको बसोबास रहेको भन्ने आधारमा दायर गरेको प्रस्तुत रिट निवेदनबाट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम् ।

इजलास नं. १२

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मिरा खड्का ०७१-CI-०४५०, निषेधाज्ञा, *देवी रेग्मी वि. जि.प्र.का. कलैया, बारासमेत*

विवादित जग्गाको फिल्ड बुकको कैफियत महलमा रिट निवेदकका पति सर्वनाथ रेग्मीको नम्बरी भन्ने उल्लेख भएको देखिए तापनि निजको नाउँमा रितपूर्वक दर्ता भएको जग्गा नभई जोती खाई आएको भन्नेसम्म कुरा किसानको व्यहोरामा उल्लेख भएको देखिन्छ । यसरी उक्त विवादित कि.नं. १०३ को जग्गा निवेदकका पतिले नापीको समयमा नापी गराएको जग्गा हो भनी भनेकोमा सो जग्गालाई रितपूर्वक आफ्नो नाउँमा दर्ता कायम गराउन सकेको अवस्था पनि देखिएन । रिट निवेदकले उक्त जग्गामा चिरकालपर्यन्त आफ्नै भोग रहेको भने तापनि पुनरावेदन अदालतबाट मिति २०७०।९।४ मा भई आएको नक्सा मुचुल्का हेर्दा सो जग्गामा एकभन्दा बढी व्यक्तिहरूले विभिन्न किसिमले भोग गरेको अवस्थासमेत देखिने ।

उक्त विवादित जग्गा नेपाल सरकारको नाउँमा नापी भएको कारागार शाखाकै हक भोगमा रहेको ऐलानी सरकारी जग्गा भएको कारण मिति २०५७।२।२३ को निर्णयअनुसार कारागार शाखाको नाउँमा दर्ता कायम भएको भन्ने जिल्ला प्रशासन कार्यालय, बाराको लिखित जवाफबाट देखिन्छ । यसरी कारागार कार्यालयको नाउँमा दर्ता कायम भएउपर यी पुनरावेदकसमेत वादी र जिल्ला प्रशासन कार्यालय, बारासमेत प्रतिवादी भई चलेको दे.पु.नं. ७८०४ को छुट जग्गा दर्ता मुद्दामा विवादित कि.नं. १०३ को ०-११-९ जग्गामा निवेदकहरूको हक कायम दर्ता नहुने गरी मिति २०६४।३।१० मा यसै सर्वोच्च अदालतबाट फैसला भइसकेको समेत देखिने ।

यस प्रकार ऐलानी जग्गामा निवेदकका पतिले निवेदन दिई दर्ता गराउन खोजेको भन्ने देखिए तापनि कारागार शाखाको नाउँमा रितपूर्वक दर्ता कायम भई अदालतको फैसलासमेतले निवेदकको हक कायम नभएकोले सो जग्गामा निवेदक / पुनरावेदकको हक नै भएको देखिन आउँदैन । कारागार कार्यालयको नाउँमा दर्ता भई अदालतबाट समेत अन्तिम फैसला भइसकेको उक्त जग्गा सरकारी देखिएको र सरकारी वा सार्वजनिक जग्गामा कसैले घर बनाएमा सो घरलाई

भत्काउने आदेश दिनसक्ने अधिकार स्थानिय प्रशासन ऐन, २०२८ को दफा ९(६क) ले प्रमुख जिल्ला अधिकारीलाई भएकोसमेत देखिने।

तसर्थ विवादित जग्गामा रिट निवेदकको हककायम हुन नसकेको र आफ्नो हक नै नभएको अर्काको नाउँको जग्गामा बसिरहन पाउनुपर्छ भनी मुद्दा गर्ने हकदैयासमेत यी पुनरावेदकलाई भएको नदेखिएको अवस्थामा विपक्षीहरूको कार्यले रिट निवेदकको कुनै हक अधिकारको हनन् भएको वा हुने स्थिति नदेखिएको हुँदा उक्त कि.नं. १०३ को जग्गामा बनेको घर नभत्काउनु वा पुनरावेदकलाई ननिकाल्नु भनी आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान देखिँदैन। प्रस्तुत अवस्थामा रिट निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का, ०७०-CI-०३२४, परमादेश, *पुष्करमणि घिमिरे वि. नन्दलाल राय*

सर्वप्रथम जिल्ला विकास समितिको योजना र सोको कार्यान्वयनसम्बन्धी विषय सार्वजनिक हो होइन भन्नेतर्फ विचार गर्दा जिल्ला विकास समिति राज्यको स्थानीय निकाय भई जनप्रतिनिधिसमेतको रोहवरमा विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने निकाय भएकोले यो सार्वजनिक निकाय रहेको कुरा निर्विवाद छ। यसरी सार्वजनिक निकायले सञ्चालन गर्ने योजना, परियोजनाका सम्बन्धमा उसले गरेको कार्यबारे सरोकारवाला व्यक्तिले सूचना माग गर्ने सम्बन्धित अधिकारीसमक्ष निवेदन दिन सक्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ ले गरेको देखिने।

यस प्रकार सार्वजनिक सूचना माग्ने व्यक्तिले निवेदन दिएमा सूचना दिन नमिल्ने हो भने सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७(२) बमोजिम सूचना अधिकारीले निवेदकलाई सूचना दिनुपर्ने व्यवस्था गरेको पाइन्छ। रिट निवेदकले सूचना माग गरी निवेदन दिएपश्चात् विपक्षीहरूले निजलाई रितपूर्वक सूचनाको लागि कागजातका प्रतिलिपिहरू दिएको भन्ने पनि नदेखिएको र सूचना दिन नमिल्ने हो भने के कति कारणले सूचना दिन नमिल्ने हो सोको जानकारी गराएको पनि नदेखिने।

जिल्ला विकास समिति, सर्लाहीले कानूनबमोजिम उल्लिखित योजनाहरूको बजेटसम्बन्धी सूचना दिनु नपर्ने वर्गभित्र पर्ने र सूचना प्रवाह गर्न नमिल्ने प्रकृतिको कागजात, सूचना हो भने सो स्पष्ट खुलाई सोलाई बाहेक गरेर पनि सूचना प्रवाह गर्न सकिन्छ। तर हचुवाको भरमा सूचना प्रवाह गर्ने दायित्वबाट पन्छिन खोज्ने हो भने त्यस्तो कार्यले नेपाली नागरिकले सूचनामा पहुँच पाउने गरी संविधान र कानूनले गरेको सूचनाको हकमा आघात पर्न जान्छ। अतः पुनरावेदकको कार्यले निवेदकको सूचनाको हकमा आघात परेको अवस्था देखिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचनाको प्रवाह गर्न नमिल्ने कागजातबाहेक कानूनले प्रतिलिपि दिन मिल्ने कागजात माग गर्न आएमा कानूनबमोजिम रित पुर्‍याई निवेदकलाई प्रतिलिपि दिनु भनी पुनरावेदन अदालत, जनकपुरबाट परमादेशको आदेश जारी गर्ने गरी मिति २०६९।६।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

इति संवत् २०७२ साल साउन २५ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का, ०७०-CI-०८९९, उत्प्रेषण / परमादेश, *दानबहादुर प्रजापति वि. क्रिएशन बचत तथा ऋण*

सहकारी संस्था लिमिटेड गोठाटारसमेत

पुनरावेदक रिट निवेदक र विपक्षीबीच उक्त कि.नं. ४२४ र ४५० को जग्गा दृष्टि बन्धकीमा राखी ऋण लिएको हो होइन ऋण लिएको भए के कति रकम लिएको हो, उक्त ऋण तिरिसकेको छ छैन ? भन्ने विवाद रहेको देखियो। यी विवादहरूको निराकरण दुवै पक्षबाट पेस भएका सबुद प्रमाणहरूको मूल्याङ्कन गरेर मात्र गर्नुपर्ने हुन्छ। सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने हुँदा प्रस्तुत विषयमा रिट क्षेत्र आकर्षित हुनसक्ने देखिएन। तसर्थ रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मति २०७०।८।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल साउन गते २५ रोज ३ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मिरा खड्का, ०७०-CR-१७४०, कर्तव्य ज्यान, *विक्कीप्रसाद साह कानु वि. नेपाल सरकार*

प्रतिवादीको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथी मनोजप्रसाद साहले ल्याएको फलामको पाइपले प्रविणकुमारको टाउकोमा प्रहार गरी निजलाई कुटपिट गरेको हो भनी बयान गरेको र मौकामा बुझिएका प्रत्यक्षदर्शी प्रभाकरकुमार सिंह, संजयकुमार सिंहसमेतका व्यक्तिहरूले प्रतिवादीहरूको कुटपिटबाट मृतक प्रविणकुमार सिंहको मृत्यु भएको हो। मृतकको टाउको, आँखा र नाकको डाडीसमेतमा चोट लागेको थियो भनी कागज गरिदिएको देखियो। यी नै प्रतिवादीसमेतको कुटपिटबाट मृतक प्रविणकुमार सिंहको मृत्यु भएको हो भनी प्रतिवादीउपरको किटानी जाहेरी व्यहोरासमेतका कागज प्रमाणबाट मृतक प्रविणकुमार सिंहको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद रहेको नदेखिने।

प्रतिवादीउपरको किटानी जाहेरीलाई जाहेरवाला राकेशकुमार सिंह र मौकामा बुझिएका प्रभाकरकुमार सिंह, संजयकुमार सिंह र दिवाकरकुमार सिंहसमेतले प्रविणकुमारको मृत्यु विक्कीप्रसाद साह कानुसमेतको कुटाइबाट भएको हो। मृतकको कपाल रगतले लत्पत्तिएको, टाउको, आँखा र नाकको डाडीसमेतमा चोट लागेको थियो भनी अदालतमा समेत बकपत्र गरी प्रतिवादीउपरको अभियोग दाबीलाई पुष्टि र समर्थन हुने गरी बकपत्र गरेको देखिँदा उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने देखियो। प्रतिवादीले आफ्ना साक्षी अदालतमा उपस्थित गराई अदालतमा आफू वारदातको अवस्थामा अन्यत्र रहेको भनी लिएको जिकिर पुष्टि र समर्थन गराउन सकेको नदेखिने।

घटनास्थलमा प्रतिवादीले लगाएको पाइन्टमा रगत लागेको भेटिएको, उक्त रगत मृतकको टाउकोमा चोट पर्दा आफ्नो पाइन्टमा लागेको रगत हो भनी मौकामा बयान गर्दै रगत लागेको पाइन्ट आफ्नो हो भनी सनाखत गर्दा स्वीकार गरेको र सो रगतको प्रयोगशालामा परीक्षण हुँदा मानवको रगत हो भन्ने परीक्षण प्रतिवेदन प्राप्त भएबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान घटनास्थलमा फेला परेको दशीको भौतिक परीक्षण प्रतिवेदनबाट समेत समर्थित भएको देखिएबाट अदालतमा भएको इन्कारी बयानका आधारमा मात्र यी प्रतिवादीको वारदातमा संलग्नता रहे भएको थिएन वा छैन भन्न वा निजले आरोपित कसुर अपराध गरेको होइन भनी मान्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादी विक्कीप्रसाद कानुले आफू वारदात हुँदाका बखत क्याम्पसमा थिए, वारदातमा उपस्थित थिइन भनी लिएको Alibi को जिकिरतर्फ विचार गर्नुपर्ने देखियो। प्रतिवादीले मौकाको बयानमा आफूसमेत भई मिति २०६७।१०।२८ मा प्रविणकुमारलाई फलामको पाइपले कुटपिट गरेको र प्रविणकुमारको टाउकाको

रगत आफ्नो पाइन्टमा लागेको हुन सक्छ भनी बयान गरी घटनामा प्रयोग भएको भनिएको फलामको पाइप र रगत लागेको आफ्नो पाइन्टसमेत सनाखत गरिदिएको मिसिलबाट देखिन्छ । यसबाट प्रतिवादी वारदातमा उपस्थित थिएनन् वा निजको घटनामा संलग्नता रहेको थिएन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मिसिल संलग्न तथ्यगत प्रमाणले पुष्टि गरेको नपाइने ।

प्रतिवादी २० वर्षको रहेको, घटनाको अवस्था, प्रकृति र वस्तुस्थितिसमेतलाई मूल्याङ्कन गर्दा यी प्रतिवादीले मृतकको ज्यान मार्नुपर्नेसम्मको पूर्व रिसइवी, इवीलाग लिएको भन्ने देखिँदैन । प्रतिवादीले जोखिमी धारिलो हतियार प्रयोग गरी मृतकको हत्या गरेको पनि देखिँदैन । केटी जिस्क्याएको विवादमा यी प्रतिवादीसमेत भई कुटपिट गर्दा मृतकको मृत्यु भएको अवस्था देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय गर्नु न्यायोचित नै देखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहऱ्याई अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुन व्यक्त गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६९।३।१३ को रायसहितको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१०।२८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७३ साल कात्तिक ४ गते रोज ५ शुभम् ।

इजलास नं. १३

१

मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.आनन्द मोहन भट्टराई, ०६८-CR-१०४९, १०५५, १०९१, कर्तव्य ज्यान, *सुमित्रा कोइराला भण्डारी वि. नेपाल सरकार, सुष्मा कार्की चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. पृथ्वीविक्रम चौधरीसमेत*

प्रतिवादी भरतकुमार राईले दिपकविक्रम भण्डारीलाई पहिले खुकुरी प्रहार गरेको देखिएबाट प्रज्वल भन्ने भरतकुमार राईउपरको अभियोग दाबी प्रमाणित भएकोमा निजले पुनरावेदन अदालत, पाटनको फैसलाउपर यस अदालतमा गरेको पुनरावेदन फिर्ता लिएको देखिँदा निज प्रतिवादीको हकमा केही विवेचना गरिरहन नपर्ने ।

पुनरावेदक सुमित्रा कोइरालाले पतिलाई मार्ने नियत नभएको साथै प्रतिवादीहरूलाई वारदात घटाउन सहयोगसमेत नगरेको भन्ने यस अदालतमा पुनरावेदन गर्दा निजले उल्लेख गरेको पुनरावेदन व्यहोरा विश्वासयोग्य देखिएन । निजले सुरू अदालतले गरेको फैसला सदर हुन माग गरे पनि निजले पतिबाट मुक्ति पाउन सिउँदो पुछ्नसमेत तयार रहेको भनी प्रतिवादी शिखा देवकोटालाई भनेको कुरा निजको अनुसन्धान अधिकारीसमक्षको बयानबाट देखिएकोले यी प्रतिवादी सुमित्रा कोइरालालाई ज्यानसम्बन्धीको महलको १६ नं. मा उल्लिखित मुख्य भई षड्यन्त्र गर्ने व्यक्ति नभई ज्यानसम्बन्धीको महलको १३(४) नं. मा उल्लिखित ज्यान मार्नमा बचन दिने व्यक्ति रहेको देखिन आउने ।

यी प्रतिवादी सुमित्रा कोइराला भण्डारीले आफ्नो श्रीमान्को विरूद्ध आपराधिक क्रियाकलाप गर्ने संस्थामा निवेदन दिएको, पहिचान गर्नलाई सजिलो होस् भनी फोटोसमेत दिएको र अन्य प्रतिवादीहरूले मृतकलाई अपहरण गर्न आउँदा निजले घरको ढोका खोलेको समेतका कार्यले निजले दीपकविक्रमको हत्या गर्न वचन दिएको देखिन्छ । अतः निजलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला निजको हकमा मिलेकै देखिने ।

प्रस्तुत प्रतिवादीहरूको वारदातस्थलमा

उपस्थिति रहेको तर निजहरूले मृतकलाई कुटपिट गरेको हात हाली समातेको मिसिल संलग्न कुनै सबुद प्रमाणबाट नदेखिएकोले प्रतिवादीहरू प्रतीमा कार्की, शिखा देवकोटा, दिनेशराज खरेल, पृथ्वीविक्रम चौधरीलाई ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम पाँच वर्ष कैद सजाय गरेको जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न मिलेन । यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम हुनुपर्छ भन्ने वादी नेपाल सरकारको एवम् सुरू र पुनरावेदन अदालतको फैसला उल्टी गरी सफाइ पाउनुपर्छ भन्ने प्रतिवादी पृथ्वीविक्रम चौधरीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादीहरू सुस्मा कार्की (चौधरी) र खम्बशेर राईको हकमा विचार गर्दा यी प्रतिवादीहरूको वारदातस्थलमा उपस्थिति भई मार्ने वचन दिएको मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि भएको देखिँदैन । यद्यपि यी प्रतिवादीहरू सुमित्रा कोइरालाले पतिबाट मुक्ति पाउँ भनी दिएको निवेदनको कार्यान्वयनमा अन्य प्रतिवादीहरूलाई साथ दिएको, वारदात घटाउन योजना बनाउने तथा निर्णय गर्ने प्रक्रियामा सहभागी भएको तथ्य प्रतिवादी भरतकुमार राई र भिमबहादुर तामाङको बयान व्यहोराबाट देखिन्छ । यसका साथै निजहरू वारदात घटेपश्चात् सोसम्बन्धी कुरालाई लुकाई राखेको देखिएको हुँदासमेत निजहरू निर्दोष छन् भनी मान्न मिलेन । निजहरू वारदातस्थलमा उपस्थित भएको नदेखिएकोले जिल्ला अदालतबाट प्रतिवादीहरू सुस्मा कार्की (चौधरी) र खम्बशेर राईलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम तीन वर्ष कैद सजाय हुने ठहर्‍याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा परिवर्तन गर्नु नपर्ने ।

प्रतिवादीहरू समिल राई, मिलन राई र रश्मी गुरूङ वारदातस्थलमा उपस्थित भएको अथवा निजहरूले दीपकविक्रम भण्डारीको हत्या गर्ने योजना बनाउन वा प्रतिवादी सुमित्रा कोइरालाले दिएको निवेदन कार्यान्वयन गर्ने कार्यमा संलग्न रहेको मिसिल संलग्न कुनै कागज प्रमाणबाट नदेखिएको तथा कुनै सहअभियुक्तले निजहरूलाई पोलसम्म गर्न नसकेको, प्रतिवादी रश्मी गुरूङले सुमित्रा कोइरालाको निवेदन फायर ग्रुपमा पुर्‍याएकोसम्म भने पनि सो व्यहोरा कुनै ठोस प्रमाणबाट पुष्टि हुन नसकेको देखिएकोले निजहरूलाई ज्यानजस्तो गम्भीर अपराधमा केवल शङ्काको भरमा दोषी ठहर गर्न नमिल्ने हुँदा अभियोग दाबीबाट सफाइ दिएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिएकोले त्यसलाई उल्टी गरी अभियोग दाबीअनुसार सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँगसमेत सहमत हुन नसकिने ।

प्रतिवादी सुमित्रा कोइराला भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम १० वर्ष कैद सजाय हुने, प्रतिवादीहरू प्रतिमा कार्की, शिखा देवकोटा, दिनेशराज खरेल र पृथ्वीविक्रम चौधरीलाई ज्यानसम्बन्धीको महलको १७(२) नं.को कसुरमा सोहीबमोजिम जनही ५ वर्ष कैद हुने, प्रतिवादीहरू सुस्मा कार्की चौधरी र खम्बशेर राईलाई ज्यानसम्बन्धीको महलको १७(३) नं.को कसुरमा सोही नं. बमोजिम ३ वर्ष कैद सजाय गरी प्रतिवादी खम्बशेर राईको उमेर १५ वर्ष देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम निजको हकमा १ वर्ष ६ महिना कैद हुने र अन्य प्रतिवादीहरू समिल राई, मिलन राई र रश्मी गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी सुमित्रा कोइराला भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं.को कसुरमा सोही नं. बमोजिम

जन्मकैदको सजाय तथा अन्य प्रतिवादीहरूको हकमा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।०७।०१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ भदौ १५ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६६-CR-०६०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सद्दन शाही*

कसैले कसैको हत्या गरेको भनिएको अवस्थामा हत्या भएको भनिएको व्यक्तिको शव नै हत्याको सबभन्दा ठूलो प्रमाणको रूपमा रहन्छ । शव फेला परेको अवस्थामा शवमा भएको आन्तरिक तथा बाह्य घाउचोटहरूको परीक्षण गरी निजको के कारणले कहिले मृत्यु भएको हो भनी मृत्युको कारण (Cause of death) पत्ता लगाउन सकिन्छ । कर्तव्य ज्यान मुद्दामा कसैलाई दोषी ठहर्‍याई सजाय गर्नुपूर्व कर्तव्य गरी मारिएको भनिएको व्यक्ति मरेको भन्न तथ्य स्थापित हुनु आवश्यक हुन्छ । Corpus Delicti सम्बन्धी सिद्धान्तले पनि मृत भनिएको व्यक्तिको शव फेला नपर्दासम्म कसैलाई दोषी ठहर्‍याउने नहुने (Not to covict until the death body has been found) मान्यता ग्रहण गरेको पाइने ।

कर्तव्य ज्यान जस्तो गम्भिर प्रकृतिको मुद्दामा प्रतिवादीउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन अपितु वादीले उक्त दाबी शंकारहित, निर्विवादित तथ्ययुक्त ठोस सबुद प्रमाणहरूबाट प्रमाणित गर्न सक्नु पर्दछ । वादीले पेस गरेको प्रमाणमा कहीँ कुनै शंका उत्पन्न हुन्छ भने त्यो शंकाको सुविधा अभियुक्तले पाउँछ (Benefit of the doubt goes to the accused) भन्ने र नौ जना अपराधी छुटे छुटोस् तर एक जना निरपराधी व्यक्ति सजायको भागी नहोस् भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । त्यसैले जबसम्म वादीले शंकारहित ठोस सबुद प्रमाणहरूद्वारा अभियुक्त उपरको अभियोग प्रमाणित गर्न सक्दैन तबसम्म केवल शंका तथा अनुमानको आधारमा अभियुक्तलाई दोषी करार गरी सजाय गर्न मिल्दैन ।

प्रस्तुत मुद्दामा प्रतिवादी सद्दन शाहीउपर पर्वलाल शाहीलाई कर्तव्य गरी मारेको भनी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नम्बरको अभियोग माग भए तापनि पर्वलालको हत्या यी प्रतिवादी सद्दन शाहीले समेत गरेको हो भन्ने तथ्य स्थापित हुन सकेको छैन । अभियोग दाबी प्रमाणित हुने ठोस सबुद प्रमाणको अभावमा पर्वलाललाई कुटपिट गरेको साँझको वारदातमा यी प्रतिवादी सद्दन शाही संलग्न रहेको भन्ने कारणले मात्र यी प्रतिवादी सद्दन शाहीलाई दोषी करार गर्न मिल्दैन । हत्या भएको भनिएको व्यक्ति पर्वलाल शाहीको शव नै फेला नपरेको, हत्या हुँदाको वारदात देख्ने प्रत्यक्षदर्शी कोही नभएको, पर्वलालको मृत्यु भएको भन्ने ठोस सबुद प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्तको विपक्षी महलमा यी प्रतिवादी सद्दन शाहीको नाम उल्लेख गरेको कारणले र जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरूले पति / पिता पर्वलाललाई घरबाट लगी हत्या गरेको हो भनी जाहेरवाली मृतककी पत्नि देउलीसरा र छोरी निलसरा शाहीले हचुवारूपले बकपत्र गरी दिएको भन्ने आधारमा मात्र यी प्रतिवादी सद्दन शाहीउपरको अभियोग प्रमाणित भएको भन्ने देखिएन ।

प्रतिवादी सद्दन शाहीउपरको अभियोग वादीले शङ्कारहित ठोस सबुद प्रमाणहरू पेस गरी प्रमाणित गर्न सकेको नदेखिँदा प्रत्यक्षदर्शी जाहेरवाली मृतककी पत्नी देउलीसरा शाही र छोरी निलसरा शाहीले जाहेरीमा उल्लिखित दुर्गाबहादुरसमेतका प्रतिवादीले मृतक पर्वलाललाई कर्तव्य गरी मारेको भनी गरेको बकपत्र र जाहेरीमा यी प्रतिवादी सद्दन शाहीको समेत नाम उल्लेख भएको अवस्थामा प्रत्यक्षीदर्शीको

कथनलाई प्रमाणमा नलिई प्रतिवादी सद्दन शाहीलाई सफाइ दिने ठहर्‍याएको फैसला फरक पर्न सक्ने भनी प्रत्यर्थी झिकाउने आदेश गर्दा लिएको आधारसँग यो इजलास सहमत हुन नसक्ने हुँदा यी प्रतिवादी सद्दन शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नम्बर बमोजिम जन्मकैदको सजाय ठहर हुने गरी सुरू कालिकोट जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०६६।५।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-०२४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुमित्रा विष्टसमेत*

फौजदारी कसुरमा अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु बिलकुल भिन्न कुरा हुन् । अभियोग दाबी लगाउनेले दाबीलाई पुष्टि गर्ने यथेष्ट ठोस एवम् तथ्ययुक्त प्रमाणहरूद्वारा आफ्नो दाबी प्रमाणित गरेकै हुनुपर्दछ । शङ्का, अन्दाज र अनुमानका कुराहरूले ठोस प्रमाणको रूप लिन सक्दैन। अनुमान र अड्कलको आधारमा फौजदारी कसुर स्थापित भयो भनी स्वीकार गरिँदा फौजदारी न्यायको आधारभूत मर्म र भावना समाप्त हुनजान्छ। जस्तोसुकै परिस्थितिमा पनि शङ्काको सुविधा अभियुक्तले पाउनु पर्दछ भन्ने फौजदारी न्यायका स्थापित मान्यतालाई हाम्रो फौजदारी विधिशास्त्रले स्वीकारी अङ्गीकार गरी आएकोले केवल शङ्का र अनुमानको आधारमा यी प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याउन मिल्ने देखिन नआउने।

तसर्थ प्रतिवादी सुमित्रा विष्टलाई आरोपित कसुरबाट सफाई दिने गरी सुरू गुल्मी जिल्ला अदालतबाट भएको फैसला सदर हुने र प्रतिवादी टीकाबहादुर विष्टलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नम्बरबमोजिम सजाय हुने ठहर्‍याएको सुरू गुल्मी जिल्ला अदालतको फैसला उल्टी गरी निज प्रतिवादी टिकाबहादुर विष्टलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलले गरेको फैसला मिलेकै देखिँदा प्रत्यर्थीहरू झिकाइरहनु पर्ने देखिएन । पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।११।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्।

इजलास नं. १४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६९-CI-०३८४, निर्णय दर्ता बदर दर्ता कायम, *मालपोत कार्यालय, चैनपुर, संखुवासभा वि. झकबहादुर लिम्बू*

पुनरावेदन अदालतबाट फैसला हुनुपूर्व रिट क्षेत्राधिकारअन्तर्गत निवेदन दायर भई पुनरावेदन अदालत, धनकुटाबाट प्रस्तुत मुद्दामा बदर माग गरेको मालपोत कार्यालयको मिति २०६७।१२।९ को निर्णय बदर हुने गरी भएको आदेश अन्तिम भएर रहेको छ । अदालतबाट भएका फैसला वा अन्तिम आदेश मुद्दाका पक्षलगायत सबैलाई बन्धनकारी हुन्छ । पुनरावेदन अदालतको फैसलाले निर्देश गरेबमोजिम निर्णय गर्नु यी पुनरावेदकको कानूनी दायित्व हो। यसरी मालपोत कार्यालयको निर्णय बदर भई शून्य भइसकेको अवस्थामा सोही निर्णय कायम हुनुपर्छ भनी लिएको पुनरावेदन जिकिर कानूनसङ्गत देखिएन। विवादित जग्गाको सम्बन्धमा जग्गाधनीहरूको हकभोगको प्रमाण बुझी निजहरूको नामको दर्ता बदर

हुने वा नहुने भन्ने न्यायिक विवेचना गरी निष्कर्षमा पुग्ने अवस्था बाँकी नै रहेको देखिन्छ । यसरी एउटै विवादको विषयमा आवश्यक जो बुझ्नुपर्ने बुझी निर्णय गर्नु भनी आदेश भइसकेको र त्यसैलाई आधार मानी प्रस्तुत मुद्दामा पनि एकैसाथ निर्णय गर्नु भनी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गरिरहनु पर्ने नदेखिने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट विवादित कि.नं.१७२ को जग्गाधनी प्रमाणपुर्जा बदर गर्ने गरी भएको मालपोत कार्यालय, चैनपुरको मिति २०६७।१२।९ को निर्णय बदर भइसकेको, सम्बन्धित जग्गाधनीको हक भोगको प्रमाण बुझी विवादित जग्गा निजी वा सार्वजनिक के हो भनी निष्कर्षमा पुग्ने अवस्था बाँकी रहेकै अवस्थामा जे जो बुझ्नुपर्ने बुझी कानूनबमोजिम एकैसाथ ठहर निर्णय गर्नु भनी सुरू मालपोत कार्यालय, चैनपुरमा पठाउने गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।२।३१ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७३ साल पुस ४ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०३८६, निर्णय दर्ता बदर दर्ता कायम, *मालपोत कार्यालय, चैनपुर, संखुवासभा वि. सन्तकुमार लिम्बूसमेत*
- ०६९-CI-०३८५, निर्णय दर्ता बदर दर्ता कायम, *मालपोत कार्यालय, चैनपुर, संखुवासभा वि. पुनेप्रसाद लिम्बू*

इजलास नं. १५

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६५-CI-००१३, ०६६-CI-००४१, मोही लगत कायम, *सत्यदेवी विष्टसमेत वि. राधिकादेवी सापकोटा, मुन्ना किरण वि. राधिकादेवी सापकोटा*

विवादित कित्ता जग्गाका जग्गाधनी बुद्धिनाथ सापकोटा प्रत्यर्थी वादी राधीकादेवी सापकोटाकी नातामा जेठाजु भए पनि निजहरू अघि नै छुट्टि भिन्न भई एकासगोलमा नरहेको भन्न अंश मुद्दाको फैसलाले स्पष्ट पारिसकेको छ । जेठाजु र बुहारी एकासगोलमा रहेभएको भन्ने तथ्य नै अदालतको फैसलाबाट समर्थित हुन नआई अंशबन्डा भई अलगअलग भइसकेको भन्ने प्रमाणित भइसकेको हुँदा पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीले एकासगोलका जेठाजु र बुहारीको बीचमा जग्गाधनी र मोही रहन नसक्ने भन्ने जिकिरसँग सहमति हुन नसकिने ।

जग्गाधनीले विवादित कित्ता जग्गाहरू लिखत गरी हकहस्तान्तरण गर्दा मोही हकलाई असर पर्ने गरी उल्लेख गरेको घडेरीका लागि भन्ने व्यहोरा बदर गरी माग्न यिनै राधीकादेवीले नालिस गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५१।०२।३१ मा फैसला हुँदा "२०४७।८।१४ को लिखतमा उल्लेख भएको घडेरीको लागि भन्ने शब्दसम्मले पुनरावेदिका वादी मोहीको हकहितमा असर पार्न जाने देखिँदा घडेरीका लागि भन्ने शब्दसम्म बदर हुने ठहर्छ" भनी फैसला भएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । यसरी *घडेरीका लागि* भन्ने शब्द अदालतको फैसलाबाट बदर भइरहेको छ । त्यसैगरी विवादित कित्ता जग्गामा मोहीको हैसियतबाट राधीकादेवीले बाली लगाएको र त्यस्तो लगाएको बाली लुटपिट गरेको ठहरी सर्वोच्च अदालतसमेतबाट भएको फैसला अन्तिम भइरहेको छ । अतः अदालतहरूबाट भएका फैसलाहरूबाट विवादित कित्ता जग्गाको मोही राधीकादेवी नै रहेको भन्ने देखिने ।

अत: उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रत्यर्थी राधीका देवीलाई

विवादित जग्गाहरूको मोहीको लगत कट्टा हुने ठहर गरेको सुरू भूमिसुधार कार्यालयको मिति २०६२।९।४ को फैसला बदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।१०।२१ को फैसला कानूनसम्मत नै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६८-CI-०६७६, लागु औषध खैरो हेरोइन, *विनोद शाह कलवार वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी विनोद साहले मिति २०६५।४।२४ मा मोबाइल हराएको भनी इलाका प्रहरी, मनहरीमा जानकारी गरेको भनी वारदात घटना भएको करिब ८ महिनापछि सो जानकारीपत्र पेस हुन आएको रहेछ। वारदात भएको मौकामा नै सो तथ्य पेस हुन सकेको छैन। मोबाइल हराएको भए पनि निजको नाउँमा दर्ता रहेको सो नम्बरको सिमकार्ड निजले सहजै अर्को प्राप्त गर्नसक्ने नै हुन्छ। सहअभियुक्तले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष लागु औषध बिक्री गर्ने भनी प्रतिवादीको नाम र निजसँग नै हुने मोबाइल नम्बरसमेत उल्लेख गरेको हुँदा सो पोल गरेको व्यक्ति यिनै प्रतिवादी विनोद साह हुन् भन्ने तथ्यमा विवाद नदेखिने।

सहप्रतिवादीले आफूबाट बरामद भएको ७५ ग्राम हेरोइन वीरगञ्जतिर बस्ने विनोद भनी निजको सम्पर्क मोबाइल नम्बरसमेत उल्लेख गरी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको पोल बयान वस्तुगत तथ्य प्रमाणहरूबाट समर्थित हुन आएको छ । भारत रक्सौलबाट खरिद गरी ल्याई काठमाडौंमा प्रतिवादी कान्छामान वाइवालाई बिक्री गर्ने र निज प्रतिवादी कान्छामान वाइवाले नाफा लिई दुर्व्यसनी आइरहने इलाका थानकोट त्रिभुवन पार्कस्थलमा गई बिक्री गर्ने जस्ता कार्यहरूबाट लागु औषधको कारोबार गर्दा एक देखि बढी व्यक्तिहरू संलग्न रही संगठितरूपमा हुने गरेको भन्ने देखिन आउने।

पुनरावेदक प्रतिवादी विनोद साहबाट लागु औषध खैरो हेरोइन बरामद नभए पनि सहप्रतिवादी कान्छामान वाइवाको सँगसाथबाट बरामद भएको ७५ ग्राम लागु औषध खैरो हेरोइन यिनै प्रतिवादी विनोद साहबाट निजले खरिद गरेको पुष्टि हुन आयो। लेखपढ गर्न नजान्ने ६० वर्षका प्रतिवादी कान्छा वाइवा स्वयम् भारत रक्सौल गई खैरो हेरोइन खरिद गरी ल्याउन सक्ने पनि देखिन आउँदैन। अतः पुनरावेदक प्रतिवादी विनोद साहको इन्कारी बयान उक्त विवेचित आधार र प्रमाणहरूबाट सत्य साँचो देखिन नआउने।

अतः बरामद भएको ७५ ग्राम खैरो हेरोइन यिनै प्रतिवादी विनोद साहबाट प्रतिवादी कान्छामान वाइवाले प्राप्त गरेको भन्ने प्रमाणहरूबाट देखिन आएकोले पुनरावेदक प्रतिवादी विनोद साहलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १२ वर्ष कैद र रू.१,४५,०००।- जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६८-CI-१०४९, निषेधाज्ञा, *रामप्रसाद महासेठसमेत वि. राकेशकुमार साह*

निवेदक र विपक्षका बीचमा कुनै कागज वा सम्झौता भएको भए, त्यसको निकास कानूनी प्रक्रियाबाट नै खोज्नु पर्ने हुन्छ । कसैको नाउँमा कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेको निजी स्वामित्वका उद्योगमा गैरकानूनीरूपमा प्रवेश गर्ने उक्त उद्योगको उत्पादन बिक्री वितरणमा असर पुर्‍याउने

अधिकार कसैलाई पनि हुन सक्दैन । संविधान तथा नागरिक अधिकार ऐनले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने व्यवसायिक लाभ प्राप्त गर्ने हकको सुनिश्चित गरेको पाइन्छ । नागरिक ऐन २०१२ को दफा ६ को उपदफा (६) मा प्रचलित नेपाल कानूनको अधीनमा रही सबै नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने हकको सुनिश्चितता गरेको पाइन्छ । यस्तो स्थितिमा विधिवत्‌रूपमा स्थापना भई कानूनअनुरूप सञ्चालन भइरहेको निवेदकको निजी स्वामित्वको इँटा उद्योगमा कसैलाई पनि जबरजस्ती गर्ने, धरपकड गर्ने, उद्योगको उत्पादित इँटा बिक्री वितरणमा अवरोध पुर्‍याउने हक हुन नसक्ने ।

तसर्थ, पुनरावेदन अदालत, जनकपुरबाट निवेदकको नामको इँटा उद्योगको सञ्चालन र इँटा बिक्री वितरणमा जबरजस्ती धरपकड अनधिकृत हस्तक्षेप एवम् बाधा व्यवधान नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहरी मिति २०६८।९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

इजलास नं. १६

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६८-WO-००३१, ०२६३, ०४६९, उत्प्रेषण, *हरिमान श्रेष्ठसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत, अर्जुन पुतवार वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत, निलाम्बर खत्रीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

प्रचलित नेपाल कानूनले कुनै व्यक्तिको अपुताली परेको छ, छैन् ? निजको हक खाने सन्तान (हकवाला) छन् वा छैनन् ? कसको अपुताली कसले पाउने हो ? भन्ने विषयमा निर्णय गर्न पाउने अधिकार विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको देखिँदैन । अपुतालीसम्बन्धी प्रश्नहरूको निरूपण अवस्थाअनुसार अदालतबाट र केही प्रसङ्गमा भूमिसम्बन्धी प्रशासन हेर्ने मालपोत कार्यालय तथा भूमिसुधार कार्यालयबाट गरिने कानूनी व्यवस्था रहेको पाइन्छ । यस अवस्थामा विपक्षी आयोगले आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको विषयमा प्रवेश गरी अपुताली हकको निरूपण गर्नु खोज्नु विल्कुलै उचित कार्य होइन । राज्यका प्रत्येक अङ्ग र निकायहरूले आ-आफ्नो क्षेत्राधिकारभित्र सिमित रहेर कानूनबमोजिम कार्य सम्पादन गर्नुपर्दछ । क्षेत्राधिकार नाघेर भए गरिएका काम कारवाहीले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । यस दृष्टिबाट हेर्दा विपक्षी आयोगको मिति २०६८।३।५ को निर्णय एवम् सोअनुसार भए गरिएका काम कारवाहीहरूलाई कानूनअनुकूल मान्न नमिल्ने ।

कसैको हकहितमा असर पर्ने गरी कुनै निर्णय गर्नुपूर्व सम्बन्धित असर पर्ने व्यक्तिलाई सुनुवाइको अवसर प्रदान गर्नु आवश्यक हुन्छ । यो एक स्थापित न्यायिक मान्यता हो । यस मान्यताप्रतिकूलका निर्णयले मान्यता नपाउने, बदर हुने भनी अदालतबाट पटकपटक व्याख्या, विवेचना र सिद्धान्त प्रतिपादन भएका छन् । यस दृष्टिबाट हेर्दासमेत विपक्षी आयोगको विवादित निर्णय र काम कारवाही न्यायिक मान्यता, न्यायका आधारभूत सिद्धान्तअनुकूल देखिन नआउने ।

जग्गा दर्ता गर्ने कुरामा उचित निर्णय गर्न पाउने अधिकार तथा दायित्व मालपोत ऐन, २०३४ समेतका कानूनले सम्बन्धित मालपोत कार्यालयलाई

तोकेको पाइन्छ। कानूनद्वारा अख्तियारप्राप्त निकायले तथ्य र प्रमाणको आधारमा स्वतन्त्र विवेकको प्रयोग गरी मूल्याङ्कन गर्ने र निर्णय गर्ने अधिकारको प्रयोग गर्न नपाउँदै विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय गरिनु उचित र कानूनअनुकूल नदेखिने।

विवादित जग्गाहरू श्री हलचोक भैरव (आकाश भैरव) को गुठीको इन्द्रजात्रा चलाउनको लागि राखिएको गुठी जग्गा हो वा रैकर जग्गा हो भनी गुठी संस्थानमा कारवाही चलिरहेको अवस्थामा सो कारवाहीलाई असर पर्ने गरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको विषयमा प्रवेश गरी भएको विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।३।५ को निर्णय, मिति २०६८।३।७ को च.न. २०९८ को पत्र र सोबमोजिम भएका काम कारवाहीसमेत त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशले बदर हुने।

जुनसुकै प्रकारका जग्गाको दर्ता स्रेस्ता दुरूस्त, अद्यावधिक र व्यवस्थितरूपमा राखिनु पर्दछ। जग्गाको दर्ता, हक स्वामित्व र भोगको विषय अवस्थानुसार व्यक्तिको हक, सार्वजनिक हकहित वा सरोकार र संस्थागत हकहितको विषयको रूपमा रहेको हुन्छ। जग्गा दर्ता गर्ने कुरा स्वामित्व निर्धारण विषय भएकोले यस कार्यलाई लामो समयसम्म अनिर्णित, अनिश्चित र संशययुक्त अवस्थामा रहन दिनु शोभनीय नहुने।

अनिश्चयको अनुचित लाभ लिएर सरकारी वा सार्वजनिक जग्गालाई निजी कायम गर्ने दूषित प्रवृत्तिहरू समेत देखा पर्ने गरेका छन। मालपोत ऐन, २०३४ को दफा २४ ले सार्वजनिक जग्गा व्यक्तिका नाउँमा दर्ता भएको भए पनि त्यस्तो दर्ता बदर हुने प्रावधान व्यवस्थित गरेको छ। उक्त कानूनी प्रावधानको कार्यान्वयनमा वाञ्छित प्रभावकारिता अभिवृद्धि गर्ने चुनौती पनि सम्भवतः कायम नै छ। जग्गा दर्तासम्बन्धी विषय अधिकारको कुरा मात्र नभएर जवाफदेहिताको विषय पनि हो। यस पक्षमा पनि नेपाल सरकारअन्तर्गतका जग्गा प्रशासन गर्ने सम्बद्ध सबै निकायहरूको गम्भीर ध्यानाकर्षण हुन वाञ्छनीय देखिन्छ। उल्लिखित प्रसङ्गतर्फ समुचित दृष्टि दिई विवादित जग्गाहरू गुठी वा रैकर के हो ? सो जग्गा निजी वा सार्वजनिक वा सरकारी के कस्तो प्रकारको जग्गा हो ? गुठी संस्थानसँग उचित र आवश्यक समन्वय कायम गरी गुठी संस्थानसमेतको प्रतिक्रिया लिई, जग्गा दर्ता गर्ने सम्बन्धमा अरू जे जो बुझ्नु पर्ने प्रमाण बुझी तथ्य निरूपण गरी अख्तियारप्राप्त मालपोत अधिकृतले कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीमध्येको मालपोत कार्यालय, कलंकीसमेतका विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: कोशलेश्वर झवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ३० गते रोज१ शुभम्।

इजलास नं. १७

१

मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६८-WO-१०४५, उत्प्रेषण / परमादेश, *दिनेशकुमार महतो वि. सीता खत्रीसमेत*

एकपटक तहसिलदारबाट भएको पञ्चकिर्ते मूल्याङ्कन निर्णय बदर भई दोस्रोपटक मालपोत कार्यालय र नगरपालिकाको प्रतिनिधिसमेतको रोहवरमा राखी मिति २०६८।९।१४ मा पञ्चकिर्ते मूल्याङ्कन निर्णय गरेको देखियो। उक्त पञ्चकिर्ते मूल्याङ्कनमा मालपोत कार्यालय, भक्तपुरको रजिस्ट्रेसन प्रयोजनको लागि प्रति रोपनी रू.३९,५०,०००।- कायम भएको देखिँदा उल्लिखित जग्गा अरनिको राजमार्गबाट एक कित्ताभित्र रहेको मालपोत कार्यालय, भक्तपुरको मिति २०६८।७।२९ को च.नं. २१५२ को पत्रसाथ रहेको

मध्यपुर ठिमी न.पा. वडा नं. १६ को वडा कार्यालयको मिति २०६८।७।२९ को च.नं. १२५ को पत्रबाट समेत उल्लिखित दाबीको जग्गाहरूमा घर नभएको र कच्ची मोटरबाटो भएको भन्ने उल्लेख भई आएको अवस्था तथा मिति २०६८।६।९ मा भई आएको स्थानीय तायदात मूल्याङ्कनसमेतलाई मध्यनजर गरी हेर्दा उक्त कित्ता जग्गाहरू प्रतिआना एकको रू.१६,०००००।- (सोह्र लाख) मूल्य कायम गर्ने निर्णय गरियो भन्ने उल्लेख भएको देखियो । पञ्चकिर्ते मूल्याङ्कन गर्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) मा उल्लिखित आधारहरूमध्ये देहाय (घ) (ङ)(ज) समेतका कुराहरूलाई आधार लिइएको र विवेकसमेतको प्रयोग गरी मूल्याङ्कन भएको देखियो । त्यसैले सो मूल्याङ्कनलाई आधारहीन वा कानूनको त्रुटि गरी भएको मान्न नमिल्ने ।

साधारण अधिकारक्षेत्रअन्तर्गत सम्बन्धित अदालतले तथ्यको मूल्याङ्कन गरी निर्णय निष्कर्षमा पुगेको विषयमा कानूनको प्रत्यक्ष त्रुटि वा अधिकारको बद्नियतपूर्वक गलत नियतले प्रयोग गरेको भन्ने स्पष्टरूपमा नदेखिएसम्म रिटक्षेत्रबाट हस्तक्षेप गर्ने कुरा उचित हुँदैन । यहाँ जुन मूल्याङ्कनलाई यी निवेदकले चुनौती दिएका छन्, सो मूल्याङ्कन निजका वारेस र साध सिमानाका मानिससमेतको रोहबरमा भएको छ । एकपटक भएको पञ्चकिर्ते मूल्याङ्कन उजुरी परेपछि बदर भई पुनः दोस्रो पटक मूल्याङ्कन भएको छ र यही मूल्याङ्कनको आधारमा अदालतको निर्णय निष्कर्षमा पुगेको देखिन्छ । पक्षहरूबाट परेका उजुरीहरूमा तहतह हेरी पुनरावेदन अदालतको तहसम्मबाट निर्णय निष्कर्षमा पुगिसकेको विषय भई सो निर्णयहरूमा कानूनको त्रुटि नदेखिँदा एकपटक निरूपण भइसकेको विषयमा गम्भीर कानूनी त्रुटिको अभावमा असाधारणक्षेत्र आकर्षित हुनसक्ने नभएबाट रिट जारी हुने अवस्था देखिएन । अतः पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।८ मा भएको आदेशमा कानूनको कुनै त्रुटि नदेखिँदा यस अदालतबाट मिति २०७३।२।१७ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय गरी प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

२

मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७१-WO-०४३२, उत्प्रेषण / परमादेश, *लक्ष्मण भण्डारी वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

एउटै विषयको आरोपमा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट निर्णय भई रिट निवेदक उपरको २(दुई) वर्ष पदोन्नति रोक्का गर्ने गरेको निर्णण अन्तिम भएको देखिँदा सोही घटनाका सम्बन्धमा गृह मन्त्रालयबाट जाँचबुझ आयोग गठन भई सो आयोगले दिएको प्रतिवेदनका आधारमा पटकपटक एकै मितिको एकै घटनाको विषय वस्तुउपर कारवाही गर्न मिल्ने हुँदैन । एउटै कसुरमा पटकपटक विभागीय कारवाही गरिनु दोहोरो खतरामा राख्नु हुन्छ । यद्यपि विभागीय सजाय अदालती कारवाही होइनन् । तर एउटै व्यक्तिलाई दुईपटक कारवाही गर्नु विवेकपूर्ण र न्यायोचित हुँदैन । यसो गर्नु विधिको शासनको समेत प्रतिकूल हुनजाने हुँदा स्वीकारयोग्य नदेखिने ।

अतः माथि विवेचित आधार कारणबाट एक पटक २ वर्ष पदोन्नति रोक्का गर्ने मिति २०६९।२।१० मा निर्णय गरी सो निर्णय अन्तिम भइरहेकोमा पुनः सोही घटनालाई लिएर निवेदकलाई प्रहरी सहायक निरीक्षकको सुरू स्केलमा घटुवा गर्ने गरी प्रहरी प्रधान कार्यालयबाट मिति २०६९।१०।७ मा भएको निर्णयलाई सदर हुने ठहर्‍याई प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयबाट मिति २०७१।५।२५ मा भएको निर्णय र भए गरिएका पत्राचार

र काम कारवाही उत्प्रेषणको आदेशले बदर हुने।
इजलास अधिकृत: जगतबहादुर पौडेल
इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

इजलास नं. १८

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-WO-०४७९, उत्प्रेषण, *सुनिल भट्टराई वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, रामशाहपथ, काठमाडौंसमेत*

आफैँले निवेदन दिई ऋण असुलीसम्बन्धी मुद्दा तामेलीमा राख्न लगाएपश्चात् पनि तत्काल रोक्का फुकुवा नगरी यस अदालतमा परेको प्रस्तुत रिट निवेदनलाई बैंकले कुरेर बस्नुको कुनै अर्थ र औचित्य थिएन। जुन विषयमा मुद्दा परी अन्तिम निर्णय भई सोको कार्यान्वयनका लागी परेको मुद्दा तामेलीमा रही निरूपण भइसकेको अवस्थामा त्यस्तो मुद्दा तामेली हुनु अगावै यस अदालतमा रिट निवेदन परेको आधारमा रिट निवेदकलाई अनाहकमा मर्का पर्ने र सम्पत्तिसम्बन्धी हक कुठाराघात हुने गरी सम्पत्तिको भोगसम्बन्धी अधिकार रोक्का राख्न कार्यलाई निरन्तरता दिनुलाई न्यायोचित भन्न नमिल्ने।

ऋण असुली न्यायाधिकरणको आदेशबाट निवेदकको दायित्व नरहेको भनी भएको निर्णय अन्तिम भई बसेको र सम्बन्धित ऋणीले बैंकलाई स्वीकार योग्य रकम चुक्ता गरी ऋण नै फरफारक भई मिति २०७३।१।२ मै ऋण असुलीसम्बन्धी मुद्दा तामेलीमा राखी सकेको अवस्थामा निवेदकको रोक्का रहेको सम्पत्ति बैंक आफैँले पहल गरी जिम्मेवारी पूर्वक अविलम्ब फुकुवा गर्नुपर्नेमा यस अदालतमा सोही रोक्का विरूद्ध पहिले नै परेको निवेदनलाई कुरेर बस्नुलाई सामान्य व्यवसायीक आचरण र व्यवहार पनि मान्न सकिँदैन। अदालतमा मुद्दा गरेको प्रतिकृया स्वरूप व्यक्तिको सम्पत्ति रोक्कालाई औचित्य विहिनरूपमा निरन्तरता दिने जस्तो कार्यमा बैंकको व्यवस्थापन सचेत हुन आवश्यक हुने।

रिट निवेदकको उक्त कि.नं. १३९ को जग्गा रोक्का राख्ने गरी भएको कामकारवाही बैंक सञ्चालक समितिको उल्लिखित मिति २०७२।११।२ को निर्णय र ऋण असुली न्यायाधिकरणको मिति २०७३।१।२ को मुद्दा तामेली राख्ने आदेशबाट समेत निष्प्रयोजित र निष्प्रभावी भइसकेकोले सो आदेश बदर गरिरहनु परेन। निवेदकको उक्त जग्गा हालसम्म रोक्का रहेको देखिँदा निवेदकको उक्त जग्गा तत्काले रोक्का फुकुवा गरिदिनु भनी परमादेशसम्म जारी गरिदिए पुग्ने भएकोले विपक्षी राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलगायतका सम्बन्धित बैंकका विराटनगर तथा बानेश्वर शाखा कार्यालय र मालपोत कार्यालय, डिल्ली बजारसमेतका नाउँमा परमादेश जारी हुने।
इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल पुस १ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CI-०६८२, अंश, *सक्टुराम धोबी वि. बाबादिन धोबी*

वादीको दाबीअनुसार उनको हजुरबुबा गौरी धोबी हुन्। तर मिसिलसाथ स्वतन्त्र प्रमाणको रूपमा पेस गरिएको मिति २०५१।३।१३मा र.नं. ६९०४ बाट जग्गा पारित गरी लिएको लिखतमा यिनै वादीले आफ्नो बाजेको नाम महङ्गी धोबी भनी उल्लेख गरेको देखिन्छ। यसरी वादीले फिरादमा आफ्नो हजुरबुबा गौरी धोबी हो भनी गरेको दाबी सो स्वतन्त्र प्रमाणबाट नै खण्डित हुन पुगेको देखिने।

अदालतमा आफ्नो अंशहक माग गर्न आउने व्यक्तिले आफ्नो माग दाबीसम्बन्धमा प्रस्ट आधार स्थापित गर्न सक्नुपर्छ। कानूनबमोजिम

अंशियारहरूबीच मात्र अंश भाग लाग्ने भएकोले के कुन नाताबीच के कस्तो सम्पत्ति कसरी अंशबन्डा हुने हो भन्ने विषयले यस्तो मुद्दामा महत्त्वपूर्ण राख्दछ । अंश माग गर्नेले सर्वप्रथम कुन पुस्तावारीमा अंशबन्डा हुनुपर्ने हो भन्नेबारे अदालतलाई सत्यतथ्य जानकारी गराउनु दाबीकर्ताको प्रथम कर्तव्य हुन आउने।

वादीले पेस गरेको पुस्तावारीको विवरण नै एकआपसमा विवादास्पद र अस्पष्ट रहेको देखिन्छ। फिरादमा उल्लेख भएको पुस्तावारीमा वादी प्रतिवादीहरू मुल पुर्खा गौरी धोबीको नाती नाताहरू पर्ने भनिएको छ भने सुरू फैसलामा काका भतिजा भनिएकोबाटै वादीको भनाइ मिलेको देखिँदैन। आफू र प्रतिवादी एकासगोलको अंशियार भएको दाबी गर्दै अंश माग गरेका यी पुनरावेदक वादीले सो सम्बन्धमा स्पष्ट पुस्तावारी पेस गर्न सकेको अवस्था रहेन। पुस्तावरी नै प्रमाणित गर्न नसकेको यस अवस्थामा यी पुनरावेदक वादी र प्रतिवादी एकासगोलका अंशियार रहेको भन्ने वादी दाबीसँग यो इजलास सहमत हुन नसक्ने।

अतः माथि विवेचित आधारमा नाता नै स्पष्ट नभएको अवस्थामा वादीलाई प्रतिवादी पुनरावेदकबाट अंश दिलाउने गरी भएको मिति २०६९।११।४ को बाँके जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७०।१०।२१ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

एकल इजलास

मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-WH-००१७, बन्दीप्रत्यक्षीकरण, *दीपेस गमाल वि. महानगरीय प्रहरी वृत्त, तीनकुने, बानेश्वर, काठमाडौंसमेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको ४५ नं. को कानूनी व्यवस्थाअनुसार दशैंको सार्वजनिक बिदा भई म्याद थप गर्ने अदालत बन्द भएको अवस्थामा लागु औषध चरेशजस्तो फौजदारी कसुरमा संलग्न रहेको भनिएको व्यक्तिलाई अनुसन्धानको लागि आधार र कारण खोली अनुसन्धान तहकिकात गर्ने साधिकार निकायले कानूनको रीत पुर्‍याई पक्राउ पुर्जी र थुनुवापुर्जी दिई अपराध दर्ता किताबमा लागु औषध मुद्दा दर्ता गरी अनुसन्धान प्रारम्भ गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने।

सरकारवादी फौजदारी कसुरमा पक्राउ परेको व्यक्तिलाई अदालत खुलेको पहिलो दिन मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउँदा त्यस्तो पक्राउ तथ्यपरक भए नभएको थुनुवा पुर्जी रितपूर्वक दिए नदिएको मुद्दा चलाउन पर्ने कारण र आधार खुले नखुलेको सम्बन्धमा विचार हुने नै हुँदा फौजदारी कसुरमा पक्राउ गरी निवेदकलाई थुनुवा पुर्जीसमेत दिई अनुसन्धान तहकिकातको लागि मुद्दा दर्ता गरी हिरासतमा राखेको अवस्थामा चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराएको भन्ने आधारले मात्र त्यस्तो फौजदारी कसुरको अनुसन्धान र तहकिकातलाई प्रभावित हुने गरी निवेदकको हकमा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ असोज २१ गते रोज ६ शुभम्।